काठमाडौं, नेपालगन्ज, विराटनगर, पोखरा र बुटवलबाट एकसाथ प्रकाशित

# नागरिक

दैनिक

**आर्थिक**

अन्नपूर्ण क्षेत्रको पदयात्रामा युरोपेली र अमेरिकी घट्दै, भारतीय र बंगलादेशी बढ्दै

**समाचार**

लुम्बिनी प्रदेशमा पहिला विश्वासको मत अनि सरकार विस्तार




**अनुशासन र धैर्यले दिलाएको सफलता**

इटालियन क्लब एसी मिलानका ब्राजिलियन स्टार काकाका लागि सिटीले १०८ मिलियन पाउन्डको प्रस्ताव राख्यो ।

वर्ष १८, अंक ८७, पृष्ठ ८, सोमबार, १८ साउन २०८३, श्रावण कृष्णपक्ष पञ्चमी, Monday, 3 August 2026, नेपाल संवत् ११४६, मूल्य- १०/- nagariknews.com

# हिन्दु-मुस्लिम नमुना जोडी

फरक धर्मका उनीहरूले प्रेम, संवाद, धैर्य र विश्वासलाई रोजे। उनीहरूको दाम्पत्य जीवन सफल अन्तरधार्मिक विवाहको उदाहरण मात्र होइन, सामाजिक सद्भाव र धार्मिक सहिष्णुताको प्रेरणादायी कथा बनेको छ।

**गणेश विशु**

*बाँके, साउन १७*

तीन वर्ष एकअर्काको धर्मलाई बुझ्दै, परिवारको विश्वास जित्दै र समाजको सम्मान गर्दै अघि बढेको प्रेम अन्ततः विवाहमा परिणत भयो। हिन्दु परिवारकी पदमा श्रेष्ठ (सना) र मुस्लिम समुदायका रिजाउल मुस्तफा मन्जरी (रिजा) ले भागेर होइन, परिवारको सहमति, आशीर्वाद र आफन्त तथा समाजका अगुवाको उपस्थितिमा २०६९ फागुन २१ गते वैवाहिक जीवन सुरु गरे। फरक धर्मका कारण प्रेम सम्बन्ध लुकाउने वा परिवारसँग विद्रोह गर्ने बाटो रोज्नुको सट्टा उनीहरूले संवाद, धैर्य र विश्वासलाई रोजे। आज उनीहरूको दाम्पत्य जीवन सफल अन्तरधार्मिक विवाहको उदाहरण मात्र होइन, सामाजिक सद्भाव र धार्मिक सहिष्णुताको प्रेरणादायी कथा बनेको छ।

नेपालगन्ज उपमहानगरपालिका-११ इदगाह रोडमा बसोबास गर्ने रिजाउल र पदमाको भेट एक साझा साथीमार्फत भएको थियो। संयोगवश पहिलो भेटमै उनीहरूको कुराकानी धर्मको विषयमा केन्द्रित भयो। सुरुमा आफूहरू एकअर्काको धर्मप्रति सहज नभएको उनीहरू स्वीकार गर्छन्। फरक संस्कार, फरक परम्परा र समाजले बनाएका पूर्वधारणाका कारण उनीहरूलाई एकअर्कालाई बुझ्न समय लाग्यो। सिकाइ र बुझाइको यात्रामा तीन वर्ष बित्यो। उनीहरूले एकअर्काका धर्मबारे पढे, छलफल गरे र त्यसको मूल मर्म बुझ्ने प्रयास गरे। रिजाउलका अनुसार यही अवधिमा उनीहरूले महसुस गरे कि धर्मका नाम, भाषा र ग्रन्थ फरक भए पनि तिनले दिने सन्देश एउटै छ। कुरान र गीताका शिक्षामा मानवता, सत्य, प्रेम र सदाचारको भावमा समानता भेटिएपछि उनीहरूले आफ्नो सम्बन्धलाई प्रेमका रूपमा स्विकारे।

प्रेमलाई विवाहमा परिणत गर्ने निर्णय गर्दा उनीहरूलाई सबैभन्दा ठुलो चिन्ता परिवारको प्रतिक्रिया कस्तो आउला भन्ने थियो।

*बाँकी पृष्ठ २*



हिन्दु परिवारकी पदमा श्रेष्ठ (सना) र मुस्लिम समुदायका रिजाउल मुस्तफा मन्जरी (रिजा)। *तस्बिर : गणेश/नागरिक*

## कप्तानगन्जमा अझै अविश्वास

**अमर खड्का**

*इटहरी, साउन १७*

सुनसरीको देवानगन्ज गाउँपालिका-३ स्थित कप्तानगन्जमा एक साताअघि दुई समूहबिच भएको हिंसात्मक घटनापछि बढेको तनाव एक सातासम्म कायम रह्यो। कप्तानगन्जबाट सुरु भएको हिंसात्मक प्रदर्शन र तनाव सुनसरी हुँदै कोसीका र मधेस प्रदेशका विभिन्न जिल्लामा समेत फैलियो। प्रदर्शनका कारण प्रभावित अन्य स्थानको जनजीवन पूर्ववत् लयमा फर्किए पनि सुरुआत बिन्दु कप्तानगन्ज बजार क्षेत्र अझै सामान्य बन्न सकेको छैन।

कप्तानगन्जमा त्रास र अविश्वासको अवस्था कायमै छ। बजार क्षेत्रमा मुस्लिम समुदायका मानिसको नियमित आवतजावत हुन सकेको छैन। दुई समुदायबिचको अविश्वास र सुरक्षा चिन्ताका कारण बजार क्षेत्रको गतिविधि अझै लयमा आइनसकेको स्थानीय बताउँछन्। 'हामी मुस्लिम समुदाय अहिले पनि घरबाट बाहिर निस्किएर बजार जान सक्ने अवस्थामा छैनौं', स्थानीय खुर्सिद मियाँले भने, 'घरमा दैनिक उपभोग्य वस्तु छैन तर बजारमा किन्न जान सक्ने अवस्था छैन।' उनका अनुसार प्रहरी प्रशासनले पनि घरमै बस्न, बाहिर ननिस्कन भनेको छ।

देवानगन्ज बजार क्षेत्र भने पूर्ववत् लयमा फर्किएको छ। 'देवानगन्ज बजार खुलेको छ तर कप्तानगन्ज बजार आइतबार पनि खुलेन', इलाका प्रहरी कार्यालय देवानगन्जका प्रहरी निरीक्षक प्रकाश पराजुलीले भने, 'आन्दोलन त रोकियो तर वातावरण सहज नबन्दा प्रहरीले उच्च सतर्कता अपनाउँदै आएको छ।' उनका उनुसार देवानगन्ज-४ की ३५ वर्षीया सरस्वती मेहतालाई घाँस काट्न गएका बेला एक जनाले गुलेली हानेको विषयले आइतबार दिउँसो केहीबेर कप्तानगन्ज अशान्त बन्यो। सामान्य विषय भए पनि पुरानै घटना पुनरावृत्तिको आशंकामा केहीबेर तनाव भएको उनले बताए। गुलेली हान्नेको पहिचान नभएको उनले बताए।

'साम्प्रदायिक संवेदनशील विषयलाई सही ढंगले टुंगोमा पुर्‍याउन अहोरात्र लागिपरे पनि कसैकसैले फट्याइँ गरिदिन्छ, जसले सहज वातावरण बनाउन गाह्रो भइरहेको छ', देवानगन्ज गाउँपालिकाका अध्यक्ष वेचन मेहताले साँझ भने, 'आजै (आइतबार) मात्र एउटा महिलालाई मुस्लिमले गुलेलीले हान्यो भनेर एकैछिनमा सात/आठ सय मानिस भेला भए।' उनका अनुसारण अघिल्लो आइतबारको घटनामा गोली लागेका दुई जनाको ज्यान गएको र रवीन्द्र मेहता गम्भीर भएकाले पनि दुई समुदायबिच सद्भाव कायम गर्न समस्या भइरहेको छ। प्रहरी प्रशासनले कप्तानगन्जमा शान्तिसुरक्षा र वातावरण सहज बनाउन सुरक्षा समितिको बैठकबाट आवश्यक निर्णय लिने जनाएको छ।

*बाँकी पृष्ठ २*

# उपभोक्तालाई उपहारले लोभ्याएर करछली नियन्त्रणमा सरकार

**मधुजंग पाण्डे**

*काठमाडौं, साउन १७*

राजस्व संकलन वृद्धि र करछली नियन्त्रणका लागि अनेक उपाय अपनाउँदै आएको सरकारले अहिले उपभोक्तालाई उपहारले लोभ्याउने कार्यक्रम ल्याएको छ। सरकारले उपभोक्तालाई सामान खरिदको बिजक (बिल) मार्फत एक लाखदेखि १० लाख रुपैयाँसम्मको उपहार दिने व्यवस्था गरेर करछली नियन्त्रणमा नयाँ तरिका अपनाएको हो।

हाल बजारमा सामान किन्ने क्रममा उपभोक्ताले बिल माग्दा पनि व्यवसायीहरूले दिने गरेका छैनन्। केही व्यवसायीले त बिलको सट्टा भिजिटिङ कार्ड मात्र थमाउने गरेका छन्। सामान बिक्रीको बिल नै नदिई थोरै नाफा खाई मुलुकको कर प्रणाली र उपभोक्तालाई गुमराहमा राखेर व्यापार गर्दै आएका व्यवसायीलाई सरकारको यो उपायले केही असहज बनाउने देखिएको छ।

बजार अनुगमनका क्रममा व्यापारीबाट हुने यस्तो प्रवृत्तिको सुइँको पाएको आन्तरिक राजस्व विभागले करछली नियन्त्रण र वास्तविक कारोबार अभिलेखीकरण तथा उपभोक्तामा बिल लिने संस्कृतिको विकास गर्ने उद्देश्यले 'करदाता प्रोत्साहन उपहार कार्यक्रम' सञ्चालनमा ल्याएको हो। बिल बुझाएकै आधारमा एक लाखदेखि १० लाख रुपैयाँसम्म पाउने यस आकर्षक उपहार योजनामा उपभोक्तालाई सहभागी गराएर बढीभन्दा बढी राजस्व उठाउने नयाँ उपाय अपनाएको विभागले देशभरका सम्पूर्ण सरोकारवालालाई अनिवार्य रूपमा बिल लिन आह्वान गरेको छ।

यस योजनालाई सफल बनाउन विभागले सार्वजनिक सूचना जारी गर्दै विभिन्न माध्यमबाट नगद कारोबार गरेका उपभोक्तालाई आफ्नो सक्कल बिल दर्ता गराउन आग्रह गरेको छ। विभागका उपमहानिर्देशक एवं सहसचिव जनकराज शर्माले यस्तो जानकारी गराएका हुन्।

विभागका अनुसार गत साउन १ देखि सय रुपैयाँभन्दा बढीको सामान वा सेवा नगदमा खरिद गरी सक्कल प्यान तथा मूल्य अभिवृद्धि कर (भ्याट) को बिल लिएका उपभोक्ता यस करदाता प्रोत्साहन कार्यक्रममा सहभागी हुन पाउने छन्। आफूले सामान खरिद गरेको बिल बुझाएकै आधारमा

> बिल बुझाएकै आधारमा एक लाखदेखि १० लाख रुपैयाँसम्म पाउने आकर्षक उपहार योजनामा उपभोक्तालाई सहभागी गराएर बढीभन्दा बढी राजस्व उठाउने नयाँ उपाय अपनाएको आन्तरिक राजस्व विभागले देशभरका सम्पूर्ण सरोकारवालालाई अनिवार्य रूपमा बिल लिन आह्वान गरेको छ।

हरेक १५/१५ दिनमा एक लाख रुपैयाँ नगद पुरस्कार पाइने भएपछि धेरै उपभोक्ता यस कार्यक्रमतर्फ आकर्षित भएका छन्। यसबाट अहिलेको भन्दा बढी राजस्व संकलन हुने उपाय अपनाएर यस आकर्षक उपहार कार्यक्रममा उपभोक्तालाई सहभागी गराउन विभागले 'प्राइज डट आइआरडी डट जिओभी डट एनपी' नामक नयाँ वेबसाइट नै सञ्चालनमा ल्याएको छ। शनिबारबाट सञ्चालनमा आएको उक्त वेबसाइटबारे जानकारी गराउँदै विभागका उपमहानिर्देशक शर्माले भने, 'नगद भुक्तानी गरी स्वप्रयोजनका लागि मुलुकभित्र एकपटकमा सय रुपैयाँभन्दा बढी मूल्यको वस्तु तथा सेवा खरिद गर्ने बिल लिएका योग्य उपभोक्ताले यस वेबसाइटमा गएर आफ्नो बिल अपलोड गर्न सक्ने छन्।'

यसैगरी क्युआरमार्फत गरिने कारोबारमा भने स्वतः कर प्रणालीमार्फत नै यस आकर्षक उपहार कार्यक्रमको प्रणालीमा समावेश गरिसकिएको जनाइएको छ। क्युआरमार्फत भुक्तानी गरेका उपभोक्ताले बिल प्रविष्टि (इन्ट्री) गर्नुपर्ने आवश्यकता विभागले स्पष्ट पारेको छ। त्यस्तै बैंक तथा वालेटको क्युआरमार्फत सय रुपैयाँभन्दा बढीको वस्तु तथा सेवा खरिद गरेका उपभोक्ताले पनि अहिले बिल दर्ता गराउनुनपर्ने व्यवस्था मिलाइएको विभागले जनाएको छ। क्युआरबाट पैसा तिरेको कारोबार डाउनलोड गरेर राख्ने र सोही ट्रान्जेक्सन नम्बर' नै उपहारका लागि विभागको प्रणालीमा प्रविष्ट भइसकेकाले सो नम्बर नै उपहारका लागि योग्य हुने विभागले स्पष्ट पारेको छ। तर उपहार घोषणापछि सक्कल बिल अनिवार्य हुने भएकाले त्यसलाई सुरक्षित राख्न विभागले उपभोक्तालाई ध्यानाकर्षण गराएको छ।

लोभलाग्दो यस कार्यक्रमलाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याउन विभागले आफूले गरेको खरिदको सक्कल भ्याट तथा प्यान बिल व्यापारीसँग माग्न र बिल नपाएको खण्डमा विभागमा जानकारी गराउनसमेत आम उपभोक्तालाई आग्रह गरेको छ। त्यसका लागि विभागले साउन १ देखि लागु गरेको करदाता प्रोत्साहन कार्यक्रमको पहिलो १५ दिनको नतिजा यही साता सार्वजनिक गर्ने तयारी गरेको बताएको छ। यसै साता पहिलो १५ दिनको (हरेक दिनको एक लाख रुपैयाँका दरले १५ जना विजेता र १५ दिनको बम्पर १० लाखको विजेता एक जना) छनोटको नतिजा घोषणा हुने विभागले जनाएको छ।

*बाँकी पृष्ठ २*

## आआफ्नै बाटामा कांग्रेसका दुई समूह

काठमाडौं, साउन १७ (नागरिक)- नेपाली कांग्रेसका संस्थापन र इतर समूहले पार्टीभित्रको आन्तरिक विवादलाई थप पेचिलो बनाउँदै आआफ्नो बाटो तय गरेका छन्। पुसमा भएको विशेष महाधिवेशनसँगै चुलिएको असमझदारी समाधानभन्दा औपचारिक विभाजन उन्मुख दुवै पक्षले केन्द्रीय समिति र राष्ट्रिय भेला बोलाएका हुन्। इतर पक्षले पार्टीलाई वैचारिक र सांगठनिक रूपमा नयाँ गति दिन भन्दै साउन २९ देखि ३१ गतेसम्म काठमाडौंमा राष्ट्रिय भेला बोलाएको छ। पार्टीका उनीहरूले पूर्वमहामन्त्री शशांक कोइरालाको संयोजकत्वमा ५५१ सदस्यीय मूल आयोजक समिति गठन गरेका छन्।

*बाँकी पृष्ठ ३*

## मन्त्रीका २२ थरी सल्लाहकार

**भुवन शर्मा**

*काठमाडौं, साउन १७*

पूर्वाधार विकासमन्त्रीका लागि २२ थरी सल्लाहकार राख्ने गरी प्रस्ताव तयार पारिएको छ। पूर्वाधार विकास मन्त्रालयले तयार पारेको प्रस्तावमा मन्त्रीले एआईदेखि स्यानिटरीसम्मका सल्लाहकार राख्न पाउने छन्। उक्त प्रस्ताव हाल मन्त्रिपरिषद् तथा प्रधानमन्त्री कार्यालयमा पुगेको छ। मन्त्रिपरिषद्ले पास गरेपछि प्रस्ताव कार्यान्वयनमा जाने छ।

मन्त्रालय स्रोतका अनुसार पूर्वाधारमन्त्रीले २२ थरी सल्लाहकारसहित आफ्नो सचिवालयमा ३९ जनासम्म सदस्य राख्न सक्ने छन्। २२ थरीमध्ये विज्ञ सल्लाकारमा सचिवसरहका एक र सहसचिवसरहका एक रहने छन्। ती विज्ञ सल्लाहकार स्थानीय पूर्वाधार तथा झोलुंगे र खानेपानी तथा ढल व्यवस्थापनसम्बद्ध हुन सक्ने व्यवस्था गरिएको छ। उपसचिवसरहका चार सल्लाहकार राख्न पाउने व्यवस्था गरिएको छ, जो सडक, पुल, भवन तथा आवाससँग सम्बन्धित हुनुपर्ने छ।

यसैगरी मन्त्रीले शाखा अधिकृतसरहका १६ सल्लाहकार राख्न सक्ने व्यवस्था गरिएको छ। त्यसमा हाइवे पूर्वाधार, आर्किटेक्ट, स्ट्रक्चरल र स्यानिटरी (सरसफाइ) सल्लाहरकार राख्न सक्ने व्यवस्था गरिएको छ। यसैगरी अन्य सल्लाहकारमा वातावरण इन्जिनियरिङ, तथ्यांकशास्त्र, जियोमेट्रिक इन्जिनियरिङ/नापी, वन तथा जलवायु परिवर्तन, जनसम्पर्क, प्रेस, प्रशासन, जेसी (लैंगिक समानता), जियोटेक्नकोलोजी, जियोलोजी, हाइड्रोलोजी तथा एआईसँग सम्बन्धित हुनुपर्ने व्यवस्था गरिएको छ।

*बाँकी पृष्ठ ३*

## साउनको सन्देश

# समृद्ध नेपालका सशक्त महिला

**शोभा ज्ञवाली**

साउन लागेसँगै नेपालका बजार हरिया चुरा, पोते, मेहेन्दी र शिवभक्तहरूको भिडले भरिन थाल्छन्। पशुपतिनाथदेखि देशभरका शिवालयसम्म सोमबारको व्रत बस्ने भक्तजनको लर्को लाग्छ। विवाहित महिलाले श्रीमान्को दीर्घायु, परिवारको सुखसमृद्धि र गृहस्थ जीवनको मंगल कामनाका लागि व्रत बस्छन् भने अविवाहित युवतीले योग्य जीवनसाथीको कामना गर्दै भगवान् शिवको आराधना गर्छन्।

साउनको अर्थ यतिमै सीमित छैन। यो महिना त्याग, अनुशासन, आत्मसंयम, सहअस्तित्व र शक्तिको प्रतीक हो। नेपाली समाजमा साउनले महिलाको जीवनसँग विशेष सम्बन्ध बनाएको छ। हरियो चुरा केवल सौन्दर्यको प्रतीक होइन, हरियाली, उर्वरता, आशा र जीवनको निरन्तरताको प्रतीक हो। मेहेन्दी केवल शृंगार होइन, संस्कार र उत्सवको भाषा हो। सोमबारको व्रत केवल धार्मिक अभ्यास होइन, इच्छामाथिको नियन्त्रण, अनुशासन र समर्पणको अभ्यास पनि हो।

आजको सन्दर्भमा महिलाको यो त्याग सन्दर्भमा गम्भीर प्रश्न उठ्छ- हामीले महिलाको यो त्यागलाई केवल धार्मिक कृत्यका रूपमा बुझ्ने कि राष्ट्र निर्माणको ऊर्जाका रूपमा पनि हेर्ने ? हरेक बिहान हामी दुर्गामा शक्ति, लक्ष्मीमा समृद्धि र सरस्वतीमा ज्ञान देख्छौं। देवीको पूजा गर्छौं तर मन्दिरबाहिर निस्किएपछि त्यही शक्ति बोकेकी महिलालाई समान अवसर दिन अझै कन्जुस्याइँ गर्छौं। यही हाम्रो समाजको सबैभन्दा ठुलो विरोधाभास हो। हामी शक्तिको पूजा गर्छौं तर शक्तिलाई निर्णय गर्ने ठाउँमा पुग्न अझै संघर्ष गर्न बाध्य बनाउँछौं। हामी महिलालाई सम्मान गर्छौं भन्छौं तर निर्णय गर्ने ठाउँमा उनीहरूको उपस्थिति अझै अपवादजस्तै छ। हामी समृद्ध नेपालको सपना देख्छौं तर त्यसका लागि आवश्यक आधा जनशक्तिलाई पूर्ण रूपमा उपयोग गर्न सकेका छैनौं।

नेपालको विकासको सबैभन्दा ठुलो प्रश्न आज राजनीति होइन, उत्पादनशील जनशक्तिको उपयोग हो। लाखौं युवा बिदेसिएका छन्। गाउँका खेत बाँझा छन्। उद्योगले दक्ष जनशक्ति खोजिरहेका छन्। अर्थतन्त्र सुस्त छ। यस्तो बेला हामी विदेशी लगानीको खोजीमा छौं, जबकि हाम्रो सबैभन्दा ठुलो लगानी घरभित्रै बसेको छ- नेपाली महिला।

*बाँकी पृष्ठ २*

# हिमाललाई घर ठान्ने निर्मल पुर्जा हिमालमै बिलाए

**नागरिक संवाददाता**

*म्याग्दी, साउन १७*

पाकिस्तानको काराकोरम पर्वतमालामा अवस्थित आठ हजार ५१ मिटर अग्लो ब्रोड पिक हिमाल आरोहणका क्रममा कीर्तिमानी नेपाली पर्वतारोही निर्मल पुर्जा 'निम्स दाइ'को मृत्यु भएपछि उनको जन्मभूमि म्याग्दी

> पर्वतारोहणमा दुर्लभ कीर्तिमान कायम गरेका निर्मल पुर्जाको पकिस्तानस्थित ब्रोड पिक हिमाल आरोहणका क्रममा हिमपहिरोमा परी भएको मृत्युले जन्मस्थल म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ को दानास्थित तितर गाउँ शोकमा छ।

शोकमा डुबेको छ। हिमाल आरोहणका क्रममा बिहीबार गएको हिमपहिरोमा परेपछि उनको मृत्यु भएको हो। पर्वतारोहणमा दुर्लभ कीर्तिमान कायम गरेका पुर्जाको मृत्युले उत्तरी म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ को दानास्थित तितर गाउँ सुनसान छ, जहाँ उनको जन्म भएको थियो।

पुर्जाको जन्मगाउँ तितरका अगुवा मनबहादुर पाइजाले हिमाल चिनाउने पुर्जाको मृत्युबाट सिंगो गाउँ रोएको बताए। विश्वलाई हिमाल चिनाउने उनको मृत्युले अपूरणीय क्षति भएको प्रतिक्रिया वडाध्यक्ष रमेश पुर्जाको छ। रमेशले निर्मलको गाउँमा रहेको जन्मघरलाई उनको चिनारीका रूपमा संरक्षण गरिराख्ने बताए। 'निर्मल पुर्जा दुर्गम गाउँमा जन्मिएर संसारमा चिनिए, हिमालकै काखमा सदाका लागि निदाए। हामीले उनलाई भावी पुस्ताले सम्झिने गरी काम गर्ने छौं, उनको घरलाई चिनोका रूपमा राख्ने छौं', वडाध्यक्ष रमेशले भने। रमेशका अनुसार तितर गाउँमा भग्नावशेषका रूपमा रहेको घरलाई संग्रहाललय बनाउने सपना निर्मलको थियो। 'अहिलेसम्मका सम्झनालाई सँगालेर जीवित राख्न सम्भव भएसम्मको पहल गर्ने छु। उनको प्रेरणा टुट्न दिने छैनौं', वडाध्यक्ष रमेशले भने।

निर्मलको निधनको खबर पाएपछि दानावासीका आँखा रसाएका छन्। हिमाललाई आफ्नो घरका रूपमा चिनाउने निर्मलले बर्सेनि जन्मगाउँमा रहेका सामुदायिक विद्यालयमा उत्कृष्ट हुने विद्यार्थीलाई पुरस्कार र शैक्षिक सामग्री प्रदान गर्दै आएका थिए। दानास्थित ज्ञानप्रकाश माध्यमिक विद्यालयका प्रधानाध्यापक शान्तबहादुर नेपालीले गाउँका सामुदायिक विद्यालयप्रति आकर्षण बढाउन निर्मलले ४० लाख रुपैयाँको अक्षयकोष स्थापना गरेको बताए। 'उहाँले शैक्षिक सामग्री र पुरस्कार दिएर विद्यार्थीलाई गाउँबाट पलायन हुन नदिन योगदान पुऱ्याउनुभएको थियो। शैक्षिक सामग्री र पुरस्कारले विद्यार्थीको शैक्षिक गतिविधिमा सहयोग मिलेको छ', नेपालीले भने।

प्रधानाध्यापक नेपालीका अनुसार निर्मलले स्थापना गरेको अक्षयकोषबाट ज्ञानप्रकाश माध्यमिक विद्यालयका आधारभूत र मावि तहमा उत्कृष्ट अंक ल्याउने विद्यार्थीलाई वार्षिक दुई लाख ३० हजार नगद पुरस्कार दिने गरिएको थियो। निर्मल पुर्जाले स्थापना गरेको 'निम्स दाइ फर एजुकेसन'ले कक्षा १२ मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई नगद एक लाख, एसइईमा विद्यालय प्रथम हुने विद्यार्थीलाई ८० हजार र कक्षा ८ मा प्रथम हुने विद्यार्थीलाई नगद ५० हजार रुपैयाँ र सम्मानपत्र प्रदान गर्दै आएको छ। गाउँमा रहेका सरस्वती उच्च मावि, ज्योति उच्च मावि, सुवा उच्च मावि, जनकल्याण उच्च माविमा रहेका विद्यार्थीलाई पनि शैक्षिक साम्रगीसहित नगद प्रदान गरिन्छ।

*बाँकी पृष्ठ ३*




हिमाल आरोहणका क्रममा निर्मल पुर्जा अर्थात् निम्स दाइ (दायाँ)। *तस्बिर : नागरिक*



माटोका भाँडा बोकेर बिक्रीका लागि आइतबार ललितपुरको ढोलाहिटीमा हिँडिरहेका व्यापारी। तस्बिर : विजयराई/नागरिक

# समृद्ध नेपालका सशक्त महिला

पृष्ठ १ बाट

महिलालाई केवल सामाजिक न्यायको दृष्टिले हेर्ने समय समाप्त भइसकेको छ। अब महिलाको सशक्तीकरणलाई नेपालको आर्थिक नीतिको केन्द्रमा राख्नुपर्छ किनभने महिलाको सशक्तीकरण कुनै कल्याणकारी कार्यक्रम होइन, यो आर्थिक रूपान्तरणको सबैभन्दा प्रभावकारी रणनीति हो।

एउटी महिला शिक्षित हुँदा एउटा परिवार शिक्षित हुन्छ भन्ने भनाइ पुरानो भइसक्यो। आजको यथार्थ अझ ठुलो छ। एउटी महिला उद्यमी बन्दा रोजगार सिर्जना हुन्छ। एउटी महिला किसान आधुनिक बन्दा उत्पादन बढ्छ। एउटी महिला वैज्ञानिक बन्दा नवप्रवर्तन जन्मिन्छ। एउटी महिला नीतिनिर्माताले निर्णय गर्दा समाज थप समावेशी बन्छ। एउटी महिलाले नेतृत्व गर्दा पुस्तौंसम्म प्रभाव पार्ने परिवर्तन सम्भव हुन्छ। त्यसैले महिलालाई अवसर दिनु दया होइन, राष्ट्रप्रतिको दायित्व हो।

नेपालका महिलाले अवसरको अभावमा पनि असाधारण क्षमता देखाइसकेका छन्। उनीहरूले साना व्यवसायलाई उद्योगमा रूपान्तरण गरेका छन्। स्थानीय उत्पादनलाई अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याएका छन्। कृषि, पर्यटन, सूचना प्रविधि, स्वास्थ्य, शिक्षा, बैंकिङ, सञ्चार, अनुसन्धान र सार्वजनिक प्रशासनदेखि निजी क्षेत्रसम्म आफ्नो क्षमता प्रमाणित गरिसकेका छन्। अझ भन्ने हो भने नेपालमा महिलाहरू प्रधानमन्त्रीदेखि मुख्यसचिव, प्रधानन्यायाधीश, सभामुखजस्ता सर्वोच्च पदमा पुगिसकेका छन्। अझ भर्खरकै उदाहरण लिन सक्छौं। २०८२ भदौ २३ र २४ मा भएको जेनजी आन्दोलनमा नेपालले धेरै ठुलो क्षति भोग्नुपरेको थियो। त्यतिखेर नेपालीको भविष्य अन्योल थियो तर त्यसको बागडोर समाएर देशलाई एउटा गन्तव्य देखाई अघि बढेकी प्रधानमन्त्री पनि महिला हुनुहुन्थ्यो। तर प्रश्न अझै उही छ। यति सीमित अवसरमा महिलाले यति धेरै काम गर्न सक्छन् भने समान अवसर पाए उनीहरूले नेपाललाई कहाँसम्म पुऱ्याउन सक्लान् ?

> नेपालले अब नयाँ आर्थिक दर्शन अपनाउनुपर्छ। सडक र पुल मात्र विकास होइनन्। महिलाको क्षमता खुल्ने वातावरण निर्माण गर्नु पनि विकास हो। जलविद्युत् मात्र ऊर्जा होइन।

आज पनि धेरै महिलाको सपना बैंकको ढोकामै रोकिन्छ। धेरै उद्यमी महिलाको व्यवसाय बजार नपाएर बन्द हुन्छ। धेरै प्रतिभाशाली युवतीले अवसर नपाएर विदेश जाने निर्णय गर्छन्। यो केवल व्यक्तिगत क्षति होइन। यो नेपालको पुँजी, प्रतिभा र भविष्यको क्षति हो।

नेपालले अब नयाँ आर्थिक दर्शन अपनाउनुपर्छ। सडक र पुल मात्र विकास होइनन्। महिलाको क्षमता खुल्ने वातावरण निर्माण गर्नु पनि विकास हो। जलविद्युत् मात्र ऊर्जा होइन। महिलाको सिप, नेतृत्व र उद्यमशीलता पनि राष्ट्रको ऊर्जा हो। विदेशी मुद्रा मात्र पुँजी होइन। महिलाको ज्ञान, श्रम र सिर्जनशीलता पनि राष्ट्रिय पुँजी हो। समृद्ध राष्ट्रहरू प्राकृतिक स्रोतले मात्र समृद्ध भएका होइनन्। उनीहरूले आफ्ना नागरिकको क्षमता उपयोग गरेका छन्। नेपालसँग हिमाल छ, नदी छ, प्राकृतिक सम्पदा छ तर यी सबैभन्दा ठुलो सम्पत्ति भनेको नेपाली जनशक्ति हो र त्यसको आधाभन्दा बढी हिस्सा महिलाहरू हुन्। नेपालले महिलाको आर्थिक सहभागिता उल्लेखनीय रूपमा बढाउन सक्यो भने निर्यात बढ्ने छ, रोजगारी सिर्जना हुने छ, आयातमा निर्भरता घट्ने छ, नवप्रवर्तन विस्तार हुने छ र स्थानीय अर्थतन्त्र बलियो हुने छ। महिलाको आर्थिक सशक्तीकरणले परिवार मात्र होइन, राष्ट्रिय अर्थतन्त्रलाई पनि स्थायित्व दिन्छ।

आर्थिक शक्ति मात्र पर्याप्त हुँदैन। सामाजिक चेतना पनि आवश्यक हुन्छ। छोरीलाई अवसर, शिक्षामा समान पहुँच, सम्पत्तिमा अधिकार, सुरक्षित कार्यस्थल, समान ज्याला, वित्तीय पहुँच र नेतृत्वको अवसर सुनिश्चित नगरी महिलाको क्षमता पूर्ण रूपमा उजागर हुन सक्दैन। महिलालाई कमजोर भनेर संरक्षण गर्ने होइन, सक्षम भनेर विश्वास गर्ने समय आएको छ। नेपालको आगामी विकासयात्रा 'पावर अफ पोलिटिक्स'ले होइन, 'पावर अफ हर'ले तय गर्न सक्छ किनकि महिला केवल घर चलाउने शक्ति होइनन्, उनीहरू अर्थतन्त्र चलाउने शक्ति हुन्। उनीहरू केवल परिवारको आधार होइनन्, उनीहरू राष्ट्रको भविष्य हुन्।

अब हामीले देवीको पूजा गर्ने संस्कृतिलाई महिलाको सम्मान गर्ने संस्कृतिसँग जोड्नुपर्छ। पूजा केवल मन्दिरभित्र सीमित हुनुहुँदैन। त्यो विद्यालयमा देखिनुपर्छ, बैंकमा देखिनुपर्छ, उद्योगमा देखिनुपर्छ, संसद्मा देखिनुपर्छ, नीति निर्माणमा देखिनुपर्छ, हरेक निर्णयमा देखिनुपर्छ। जब एउटी महिलाले आफ्नो क्षमताअनुसार उड्ने स्वतन्त्रता पाउँछिन्, त्यतिबेला एउटा परिवार परिवर्तन हुन्छ। हजारौं महिलाले अवसर पाउँदा समाज परिवर्तन हुन्छ। लाखौं महिलाले नेतृत्व गर्दा राष्ट्र परिवर्तन हुन्छ। त्यसैले नेपालको समृद्धिको नयाँ मन्त्र एउटै हुनुपर्छ- महिलालाई सम्मान होइन, समान अवसर, महिलालाई सहभागिता होइन, नेतृत्व, महिलालाई संरक्षण होइन, सशक्तीकरण।

त्यही दिन हामीले 'यादेवी सर्वभूतेषु शक्तिरूपेण संस्थिता' भन्ने मन्त्रको वास्तविक अर्थ बुझेका हुने छौं किनकि शक्ति केवल पुज्ने वस्तु होइन। शक्ति भनेको राष्ट्र निर्माण गर्ने क्षमता हो र त्यो शक्ति आज पनि प्रत्येक नेपाली महिलाभित्र जीवित छ।

# उपभोक्तालाई उपहारले लोभ्याएर करछली नियन्त्रणमा सरकार

पृष्ठ १ बाट

यसअघि सरकारले चालु आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत हरेक करदातालाई कर प्रणालीमा ल्याउन र बिल लिने संस्कृतिको विकास गर्न 'करदाता प्रोत्साहन उपहार कार्यक्रम' सञ्चालन गर्ने घोषणा गरेको थियो। बजेट सार्वजनिक गर्ने क्रममा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले गरेको सोही घोषणाअनुसार मन्त्रालयले गत असार अन्तिम साता 'उपहार सञ्चालन कार्यविधि २०८३' स्वीकृत गरेको थियो। सोही कार्यविधिअनुसार हरेक दिन एक उपभोक्तालाई करकट्टी गरेर एक लाख रुपैयाँ नगद र हरेक १५-१५ दिनमा (महिनाको दुई जनालाई) बम्पर उपहारस्वरूप १० लाख रुपैयाँ नगद प्रदान गरिने विभागले जनाएको छ। यसअघि गत बिहीबार नेपाल राष्ट्र बैंकले करदाता प्रोत्साहन उपहार कार्यक्रमलाई सहजीकरण गर्न भुक्तानी सेवा प्रदायकहरूलाई निर्देशन दिएको थियो। राष्ट्र बैंकले सरकारले सञ्चालन गर्न लागेको 'करदाता प्रोत्साहन उपहार कार्यक्रम'लाई व्यवस्थित र प्रभावकारी बनाउन भुक्तानी सेवा प्रदायक संस्थाहरूलाई निर्देशन दिएको छ।

राष्ट्र बैंक, भुक्तानी प्रणाली विभागले भुक्तानीसम्बन्धी कार्य गर्न अनुमति प्राप्त सबै संस्थालाई पत्राचार गर्दै आन्तरिक राजस्व विभाग सञ्चालन गर्ने कार्यक्रमका लागि विद्युतीय प्रणालीमा अन्तर-आबद्धता कायम गर्न र कार्यक्रमकाबारे ग्राहकलाई समयमै सूचित गर्न भनेको छ। यसका लागि सबै भुक्तानी सेवा प्रदायकले आफ्नो मोबाइल एपमा उपहार कार्यक्रमसँग सम्बन्धित बारम्बार सोधिने प्रश्नहरूको एउटा छुट्टै खण्ड समावेश गर्नुपर्ने छ।

आगामी बिहीबार उपहार वितरण सुरु हुने यस कार्यक्रमबारे पूर्वजानकारी दिन आफ्ना सबै ग्राहकलाई मोबाइल एपमार्फत नोटिफिकेसन पठाउनुपर्ने राष्ट्र बैंकको निर्देशनमा उल्लेख छ। यस कार्यक्रममा सहभागी हुन ग्राहकले आफ्नो मोबाइल एप अपडेट गर्नुपर्ने भए त्यसको जानकारीसमेत नोटिफिकेसनमार्फत नै दिनुपर्ने नियम बनाइएको राष्ट्र बैंकले जनाएको छ। राष्ट्र बैंकको सो निर्देशन र आन्तरिक राजस्व विभागको यस्तो नयाँ उपायबाट अब सामान वा सेवा खरिद गरी बिल लिँदा उपहार पाउने लोभमा कति उपभोक्ता सहभागी हुने छन् भनेर कार्यक्रम सञ्चालनको क्रममा बिस्तारै देखिँदै जाने छ। बजारमा सामान किन्दा उपभोक्ताले बिल माग्दा नदिएर उल्टै भिजिटिङ कार्ड थमाएर व्यापार गर्दै आएका अधिकांश व्यवसायीलाई भने बिल जारी गर्नुपर्ने यो सरकारी नियमले केही अप्ठ्यारो बनाउने छ।

हाल बजारमा देखिएका करछली तथा वास्तविक बिल नै जारी नगरी राजस्व छल्दै आएका हजारौं व्यवसायीबाट करोडौं रुपैयाँ कर उठाउने उद्देश्यले सरकारले यो 'करदाता प्रोत्साहन उपहार कार्यक्रम' सञ्चालनमा ल्याएको विभागले जनाएको छ। अहिलेको भन्दा धेरै कर उठाउने लक्ष्य लिएर कार्यान्वयनमा ल्याइएको यस्तो उपभोक्ता लोभ्याउने उपहार जित्ने कार्यक्रम सञ्चालनका क्रममा उपभोक्ता स्वयंले व्यापारीसँग सहजै अनिवार्य बिल माग्ने वातावरण बन्ने विभागको दाबी छ। सय रुपैयाँभन्दा बढीको सामान वा सेवा खरिद गर्दा बिल लिएर लक्की ड्रमार्फत उपहार पाउने सरकारी योजना सुरु भएपछि सरकारले विगतका वर्षहरूमा भन्दा धेरै राजस्व उठाउने लक्ष्य लिएको हो। सोही लक्ष्य प्राप्तिका लागि सरकारले 'करदाता प्रोत्साहन उपहार कार्यक्रम-२०८३' कार्यान्वयनमा ल्याउँदै दैनिक एक लाख रुपैयाँ र हरेक १५ दिनमा १० लाख रुपैयाँ नगद पुरस्कार जित्ने मौका दिएको छ।

आन्तरिक राजस्व विभागले नगद भुक्तानी गरी आफ्नै प्रयोजनका लागि नेपालभित्र एक पटकमा सय रुपैयाँभन्दा बढी मूल्यका वस्तु वा सेवा खरिद गरी कर बिजक लिएका अन्तिम उपभोक्ताले विभागको वेबसाइटमा खरिद विवरण प्रविष्ट गरी यस कार्यक्रममा सहभागी हुन सक्ने बताएको छ।

यस कार्यक्रमका लागि छुट्टै 'अनलाइन पोर्टल' नै सञ्चालनमा ल्याएर यस्तो मौका दिएको विभागले जनाएको छ।

विभागका अनुसार यस कार्यक्रममा सहभागी उपभोक्ताले वस्तु वा सेवा खरिद गर्दा प्राप्त कर बिजक दर्ता गरी पुरस्कार कुपन प्राप्त गर्न सक्ने छन्। आफूले सामान खरिद गरेको बिल वेबसाइटमा विवरण प्रविष्ट गरेपछि 'उपहार कुपन' स्वतः उत्पन्न हुने छ। सोही कुपनमा रहेको नम्बर लक्की ड्रमा समावेश हुने छ। विजेता घोषणापछि सम्बन्धित बिलको फोटो र आवश्यक विवरण पेस गरेर पुरस्कार दाबी गर्न सकिने विभागले बताएको छ। जसका लागि नगद र विद्युतीय भुक्तानीका लागि फरक व्यवस्था गरिएको विभागले जनाएको छ। नगदमा भुक्तानी गरी खरिद गर्ने उपभोक्ताले बिल नम्बर, बिक्रेताको प्यान नम्बर, बिल जारी भएको मिति, तिरेको कुल रकम तथा आफ्नो नाम, मोबाइल नम्बर र ठेगाना प्रविष्ट गरी बिल दर्ता गर्नुपर्ने छ।

## हिन्दु–मुस्लिम...

फरक धर्म भएकाले परिवारलाई आफ्नो निर्णय स्वीकार गराउन कठिन हुन सक्ने दुवैको अनुमान थियो। जेजस्तो परिस्थिति आइपरे पनि उनीहरूले भागेर विवाह गर्ने विकल्प रोजेनन्। अर्थात् परिवारको सम्मान गर्दै आफ्ना भावना खुलेर सुनाउने निर्णय गरे। दुवैले आआफ्ना परिवारसँग आफूहरूबिचको प्रेम सम्बन्धबारे स्पष्ट रूपमा कुरा राखे। उनीहरूको परिपक्व सोच र इमानदार अभिव्यक्तिलाई दुवै परिवारले सम्मान गरे। त्यसपछि आफन्त, साथीभाइ र समाजका अग्रजहरूको उपस्थितिमा दुवै परिवारको आशीर्वादसहित उनीहरू वैवाहिक बन्धनमा बाँधिए।

विवाहपछि पनि उनीहरूले कुनै धर्म परिवर्तन गरेनन्। बरु एकअर्काको आस्था र संस्कृतिलाई सम्मान गर्ने अभ्यासलाई दाम्पत्य जीवनको आधार बनाए। दुवै परिवारले पनि उनीहरूलाई सहज रूपमा स्वीकार गरे। समुदायले समेत परिवारको सहमतिमा विवाह गरेको निर्णयको प्रशंसा गऱ्यो। आज रिजाउल आफ्नै व्यवसाय सञ्चालन गरिरहेका छन् भने पदमा पनि व्यवसायसँगै घरपरिवारलाई सन्तुलित रूपमा अघि बढाइरहेकी छन्। उनीहरूका दुई सन्तान एक छोरा र एक छोरी दुवै धर्मको सम्मान गर्ने वातावरणमा हुर्किरहेका छन्। पदमा हिन्दु संस्कारअनुसारका चाडपर्व मनाउन पत्नी र बालबच्चासहित माइत पुग्छिन्। त्यस्तै इदलगायत मुस्लिम समुदायका पर्व पनि उत्तिकै उत्साहका साथ मनाउँछिन्। उनका लागि दुवै धर्म समान सम्मानका विषय हुन्। रिजाउल पनि पत्नीको धार्मिक आस्थाप्रति उत्तिकै सम्मान व्यक्त गर्छन्।

धर्मकै कारण कहिल्यै समस्या नभोगेको बताउने उनीहरू सम्बन्धलाई मानवताका आधारमा हेर्नुपर्ने धारणा राख्छन्। रिजाउल भन्छन्, 'सबै धर्मबिचको वास्तविक फरक भाषा र ग्रन्थमा मात्र हो। त्यसको मर्म बुझ्ने हो भने सबैले मानवता, प्रेम र असल आचरणकै शिक्षा दिन्छन्। त्यसैले कसैले पनि अर्काको धर्ममाथि टिप्पणी गर्नुहुँदैन।' धर्मका नाममा विभाजनका बहस भइरहेका बेला रिजाउल र पदमाको जीवनले फरक सन्देश दिन्छ। उनीहरूको प्रेमले प्रमाणित गरेको छ- सम्बन्ध सफल बनाउन धर्म एउटै हुनुपर्दैन, मन, सम्मान र विश्वास एउटै हुनुपर्छ। यही कारण उनीहरूको दाम्पत्य आज हिन्दु-मुस्लिम सद्भावको सुन्दर र प्रेरणादायी उदाहरण बनेको छ। पदमा भन्छिन्, 'सबै धर्मको मूल उद्देश्य नै शान्ति, एकता, प्रेम र सद्भाव कायम गर्नु हो।' धर्मले मानिसलाई असल बन्न, एकअर्कालाई सम्मान गर्न र मानवताको बाटामा हिँड्न सिकाउने उनले बताइन्। 'त्यसैले धर्मका नाममा विभाजन होइन, सम्बन्ध जोडिनुपर्छ,' उनले भनिन्, 'हामीले विवाह गरेपछि कहिल्यै कसको धर्म ठुलो वा सानो भन्ने बहस गरेनौं। बरु एकअर्काको आस्था, संस्कार र परम्परालाई सम्मान गर्न सिक्यौं। म हिन्दु धर्मका चाडपर्व पनि उत्तिकै श्रद्धाका साथ मनाउँछु, मुस्लिम समुदायका पर्व पनि परिवारसँग खुसीका साथ मनाउँछु,' उनी भन्छिन्, 'हाम्रो घरमा धर्म कहिल्यै विवादको विषय बनेन, यो त एकअर्कालाई अझ राम्रोसँग बुझ्ने माध्यम बन्यो। हरेक परिवार र समाजले एकअर्काको धर्मलाई सम्मान गर्ने बानी बसाल्ने हो भने धर्मका नाममा हुने धेरै विवाद आफैं अन्त्य हुन्छन्। हामी सबैभन्दा पहिले मानिस हौं, त्यसपछि मात्रै हाम्रो धर्म आउँछ। त्यसैले एकअर्काको विश्वासलाई स्वीकार गरेर अघि बढ्न सके समाज अझ शान्त, सहिष्णु र सद्भावपूर्ण बन्न सक्छ।'

# कप्तानगन्जमा अझै अविश्वास

पृष्ठ १ बाट

बजार क्षेत्रमा स्थानीय प्रशासनले निगरानी गरिरहेको छ। प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्यालले फेरि घटना दोहोरिन नदिन र दुवै समुदायमा रहेको त्रास हटाउन आवश्यक रणनीति बनाएर अघि बढ्ने बताए। उनले भने, 'सानो विषयले ठुलो घटना भयो, यसप्रति प्रशासन सचेत छ। दुवै समुदायमा रहेको त्रास हटाउन हामी लागेका छौं।'

सम्प्रदायिक द्वन्द्वलाई सहज निकास दिन प्रशासन विवेकसम्मत ढंगले अघि बढेको उनले सुनाए। प्रहरी प्रशासन पनि सूचना प्राप्त हुँदाहुँदै पनि त्यसको गम्भीर आकलन गर्न नसक्दा परिस्थिति अप्रिय बन्न पुगेको निष्कर्षमा छ। घटनासँग सम्बन्धित वास्तविक विवरण गृह मन्त्रालयले गठन गरेको छानबिन समितिले सार्वजनिक गर्ने जिल्ला प्रशासन कार्यालय सुनसरीले जनाएको छ।

सुनसरीमा यसअघि भएका घटनामा पनि स्थानीय तहका जनप्रतिनिधि, प्रहरी र प्रशासनको समन्वयमा तत्काल समाधान खोज्ने प्रयास हुँदै आएको थियो। २०७५ सालपछि सुनसरीमा तीनवटा ठुला हत्याकाण्ड भएका छन्। ती घटनापछि विरोध प्रदर्शन र आन्दोलन गरिए पनि स्थानीय तहका जनप्रतिनिधि, सुरक्षा निकाय र प्रशासनको सहकार्यमा समाधान खोजियो।

२०७५ असोज ४ गते सुनसरीको हरिनगर गाउँपालिका-२ भुटाहा बजार नजिकै भारतीय हतियारधारी समूहले सीमाभन्दा करिब आठ किलोमिटर नेपालभित्र प्रवेश गरी रैयान नेसनल स्कुलका सञ्चालक तथा प्रिन्सिपल मौलाना खुर्सिद आलमको गोली हानी हत्या गरेको थियो। दोषीलाई पक्राउ गरी कारबाही गर्न माग गर्दै सरकारविरुद्ध आन्दोलन चर्किएको थियो। त्यतिबेला बेलैमा स्थानीय तहका जनप्रतिनिधि, प्रहरी प्रशासन र राजनीतिक दलबिच भएको सर्वदलीय छलफलपछि आन्दोलन फिर्ता भयो। त्यस्तै दुहवी नगरपालिका-९ का मोहम्मद फिदाको गोली हानेर हत्या गरिएपछि स्थानीयस्तरमा विरोध प्रदर्शन भयो। त्यसबेला पनि प्रहरी प्रशासन, जनप्रतिनिधि र राजनीतिक दलका नेताले बेलैमा सक्रियता देखाउँदा विरोध र असन्तुष्टि फैलिन पाएन।

यसैगरी २०८० चैत २३ गते हरिनगर गाउँपालिका-३ का जीवन मेहतामाथि भएको सामूहिक कुटपिटको घटनालाई लिएर दुई पक्षबिच झडप हुँदा २९ जना घाइते भए। जिल्ला प्रशासन कार्यालय सुनसरीले अनिश्चितकालीन कर्फ्यु आदेश जारी गरेपछि जनप्रतिनिधि, प्रहरी र प्रशासनका अधिकारीको संयुक्त पहलबाट अवस्था सामान्य बनेको थियो।

संवाद, पीडितका माग सम्बोधन, सुरक्षा निकाय, प्रशासन, जनप्रतिनिधि र समुदायबिचको प्रयासमा सामाजिक द्वन्द्व र तनाव फैलिन नपाउँदै सम्बोधन गरिएको सुनसरीको विगत छ। तर यस पटक कप्तानगन्ज घटना विगतभन्दा फरक, विस्तारित र चुनौतीपूर्ण बन्यो।स्थानीय प्रशासन, जनप्रतिनिधि र समुदायका अगुवाको अग्रसारितामा सामाजिक सद्भाव पुनःस्थापना गर्नुपर्ने आवश्यकता अझै महसुस भएको छ। त्रास र अविश्वास लामो समयसम्म कायम रहे सामाजिक सम्बन्धमा थप असर पर्न सक्छ।

> संवाद, पीडितका माग सम्बोधन, सुरक्षा निकाय, प्रशासन, जनप्रतिनिधि र समुदायबिचको प्रयासमा सामाजिक द्वन्द्व र तनाव फैलिन नपाउँदै सम्बोधन गरिएको सुनसरीको विगत छ। तर यस पटक कप्तानगन्ज घटना विगतभन्दा फरक, विस्तारित र चुनौतीपूर्ण बन्यो। कप्तानगन्ज घटनामा सरोकारवाला पक्षको सक्रियता विगतमा जस्तो बेलैमा नदेखिएको स्थानीयको बुझाइ छ।

यस पटक कप्तानगन्ज घटनामा सरोकारवाला पक्षको सक्रियता विगतमा जस्तो नदेखिएको स्थानीयको बुझाइ छ। यसैकारण घटनाको प्रभाव लामो समयसम्म रह्यो। घटनापछि प्रहरीको भूमिकामाथि प्रश्न उठेको छ। सुरक्षाको विषयमा समुदायभित्र अविश्वास बढेको छ। विगतले देखाएको अनुभवअनुसार यस्ता संवेदनशील अवस्थामा तत्काल संवाद, निष्पक्ष अनुसन्धानप्रतिको विश्वास र समुदायबिचको भरोसा कायम गर्नु नै शान्ति पुनःस्थापनाको मुख्य आधार हुने देखिन्छ। कप्तानगन्जले यस्तै अपेक्षा गरेको छ।

कप्तानगन्जमा आइतबार राति भएको दुई समूहबिचको झडप हिंसामा परिणत हुँदा दुईजनाको ज्यान गएको थियो। यसै विषयलाई लिएर एक सातासम्म ठाउँठाउँमा तनाव भइरह्यो। गृहमन्त्री सुदन गुरुङको उपस्थितिमा प्रशासन र पीडित परिवारबिच बिहीबार राति सहमति भयो। पीडित परिवारले शुक्रबार शव जिम्मा लिएर अन्त्यष्टि गरे। कप्तानगन्ज घटनामा २५ वर्षका ओमप्रकाश मेहता र २१ वर्षका जयप्रकाश मेहताको ज्यान गएको हो। यसै विषयलाई लिएर सिरहाको गोलबजारमा प्रदर्शन भइरहँदा गोली लागेर गणेश यादवको ज्यान गयो।

कप्तानगन्ज घटनामा ज्यान गुमाएकालाई सहिद घोषणा प्रक्रिया अगाडि बढाउने, परिवारलाई दस/दस लाख रुपैयाँ क्षतिपूर्ति दिने, परिवारका एकजनालाई रोजगारी दिने, घाइतेको निःशुल्क उपचार गर्नेलगायत सहमति भएको छ।

कप्तानगन्जमा साउन १० गते राति घटना हुनुमा मुख्य कारण असार १४ गते मुस्लिम समुदायको मोहर्रम मेलामा बजारको बिच भागमा गाडिएको झन्डा थियो। ४० दिनपछि आउने चालिमा मेलासम्म त्यो झन्डा राख्ने अडानमा मुस्लिम पक्ष थियो। तर हिन्दु पक्षले दुई साताअघि त्यही झन्डाको विषयमा कुरा निकाल्यो। झन्डाको विषयमा विवाद गर्ने दुवै पक्षका थिए। मुस्लिम समुदायका केही युवा झन्डा ननिकाल्ने र हिन्दु समुदाय निकाल्नुपर्छ भन्नेमा अडिए। यो विषय वडा नं. ३ का वडाध्यक्ष अनिल भगतसम्म पुग्यो। वडाध्यक्षले नसुनेपछि गाउँपालिका अध्यक्ष बेचन यादवसम्म पुग्यो। वडाध्यक्ष भगत यतिबेला सम्पर्कमा छैनन्।

झन्डाको विषयमा सामान्य विवाद भइरहँदा मुस्लिम समुदायका केही युवाले नेपाली कांग्रेसका नेतासमेत रहेका जगदीश मेहतालाई समस्या सुल्झाइदिन भनेका थिए। अन्ततः मुस्लिम पक्षको झन्डा हटाएर हिन्दु पक्षको झन्डा राखियो। साउन १० गते हिन्दु पक्षका युवाले बोलबम जाने योजना बनाए। योजनाअनुसार देवानगन्ज-३ स्थित मन्दिरमा डिजे ठुलो आवाजमा बजाएको विषयलाई लिएर दुवै पक्षका समुदायका युवाबिच भएको झडप हिंसामा परिणत भयो। झन्डा विवाद बेलैमा वडाध्यक्षले निरुपण गरिदिएको भए र प्रहरीले बेलैमा विवेक पुऱ्याएको भए अप्रिय परिस्थिति नआउने दुवै पक्षको जिकिर छ।

### इटहरीमा दोस्रोपटक सद्भाव ऱ्याली

सामाजिक एकता, धार्मिक सहिष्णुता, आपसी सम्मान र सहअस्तित्वको सन्देश प्रवाह गर्ने उद्देश्यले इटहरीमा आइतबार सद्भाव ऱ्याली निकालिएको छ। खासगरी सुनसरीबाट सुरु भएको दुई समुदायको हिंसात्मक रूपले मधेस प्रदेशसम्म फैलिएर अब स्थिति सहज भएसँगै आम नागरिकलाई सन्देश फैलाउन इटहरीमा दोस्रोपटक सद्भाव ऱ्याली निकालिएको हो।

यसअघि बुधबार नागरिक समाजको अगुवाइमा ऱ्याली निकालिएको थियो। आइतबार ऱ्यालीमा सहभागीले सामाजिक एकता, धार्मिक सहिष्णुता, आपसी सम्मान र शान्तिपूर्ण सहअस्तित्वका पक्षमा सन्देशमूलक नारासहित इटहरीका विभिन्न क्षेत्रको परिक्रमा गरेका थिए। ऱ्यालीपछि आयोजित कार्यक्रममा विभिन्न समुदायका प्रतिनिधिले सामाजिक सद्भाव कायम रहँदा मात्र शान्त, समृद्ध र समावेशी समाज निर्माण सम्भव हुने धारणा राखे। उनीहरूले धर्म, भाषा र समुदाय फरक भए पनि आपसी सम्मान र सहकार्यले नै समाजलाई बलियो बनाउने बताए।

इटहरी जेसिजका अध्यक्ष जेसी मिसन पराजुलीले ऱ्याली सामाजिक एकता, सद्भाव र सहअस्तित्वको प्रतीकका रूपमा स्थापित भएको बताए। उनले यस्ता अभियानलाई निरन्तरता दिँदै सबै समुदायबिच विश्वास, सहकार्य र सम्मानको भावना अझ सुदृढ बनाउन आवश्यक रहेको उल्लेख गरे। ऱ्यालीमा विभिन्न जातजाति, धर्म, भाषा र समुदायको प्रतिनिधित्व गर्दै २८ भन्दा बढी सामाजिक, धार्मिक तथा सामुदायिक संघसंस्थाको सहभागिता थियो।

सुनसरी देवानगन्ज-३ कप्तानगन्जमा दुई समुदायबिचको झडपले दुईजनाको मृत्यु भएपछि पछिल्लो समय मधेस प्रदेशसम्म साम्प्रदायिक ढंगले घटना बढेर अशान्त भई स्थिति सहज भएसँगै जातीय सद्भाव कायम गर्न ऱ्याली हुँदै आएका छन्।

यसैक्रममा आइतबार नै धरानमा पनि सामाजिक सद्भाव ऱ्याली निकालिएको छ। धरानमा विभिन्न जातीय समूह, सामाजिक संस्था, उद्योग वाणिज्य संघलगायतका दर्जनौं संस्थाको सहभागितामा ऱ्याली निकालिएको हो। ऱ्यालीमा सहभागी अधिकतरले राष्ट्रिय झन्डा बोकेर प्रदर्शन गरे।

## तीन दिनमा विभिन्न पक्षसँग चौंतीस बुँदे सहमति, कार्यान्वयन होला ?

**मदन ठाकुर**
*रौतहट, साउन १७*

सुनसरीदेखि सिरहा हुँदै धनुषाको जनकपुरसम्म फैलिएको साम्प्रदायिक तनाव मत्थर पार्न गृहमन्त्री सुदन गुरुङले तीन दिनको अवधिमा विभिन्न पक्षसँग चौंतीसबुँदे सहमति गरेका छन्। तर विगतका सहमति कार्यान्वयन अनुभवलाई आधार मान्ने हो भने यी प्रतिबद्धता व्यवहारमा कति प्रभावकारी रूपमा लागु हुन्छन् भन्ने विषयमा गम्भीर प्रश्न उठ्न थालेको छ।

गत साउन १० गते सुनसरीको देवानगन्ज गाउँपालिका-३ कप्तानगन्जमा डिजे बजाउने विषयलाई लिएर दुई समुदायबिच भएको झडपका क्रममा प्रहरीले चलाएको गोली लागी स्थानीय ओमप्रकाश मेहता र जयप्रकाश मेहताको मृत्यु भएको थियो।

मेहताद्वयको मृत्यु भएको आक्रोशमा मधेस प्रदेशका विभिन्न जिल्लामा आन्दोलन फैलिँदै जाँदा शान्तिसुरक्षाको अवस्था चुनौतीपूर्ण बनेको थियो। दुई समुदायबिचको द्वन्द्व जारी रहेकै बेला सरकारका प्रधानमन्त्री बालेन साहले मधेसबासीका नाममा तत्काल सम्बोधन नगर्दा अवस्था थप उग्र बन्दै गयो।

सरकारका तर्फबाट यही घटनापछि गृहमन्त्री गुरुङ साउन १४ मा सुनसरीस्थित मृतक मेहताद्वयका परिवारसँग उनीहरूकै निवासमा वार्ता गरेका थिए। वार्तापछि सरकार र पीडित परिवारबिच सातबुँदे सहमति भएको थियो। सरकारले घटनाको निष्पक्ष छानबिन, दोषीमाथि कारबाही तथा पीडित परिवारलाई राहतलगायतका विषयमा प्रतिबद्धता जनाएको थियो। तर सुनसरीमा सहमति भएलगत्तै आन्दोलन रोकिएन, बरु सरकारको ढिलासुस्ती र आन्दोलन व्यवस्थापनमा देखिएको कमजोरीका कारण मधेसका विभिन्न जिल्लामा प्रदर्शन थप उग्र बन्दै गयो।

आन्दोलनकै क्रममा गत बिहीबार सिरहाको गोलबजारमा भएको प्रदर्शनमा कक्षा ११ मा अध्ययनरत २० वर्षीय गणेश यादवको गोली लागेर घटनास्थलमै मृत्यु भयो। त्यसपछि गृहमन्त्री गुरुङ शुक्रबार मध्यरातमा सिरहाको औरही गाउँपालिका-२ मोतीपुरस्थित मृतक यादवको घर पुगे। त्यहाँ उनका पिता रामवृक्ष यादवसँग पुनः सातबुँदे सहमति गर्दै सरकारले घटनाको निष्पक्ष अनुसन्धान, दोषीमाथि कारबाही र पीडित परिवारलाई आवश्यक सहयोग गर्ने प्रतिबद्धता दोहोऱ्यायो।

सिरहापछि पनि तनाव पूर्ण रूपमा नियन्त्रणमा आउन सकेन। त्यसपछि शनिबार गृहमन्त्री गुरुङ जनकपुर पुगेर संयुक्त हिन्दु मोर्चासँग लामो वार्ता गरे। वार्तापछि तेह्रबुँदे सहमति भएको घोषणा गरियो। यससँगै तीन दिनभित्र सुनसरी, सिरहा र जनकपुरमा गरी कुल चौंतिस बुँदे सहमति सम्पन्न भएको छ।

लगातार वार्ता र सहमतिमार्फत तत्कालीन तनाव कम गर्ने प्रयास भए पनि अब सबैको ध्यान ती सहमतिको कार्यान्वयनतर्फ केन्द्रित भएको छ। विगतमा सरकार र आन्दोलनकारीबिच भएका धेरै सहमतिहरू समयमै कार्यान्वयन हुन नसकेको उदाहरण रहेकाले यसपटक पनि प्रतिबद्धता कागजमै सीमित हुने हो कि व्यवहारमा देखिने हो भन्ने चासो बढेको छ।

शान्ति स्थापना केवल सहमतिपत्रमा हस्ताक्षर गरेर मात्र सम्भव हुँदैन। सहमतिका प्रत्येक बुँदाको इमानदार कार्यान्वयन, निष्पक्ष अनुसन्धान, दोषीमाथि कानुनी कारबाही र पीडितलाई न्यायको प्रत्याभूति दिन सके मात्र सरकारप्रति जनविश्वास पुनः स्थापित हुन सक्छ, अन्यथा तीन दिनमा भएका चौंतीसबुँदे सहमति पनि विगतका अधुरा प्रतिबद्धताकै सूचीमा थपिने जोखिम रहने छ।

# पहिला विश्वासको मत अनि सरकार विस्तार

सरकारबाट बाहिरिँदै सरकारलाई दिएको समर्थनसमेत फिर्ता लिएको कांग्रेस भने अब संसद्मा प्रतिपक्षीय भूमिकामा रहने छ। उसले मुख्यमन्त्रीको विश्वासको विपक्षमा मत दिने छ।

**देवेन्द्र बस्नेत**

*दाङ, साउन १७*

लुम्बिनी प्रदेशमा मुख्यमन्त्रीले विश्वासको मत लिएपछि मात्रै एमाले तथा नेकपासम्मिलित सरकार निर्माण हुने भएको छ। यी दुई दलबिच भएका पछिल्ला छलफलमा मुख्यमन्त्रीले विश्वासको मत लिने र त्यसपछि मात्रै संयुक्त सरकार निर्माण गर्ने सहमति बनेको हो। कांग्रेसबाट सरकारमा रहेका मन्त्रीहरूले राजीनामा दिएपछि मुख्यमन्त्री चेतनारायण आचार्यले ३० दिनभित्र विश्वासको मत लिनुपर्ने हुन्छ।



चेतनारायण आचार्य

## लुम्बिनी प्रदेश

**सरकारमा सहभागी दल बाहिरिएपछिसंसद्बाट विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्थाअनुरूप अब मुख्यमन्त्रीले विश्वासको मत लिनुपर्ने हुन्छ।**

कांग्रेसका पाँचजना मन्त्रीले गत १२ गते राजीनामा दिएका थिए। 'कांग्रेस सरकारबाट बाहिरिएपछि अब संयुक्त सरकार निर्माण प्रक्रियाका बारेमा हामीले एमालेसँग संवाद गर्‍यौं', नेकपाका प्रमुख सचेतक इन्द्रजित चौधरीले भने, 'मुख्यमन्त्रीले पहिला विश्वासको मत लिने र त्यसपछि मात्रै मन्त्रीपरिषद् विस्तार गर्ने भन्ने सहमति भएको छ।' उनका अनुसार मुख्यमन्त्रीले चाँडै विश्वासको मत लिने तयारी गरिएको छ।

वाम सरकार निर्माणका विषयमा भएका छलफलमा मन्त्रालय भागबन्डाका विषयमा समेत कुराकानी भएको थियो, तर कुन दलले कुनकुन मन्त्रालय लिने भन्ने औपचारिक सहमतिमा भने दलहरू पुगिसकेका छैनन्। आगामी सरकारमा नेकपासहित जसपासमेत सहभागी हुने देखिन्छ। जसपाले वाम गठन्धनलाई समर्थन गरेर जाने निर्णय लिइसकेको छ। नेकपाले सरकारमा आफूहरूको सम्मानजनक सहभागिता सुनिश्चित गरिनुपर्ने सर्त एमालेसमक्ष राखेको छ। 'मन्त्रालय कसरी भागबन्डा गर्ने, कुनकुन मन्त्रालय कुनकुन दलले लिने भन्ने विषयले अन्तिम रूप पाएको छैन, तर हामीले हाम्रो सहभागिता सम्मानजनक हुनुपर्छ भनेर एमालेलाई भनेका छौं', नेकपाका प्रमुख सचेतक चौधरीले भने, 'अब पहिला मुख्यमन्त्रीले विश्वासको मत लिएपछि यी सबै विषयले टुंगो पाउनेछन्।'

लुम्बिनी प्रदेश सरकारमा अहिले आठ मन्त्रालय छन्। सरकारमा एमालेका तर्फबाट मुख्यमन्त्रीसहित चार मन्त्री छन्। बाँकी मन्त्रालय संख्यामा नेकपा र जसपाको सहभागिता कायम गराउनु पर्नेछ, तर नेकपाका प्रमुख सचेतक चौधरीले भने एमालेका तर्फबाट धेरै मन्त्रालयमा सहभागिता रहने देखिएकाले त्यसमा समेत केही परिमार्जन हुन सक्ने सम्भावना रहेको समेत बताए। 'सम्मानजनक सहभागिता रहने गरी मन्त्रीपरिषद् विस्तार गरिनुपर्छ भन्ने हाम्रो भनाइ छ', चौधरीले भने, 'यसरी कायम रहेका मन्त्रालयहरूमा देखिएको सहभागितालाई समेत परिमार्जन गर्न सक्ने सम्भावना पनि रहने कुरा भयो।'

सरकारमा सहभागी दल बाहिरिएपछि संसद्बाट विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्थाअनुरूप अब मुख्यमन्त्रीले विश्वासको मत लिनुपर्ने हुन्छ। संसद्मा कायम सांसद संख्याको बहुमत कायम भएपछि विश्वासको मत पाएको ठहर्छ। यसका लागि लुम्बिनी प्रदेशमा ४२ सांसद मुख्यमन्त्रीको पक्षमा रहनुपर्ने हुन्छ। ८३ सांसद संख्या रहेको यो प्रदेशको बहुमत संख्या ४२ हो। मुख्यमन्त्री आचार्यले अहिलेसम्म कायम गठबन्धनको मत प्राप्त भए स्पष्ट विश्वासको मत पाउने छन्। एमालेका २९, नेकपाका १२ ,जसपाका ५ र एक स्वतन्त्र गरी मुख्यमन्त्रीको पक्षमा अहिले ४७ मत देखिन्छ।

सरकारबाट बाहिरिँदै सरकारलाई दिएको समर्थनसमेत फिर्ता लिएको कांग्रेस भने अब संसद्मा प्रतिपक्षीय भूमिकामा रहने छ। फलतः उसले मुख्यमन्त्रीको विश्वासको विपक्षमा मत दिने छ। 'हामी सरकारबाट बाहिरिएपछि अहिले कुनै राजनीतिक शक्तिसँग सहकार्य गरेर सरकार निर्माण प्रयास गरेका छैनौं, यसर्थ हामी अब सशक्त प्रतिपक्षको भूमिकामा रहने छौं', कांग्रेस लुम्बिनी प्रदेश प्रमुख सचेतक जमुना ढकालले भनिन्, 'सरकारले गर्ने हरेक कामलाई हामीले अब प्रतिपक्षीय भूमिकाबाट हेर्नेछौं।' एमाले र नेकपाका शीर्ष नेताहरूबिच प्रदेश सरकारमा समीकरण गरेर जाने सहमति भएसँगै लुम्बिनी प्रदेशमा पनि नयाँ सत्ता समीकरण प्रारम्भ भएको हो।

# कर्णालीमा भागबन्डा मिलेन

**गोविन्द केसी**

*वीरेन्द्रनगर, साउन १७*

कर्णाली प्रदेशमा नयाँ मुख्यमन्त्री नियुक्त भएको ६ दिन पुग्दासमेत सत्ता साझेदार दलबिच भागबन्डा नमिल्दा मन्त्रीमण्डल विस्तार हुन सकेको छैन। मुख्यमन्त्रीसहित सात मन्त्रीमण्डलमा नेकपा र एमालेबिच मन्त्री र मन्त्रालयको कुरो नमिल्दा मन्त्रीमण्डल विस्तार हुन नसकेको हो।

मंगलबार कर्णाली प्रदेश प्रमुख यज्ञराज जोशीले मुख्यमन्त्री मंगलबहादुर शाहीलाई मुख्यमन्त्रीमा नियुक्त गरेका थिए। नियुक्त गरेको भोलिपल्ट बुधबार प्रदेश प्रमुखले संविधानको धारा १६८(२) बमोजिम पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए। शपथ ग्रहणलगत्तै मुख्यमन्त्री कार्यालयमा पदभार ग्रहण गरे, तर एमाले र नेकपाबिच मन्त्री र मन्त्रालय भागबन्डामा कुरा नमिल्दा अँझै मन्त्रीमण्डल विस्तार अलमलमा परेको हो। मुख्यमन्त्री नियुक्त भएको हप्ता दिन पुग्न लाग्दासमेत दुई दलबिच मन्त्री संख्या र मन्त्रालयको कुरा मिल्न नसकेको हो।

स्रोतका अनुसार एमालेले दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको सहआयोजक सामाजिक विकास मन्त्रालयसहित चार मन्त्रालय मागेको छ, तर नेकपाले तीन/तीन मन्त्रालय लिनुपर्ने अडान लिएको छ। पछिल्लो वार्तामा राज्यमन्त्रीसहित नेकपाले तीनवटा र एमाललाई चारवटा मन्त्री दिने सहमतिनजिक पुगेको जनाइएको छ, तर सामाजिक विकास मन्त्रालय नेकपालेले दाबी





गरेपछि मन्त्रीमण्डल विस्तार हुन नसकेको जनाइएको छ। मन्त्रीमण्डल विस्तार हुन नसक्दा ६ दिनदेखि मुख्यमन्त्रीले एकल रूपमा सरकार चलाएका छन्। मुख्यमन्त्री एकल हुँदा मन्त्रीपरिषद् बैंठकसमेत बस्न सकेको छैन। सोमबार वा मंगलबारसम्म मन्त्रीमण्डल गठन हुने सत्ता साझेदार दलहरूले जनाएका छन्।

# नयाँ सरकार गठनमा सकस

**विनोद सुवेदी**

*विराटनगर, साउन १७*

कोसी प्रदेशमा नेकपा एमालेभित्रको विवादका कारण सरकार परिवर्तनमा सकस उत्पन्न भएको छ। केन्द्रमा नेकपा र एमालेबिच गठबन्धन गरेर नयाँ सरकार बनाउने सहमति भए पनि कोसी प्रदेशमा एमालेभित्रको विवादले सरकार परिवर्तनमा सकस उत्पन्न भएको हो। कोसी प्रदेशमा हाल एमाले र नेपाली कांग्रेसको गठबन्धन सरकार छ। केन्द्रमा कांग्रेस र एमालेबिचको गठबन्धन टुटेर नेकपासँग गठबन्धनको सहमति भइसके पनि नयाँ सरकार गठनका लागि कोसी प्रदेशमा हालसम्म कुनै काम अघि बढेको छैन।

## कोसी प्रदेश

एमाले नेतृत्वले हालका मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई हटाएर नयाँ सरकारको मुख्यमन्त्रीमा एमाले कोसी प्रदेश संसदीय दलका उपनेता तिलकुमार मेन्याङ्बोलाई मुख्यमन्त्री बनाउन चाहेको छ, तर कोसीका मुख्यमन्त्री हिक्मतकुमार कार्की राजीनामा दिन तयार नभएपछि कोसीमा नयाँ सरकार गठन अन्योलमा परेको हो। अन्य प्रदेशको जस्तो अवस्था कोसीमा नरहेका कारण हालका मुख्यमन्त्रीलाई नै निरन्तरता दिनुपर्ने एमालेका केही सांसदहरूको भनाइ छ।

यस्तै अर्को पक्षका सांसदहरू भने मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई जसरी पनि हटाएर नयाँ मुख्यमन्त्री बनाउनुपर्ने बताउँदै आएका छन्। एमालेभित्रको यही विवादका कारण अन्य प्रदेशमा सरकार परिवर्तन हुन थालेको भए पनि कोसी प्रदेशमा भने हालसम्म प्रक्रिया अघि बढ्न सकेको छैन। एमाले कोसी प्रदेशका इन्चार्ज शेरधन राईको अगुवाइमा हाल एमालेका सांसदहरू कोसी प्रदेश सरकारको नेतृत्व परिवर्तनका लागि छलफलमा जुटेको स्रोतले जनाएको छ।

मुख्यमन्त्री हिकमतकुमार कार्कीलाई राजीनामा दिन आग्रह गरे पनि नमानेपछि उनलाई हटाउने विषयमा विराटनगरको विग होटलमा छलफल भइरहेको स्रोतले जनाएको छ। यता एमाले कोसी प्रदेश संसदीय दलका प्रमुख सचेतक रमेशकुमार बस्नेतले सरकारको नेतृत्वको विषयमा कुरा नमिलेका कारण नयाँ सरकार गठन प्रक्रिया अघि नबढेको बताए। उनले सरकारको नेतृत्व फेर्ने वा अहिलेकै नेतृत्वलाई निरन्तरता दिने विषयमा निर्णय भइनसकेका कारण सरकार परिवर्तन प्रक्रिया



हिक्मतकुमार कार्की

अघि नबढेको उनको दाबी छ। बस्नेतले भने, 'अहिलेकै नेतृत्वलाई निरन्तरता दिने वा नयाँ नेतृत्व चयन गर्ने भन्ने विषयमा निर्णय भइनसकेका कारण सरकार परिवर्तन प्रक्रिया अघि नबढेको हो।'

बस्नेतले सरकारको नेतृत्व परिवर्तनको विषय सहमतिका आधारमा टुंगिने दाबी पनि गरे। उनले भने, 'पार्टी निर्णय र प्रदेश संसदीय दलको निर्णयबाट नेतृत्वको विषय टुंगिने नभई कोसी प्रदेशका सन्दर्भमा संविधानको धारालाई पनि ख्याल गर्नुपर्ने अवस्था छ।' बस्नेतले हालको सरकार संविधानको धारा १६८ को उपधारा ५ बमोजिम बहुमतप्राप्त सांसदको नेतृत्वमा गठन भएकाले पार्टी र संसदीय दलको निर्णय मात्रै नभई संविधानको धारालाई पनि ख्याल गर्नुपर्ने बताए।

यति मात्रै होइन सहमति नभए हालका मुख्यमन्त्रीलाई हटाउन पनि एमालेलाई सहज छैन। एमाले कोसी प्रदेशको संसदीय दलको विधानअनुसार संसदीय दलको नेता हटाउन दुईतिहाइ बहुमत आवश्यक पर्दछ, तर मुख्यमन्त्री हिक्मतकुमार कार्कीविरुद्ध संसदीय दलमा दुईतिहाइ बहुमत पुग्ने अवस्था नरहेको बस्नेतले स्पष्ट पारे।

यता कोसी प्रदेश सरकारबाट कांग्रेस नबाहिरिएका कारण पनि मुख्यमन्त्री कार्कीले बलियो समर्थन पाइहेका छन्। कांग्रेस पनि अहिलेकै अवस्थामा सरकारबाट बाहिरिने पक्षमा देखिएको छैन। यता एमालेको नयाँ सत्ता साझेदार हुन सहमति जनाइसकेको भए पनि नेकपा कोसी प्रदेशका नेताहरू कोसी प्रदेशमा मुख्यमन्त्री नपाएको भन्दै असन्तुष्ट देखिएका छन्। कोसी प्रदेशमा सरकारको मुख्यमन्त्रीको दाबी गर्दै नेकपा पनि नयाँ सरकार गठनका लागि अग्रसर देखिएको छैन। एमालेले सरकारको नेतृत्व फर्न खोज्नु, कांग्रेस सरकारबाट नबाहिरिनु र नेकपा पनि सरकारमा जान अग्रसरता नदेखाउनुले कोसीको नयाँ सत्ता समीकरण कसरी अघि बढ्ने हो भन्ने अन्योल देखिएको छ। यसैबिच पूर्वमुख्यमन्त्री एवं एमाले नेता शेरधन राई र कोसी प्रदेशसभा नेकपा संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोबिच आइतबार नयाँ सरकार गठनका विषयमा छलफल भएको छ।

पृष्ठ १ बाट

# आआफ्नै बाटामा कांग्रेसका दुई समूह

साथै विभिन्न १६ समितिसमेत गठन गरिएको शनिबार पत्रकार सम्मेलनको आयोजना गरी जानकारी दिइएको छ। चुनदेवीमा सम्पर्क कार्यालय स्थापना गरेका उनीहरूले नेपाली राजनीति एक वर्षयता अनिश्चितता र हिंसाको भूमरीमा रुमल्लिएको र त्यसको प्रत्यक्ष असर कांग्रेसमा परेको जिकिर गरेका छन्। पार्टीभित्र चुलिएको आन्तरिक विवाद र आगामी महाधिवेशनको तयारीसहितका विषयमा छलफल गर्न भेला आयोजना गरेको इतर पक्षको दाबी छ।

इतर पक्षले भेला आयोजना गरेपछि संस्थापन पक्षले भने मुलुकको पछिल्लो राजनीतिक अवस्था र पार्टीभित्रको आन्तरिक विवादका विषयमा छलफल गर्न केन्द्रीय समिति बैठक बोलाएको छ। संस्थापन पक्षले साउन २४ गते पार्टी केन्द्रीय कार्यालयमा बैठक बोलाएको छ। सो बैठकले पार्टीको १५औं महाधिवेशन र आन्तरिक विवादका विषयमा ठोस निर्णय लिने दाबी गरिएको छ। विशेष महाधिवेशनको पक्ष र विपक्षमा विभाजित कांग्रेसका नेताहरू पार्टी नेताको निधनमा पनि एकै ठाउँमा उभिने र भेटिने अवस्था बाहिर पुगेका छन्। पार्टीको नाम, चिह्न एउटै भए पनि अलग र फरक बाटो समाएका दुवै पक्ष विभाजनको आरोपबाट जोगिन सक्रिय छन्। दुवै पक्षले आआफ्नो सर्त अघि सारेका छन्। इतर पक्षले १४औं महाधिवेशनबाट आएका केन्द्रीय सदस्यको समायोजनलाई सर्तका रूपमा अघि सारेका छन्। तर संस्थापन पक्षले त्यसलाई अस्वीकार गर्दै केही नेतालाई मात्र केन्द्रीय समितिमा समायोजन गर्न सकिने अडान राख्दै आएका छन्।

पछिल्ला दिनमा १४औं महाधिवेशनबाट आएका सबै सदस्यलाई मनोनीत गर्दा त्यसकै आधारमा ४० प्रतिशत पुर्‍याएर इतर समूह पार्टी विभाजनको पक्षमा रहेको संस्थापन पक्षले आरोप लगाउँदै आएको छ। तर इतर पक्षले त्यसको प्रतिवाद गर्दै आएको छ। आफूहरू पार्टीलाई एकताबद्ध बनाउन हदैसम्मको लचकता अपनाउन तयार रहेको दाबी संस्थापनले गर्दै आएको छ। कांग्रेसका दुवै पक्ष आआफ्ना तयारीमा लागेपछि युवा नेताहरू भने पार्टी एकताका लागि सक्रिय हुन थालेका छन्।

# मन्त्रीका २२ थरी सल्लाहकार

पूर्वाधार विकास मन्त्रालयका प्रवक्ता रामहरि पोखरेलले मन्त्रालयले संगठन तथा व्यवस्थापन (ओएनएम) सर्भे प्रस्ताव तयार गरी मन्त्रिपरिषद्मा पठाएको बताए। ओएनएमअनुसार मन्त्रालयमा ११ महाशाखा रहने छन्। महाशाखाको नेतृत्व सहसचिवले गर्ने छन्। हाल पनि महाशाखाको नेतृत्वमा सहसचिवले नै गर्दै आएका छन्। यसैगरी उक्त मन्त्रालयमा १९८ कर्मचारी राख्न दरबन्दी प्रस्ताव गरिएको छ। नयाँ संरचनाअनुसार प्रशासन महाशाखामा मात्र एक सहसचिवसहित १०२ कर्मचारी रहने भएका छन्। जसमा अधिकृत, नायब सुब्बा, कम्प्युटर अपरेटर, लेखापाल, कानुन अधिकृत, पुस्तकालय सहायक, कार्यालय सहयोगी र हलुका सवारी चालक पनि रहने छन्।

साबिकका भौतिक पूर्वाधार तथा यातायात, सहरी विकास र खानेपानी मन्त्रालयलाई गाभेर पूर्वाधार विकास मन्त्रालय बनाइएको हो। साबिकका तीन जना इन्जिनियर समूहका सचिवको दरबन्दी कटौती गरी एक जना मात्र सचिवको दरबन्दी राखिएको छ। हाल पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले आफ्नो सचिवालयमा सचिवसरहको कर्मचारीमा सन्तोष पाण्डेलाई नियुक्त गरेका छन्।

राष्ट्रिय किताबखानाका महानिर्देशक श्रवण पोखरेलका अनुसार हालसम्म १० वटा मन्त्रालयले ओएनएम सर्भे पूरा गरी किताबखानामा आइपुगेको बताए। किताबखानामा जानुअघि मन्त्रिपरिषद्बाट ओएनएम सर्भे पास हुनुपर्छ। पूर्वाधार विकास मन्त्रालयले तयार गरेको ओएनएम सर्भे हाल मन्त्रिपरिषद्मै रहेकाले उक्त प्रस्ताव किताखानामा गएको छैन। स्रोतका अनुसार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले पनि ओएनएम सर्भे पूरा गरी मन्त्रिपरिषद्मा प्रस्ताव पठाएको छ।

# 'हिमाल चढ्दा घरमा धुपबत्ती बाल्देऊ है...'

**वसन्त ढुंगाना**

*चितवन, साउन १७*

पाकिस्तानको ब्रोड पिक हिमालमा गएको भीषण हिमपहिरोमा परी दिवंगत भएका कीर्तिमानी पर्वतारोही निर्मल पुर्जा 'निम्स दाइ' को रामनगरस्थित घर शोकमग्न बनेको छ। भरतपुर महानगरपालिका- १ रामनगरमा निम्स दाइको घर छ।

सो घरमा पछिल्लो समय उनका माहिला दाइको परिवार बस्दै आएको छ। निम्स दाइ हिमालमै अस्ताएको खबर आएपछि रामनगर घरमा उनको तस्बिरमा माल्यार्पण गर्नुका साथै दीप प्रज्ज्वलन गरी श्रद्धाञ्जली अर्पण गरिएको छ। आफन्तहरू घरमा पुगेका छन्। निम्स दाइको साहस र बाल्यकाल सम्झँदै आफन्तहरू भावुक बनेका छन्। हिमाल चढ्दा सधैं आफूलाई बताउने गरेको भाइले पाकिस्तान जाँदा केही खबर नगरेको भनी माहिला दाइ जितबहादुर पुर्जा पुनः भक्कानिए। 'पहिला हिमाल चढ्दा घरमा धुपबत्ती बाल्देऊ है दाइ भन्थ्यो, पाकिस्तान जाने बेलामा मलाई केही नभनी गयो', यति भन्दाभन्दै उनी भावुक भए।

निर्मलका चार दाजुभाइ र एक बहिनी छन्। बहिनी अस्ट्रेलियामा छिन्। निर्मलका बुबा पनि ब्रिटिस आर्मी थिए। म्याग्दीको अन्नपूर्ण गाउँपालिका- ३ दानामा जन्मिएका उनले चितवनको आँपटारीस्थित स्मल हेभन स्कुलमा कक्षा ३ देखि १० सम्म पढेका थिए। उक्त स्कुल अहिले कल्याणपुरमा सरेको छ। कक्षा १० को टेस्ट परीक्षा दिएपछि उनी एसएलसी नदिईकन लाहुरे बन्न गएका थिए। ब्रिटिस आर्मीको जागिर छाडेका निम्स दाइले १४ वटा भीमकाय हिमाल चढेर विश्व कीर्तिमान बनाएका छन्। ४० वर्षअघि उनको परिवार चितवन बसाइँ सरेको थियो।

स्मल हेभन स्कुलमा २०५२ सालदेखि काम गर्दै आएका प्रशासकीय अधिकृत धर्मराज घिमिरेका अनुसार निर्मल पुर्जा २०५१ सालमा कक्षा ३ मा भर्ना भएका थिए। उनीसँगै बहिनी अनिता पनि सोही स्कुलमा भर्ना भएकी थिइन्। निर्मलले त्यहाँ कक्षा १० सम्म पढे। 'खेलकुदलगायतका अतिरिक्त क्रियाकलापमा उनी अब्बल थिए। म निर्मलसँग अलि नजिक पनि थिएँ', स्कुलको प्रशासनमा काम गर्ने कर्मचारी घिमिरेले भने, 'अग्रजलाई असाध्यै समान्न गर्ने। विश्व रेकर्ड बनाएपछि हामीले सम्मान पनि गरेका थियौं।'

निर्मलको सम्मानमा रथयात्रा निकालिएको थियो। 'दाइ र बुबा ब्रिटिस आर्मीमा रहेकाले पनि होला १० कक्षा पढ्दापढ्दै उनलाई पनि फौजी हुन मन लागेछ। टेस्ट परीक्षा दिएर एसएलसी नदिइकन उनी लाहुरे बन्न गए', उनले विगत सम्झँदै भने, 'विद्यार्थी त धेरै हुन्छन्, तर निर्मलजस्तो पाउन गाह्रो हुन्छ।'

निर्मलका बारेमा बोल्दाबोल्दै उनी भावुक भए। 'यति छिटै हामीलाई छाडेर गए। धेरै दुःख लागेको छ', भावुक हुँदै उनले भने, 'सर तपाईंलाई केही पर्‍यो भने मलाई सम्झनु है भन्थे।' चितवन आएका बेला जहिल्यै निर्मलसँग उनको भेट हुन्थ्यो। आफ्नो बुबा बितेका बेला निर्मल रामनगर घर आएका थिए। निर्मलसँग अन्तिम पटक त्यहीं भेट भएको थियो घिमिरेको। विश्व कीर्तिमान बनाएपछि निर्मलले आफ्नी आमालाई हेलिकोप्टरमा राखेर हिमालको बेसक्याम्प लगेका थिए।

निर्मल हिमपहिरोमा परेको खबर घिमिरेले समाचार पढेर थाहा पाएका थिए। 'निर्मल असाधारण र साहसी मान्छे हो। कुनै न कुनै उपाय अपनाएर हिमपहिरो छलेर बाँच्छन् भन्ने लागेको थियो, तर हामी सबैलाई छाडेर गए', उनले भने। 'निर्मल सैद्धान्तिकभन्दा पनि अतिरिक्त क्रियाकलापमा बढी अब्बल थिए', उनलाई गणित विषय पढाएका शिक्षक केशव घिमिरे भन्छन्, 'खेलकुदमा उनको रुचि धेरै थियो। निर्मललाई मैले कक्षा ५ देखि ९ सम्म गणित पढाएँ। उनी एकदमै साहसी व्यक्ति हुन्।' उनले स्मल हेभनमा २०५२ सालदेखि २०६२ सालसम्म पढाएका थिए।

# हिमाललाई घर ठान्ने निर्मल पुर्जा हिमालमै बिलाए

पृष्ठ १ बाट

'निम्स दाइ फर एजुकेसन' का संस्थापक निर्मलले शिक्षा, स्वास्थ्य, सामाजिक र मानवीय सेवाका क्षेत्रमा सहयोग गर्दै आएको संस्थाका कर्मचारी गोविन्द बरुवालले बताए।

निर्मलले जन्मभूमि क्षेत्रको आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमालबाट विश्वका ८ हजार मिटर अग्ला १४ वटा हिमाल आरोहण सुरू गरेका थिए। म्याग्दीमै रहेको सातौं अग्लो धौलागिरि हिमाल (८१६७ मि अग्लो) आरोहण गरेपछि निर्मल थप हिमाल आरोहणमा निस्किएका थिए। उनले पहिलोपटक धौलागिरि हिमाल बिनाअक्सिजन आरोहण गरेका थिए। उनले चीनको तिब्बतस्थित शिशापङ्मा हिमाल पनि आरोहण गरेका थिए। उनी विश्वका आठ हजार मिटर अग्ला सबै हिमाल आरोहण गर्ने पहिलो पर्वतारोही थिए। उनले विश्वकै अग्लो सगरमाथासहित केटु, कञ्चनजंगा, ल्होत्से, मकालु, च्होयो, मनास्लु, नांगा पहाड, गशेरब्रुम, ब्रोड पिक, गशेरब्रुम दोस्रोलगायत आरोहण गरेका थिए। उनले आरोहण गरेका आठ हजार मिटर अग्ला १४ वटा हिमालमध्ये ८ वटा नेपालमा बाँकी पाकिस्तान र चीनमा पर्छन।

निर्मल बेलायती सेनाको 'स्पेसल फोर्स'मा छानिएका थिए। उनी पेन्सन नजिक पुगेको बेलायती सेनाको जागिर छाडेर आरोहणमा केन्द्रित भएका थिए। आरोहण खर्च जुटाउन उनले बेलायतको घर बिक्री गरेका मात्रै थिएनन्, चन्दासमेत उठाएका थिए। उनको आरोहणका लागि आर्थिक संकलन गर्न प्रवासमा रहेका म्याग्देलीले नेतृत्व गरेका थिए।

निर्मलको कीर्तिमानी हिमाल आरोहण क्रममा ७ लाख ५० हजार डलर बढी खर्च भएको बताइन्छ। निर्मल म्यादीस्थित ८ हजार मिटर अग्लो धौलागिरि र अन्नपूर्ण आरोहण गर्ने पहिलो म्याग्देलीसमेत हुन्। विभिन्न आरोहणका क्रममा अलपत्र परेका आरोहीलाई उद्धार गरेर संसारभरि चर्चा कमाएका ४३ वर्षीय पुर्जा हिमालमै बिलाएका हुन्।

अन्नपूर्ण गाउँपालिकाले निर्मलको मृत्युमा सोमबार सार्वजनिक बिदा दिएको छ। गत बिहीबार पाकिस्तानको ब्रोड पिक आरोहणका क्रममा हिमपहिरोमा परेका निर्मलसहित १० आरोहीको मृत्यु भएको हो।

बाल्यकालमै डोरीको सहायताले पहाड चढ्ने गरेका पुर्जा दौडलगायत कार्यक्रम सहभागी हुन्थे। सन् २००३ मा पोखरास्थित ब्रिटिश क्याम्पबाट ब्रिटिस आर्मीमा छनोट भएका उनले बेलायतको क्याट्रिकस्थित आर्मी ट्रेनिङ सेन्टरबाट आधारभूत तालिम लिएका थिए।

उनी आधारभूत तालिममा च्याम्पियन रिक्रुटको उपाधि लिएर क्विन्स गोर्खा इन्जिनियर्ससमा गएका थिए। क्विन्स गोर्खा इन्जिनियर्सको आधारभूत तालिमपछि उनी पेन्टिङ एण्ड डेकोरेसन ट्रेडमा कार्यरत थिए। उनले ब्रिटिस आर्मीको कमाण्डोसमेत गरेका थिए।

बेलायतको रक्षा मन्त्रालयमा माउन्टेन विज्ञका रुपमासमेत काम गरेका थिए निर्मलले। उनले २०१७ मेमा ५ दिनमा ८ हजार मिटरभन्दा अग्ला सगरमाथा, मकालु र ल्होत्से हिमाल आरोहण र एउटै सिजनमा १७ दिनमा दुईपटक सगरमाथा चढेर ३ वटा विधामा गिनिज बुकमा नाम लेखाएका थिए।

गोर्खा एक्सपिडिसन २०१७ मा १३ जना ब्रिटिस गोर्खाले गरेको सफल सगरमाथा आरोहणको नेतृत्व उनैले गरेका थिए। उनले बेलायती महारानीबाट प्रतिष्ठित एमबिई अवार्ड प्राप्त गरेका थिए। उनको नाममा विश्वका ८ हजार मिटरभन्दा अग्ला १४ हिमाल अतिरिक्त अक्सिजन प्रयोग नगरी सबैभन्दा छिटो आरोहण गरेको रेकर्डसमेत छ। निर्मलको 'प्रोजेक्ट पसिबल'को वृत्तचित्र 'फोर्टिन पिक्सः नथिङ इज इम्पोसिबल' नेटफ्लिक्समा १९१ देशमा ३१ भाषामा प्रकाशित छ।

## निकालियो निर्मलको शव

काठमाडौं, साउन १७ (नागरिक)- हिमपहिरोमा परी मृत्यु भएका आरोही निर्मल पुर्जा 'निम्सदाइ'को शव आइतबार निकालिएको छ। पाकिस्तानको ब्रोड पिक आरोहणका क्रममा हिमपहिरोमा परी बेपत्ता भएका निर्मल शनिबार मृत भेटिएका थिए। पाकिस्तानको अल्पाइन क्लब अफ पाकिस्तान (एपिसी) ले पाँच हजार सात सय मिटर उचाइमा फेला परेको उनको शव आइतबार नै जापानी क्याम्पसम्म ल्याउने तयारी भइरहेको जनाएको छ। निम्सको शवनजिकै अरू तीन पर्वतारोहीको पनि शव भेटिएको बिबिसीले जनाएको छ। हिमपहिरोको उच्च जोखिम, कठिन भौगोलिक अवस्था र ठाडो भिरका कारण उद्धार कार्य चुनौतीपूर्ण बनेको थियो। हिमपहिरोमा परी बेपत्ता भएका पुर्जासहित १० जनामध्ये गोरखाका पुरबहादुर गुरुङ 'युक्ता'सहित तीन जनाको शव शुक्रबार नै आधार शिविरमा ल्याइएको थियो।

प्रतिकूल अवस्थामा शत्रुलाई पनि काँधमा बोकेर हिँड्नुपर्ने हुन्छ । होइन भने विजयको चाहना चाहनामै सीमित हुन्छ । – वेदव्यास

# हिमताल जोखिम

नेपालका हिमाल केवल प्राकृतिक सम्पदा मात्र होइनन्, दक्षिण एसियाका हजारौं मानिसको जीवन धान्ने आधार पनि हुन् । तर पछिल्ला दशकमा जलवायु परिवर्तनका कारण हाम्रा हिमाल तीव्र गतिमा रूपान्तरण भइरहेका छन् । जुन सुखद होइन । पछिल्लो एक अध्ययनले नेपालका हिमनदीबाट बनेका हिमतालहरूको संख्या र क्षेत्रफल निरन्तर बढिरहेको देखाएको छ । सन् २०१७ देखि २०२४ सम्मको अध्ययनअनुसार विशेषगरी कोसी नदी प्रणालीमा हिमतालको विस्तार सबैभन्दा तीव्र छ ।

बेलायतको लिड्स विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, भारतको वाडिया इन्स्टिच्युट अफ हिमालयन जियोलोजी र चिनियाँ विज्ञान प्रतिष्ठानका वैज्ञानिकहरूको संयुक्त अध्ययनले पहिलो पटक कृत्रिम बुद्धिमत्ता र उपग्रह प्रविधिको प्रयोग गरी हरेक वर्ष हिमतालको अवस्था अद्यावधिक गर्न सकिने प्रणाली विकास गरेको छ । यसले हिमतालहरूको संख्या, क्षेत्रफल र विस्तारको गति निरन्तर निगरानी गर्न सक्ने भएकाले जोखिम पहिचान र पूर्वसूचना प्रणालीलाई थप प्रभावकारी बनाउने आधार तयार भएको छ । वैज्ञानिक अनुसन्धानलाई नीति निर्माणसँग जोड्ने हो भने यो नेपालका लागि ठुलो उपलब्धि हुन सक्छ । नेपालले हिमताल व्यवस्थापनमा विश्वलाई सिकाउने गौरवपूर्ण इतिहास पनि बोकेको छ । सन् १९९० को दशकको अन्त्यतिर दोलखाको रोल्वालिङ क्षेत्रमा रहेको च्छो रोल्पा हिमताललाई विश्वकै सबैभन्दा जोखिमयुक्त हिमतालमध्ये एक मानिएको थियो । त्यतिबेला नेपाल सरकारले अन्तर्राष्ट्रिय साझेदारहरूको सहयोगमा तालको जलस्तर झन्डै तीन मिटर घटाउने, निकास प्रणाली निर्माण गर्ने र निरन्तर निगरानी गर्ने ऐतिहासिक काम गर्‍यो । त्यसबेला यस्तो प्रविधि र प्रयास विश्वमै दुर्लभ थियो । च्छो रोल्पा परियोजनाले नेपाललाई हिमताल जोखिम न्यूनीकरणमा अग्रणी देशका रूपमा स्थापित गरायो र अन्तर्राष्ट्रिय समुदायबाट प्रशंसा पनि दिलायो । पछि इम्जा हिमतालको जलस्तर घटाउने कार्यले पनि यही परम्परालाई निरन्तरता दियो ।

विडम्बना के छ भने त्यसयता हिमतालको संख्या र जोखिम बढिरहे पनि हाम्रो तयारी त्यही अनुपातमा अघि बढ्न सकेको छैन । उच्च हिमाली क्षेत्रमा रहेको यो विकासक्रमलाई नियाल्न सुदृढ नियमन प्रणालीको आवश्यकता रहन्छ । यसमा केही फाटफुट प्रयास भए पनि बढ्दो संकटको अनुपातमा हाम्रा प्रयास अपुग छन् । सन् २०२३ मा थामे क्षेत्रमा भएको हिमताल विस्फोटले सडक, पुल, जलविद्युत् आयोजना र स्थानीय पूर्वाधारमा पुर्‍याएको क्षतिले जोखिम कति वास्तविक छ भनेर प्रमाणित गरिसकेको छ । हिमनदी पग्लने गति तीव्र भइरहँदा नयाँ हिमताल बन्ने र पुराना विस्तार हुने क्रम अझ बढ्ने वैज्ञानिक चेतावनीलाई हल्का रूपमा लिन मिल्दैन । अब नेपालले केही प्राथमिक काम तत्काल अघि बढाउनुपर्छ । पहिलो, सबै सम्भावित जोखिमयुक्त हिमतालको नियमित वैज्ञानिक निगरानी अनिवार्य बनाइनुपर्छ । नयाँ विकसित एआई प्रणाली, उपग्रह तस्बिर, ड्रोन सर्वेक्षण र स्थलगत अध्ययनलाई एकीकृत गर्दै राष्ट्रिय हिमताल अनुगमन केन्द्र स्थापना गर्न आवश्यक छ । जोखिमको पहिचान एकपटक गरेर पुग्दैन, हरेक वर्ष अद्यावधिक हुनुपर्छ ।

> हिमतालको विस्तार रोक्ने शक्ति नेपालसँग छैन किनभने यसको मूल कारण विश्वव्यापी तापक्रम वृद्धि हो तर त्यसबाट हुने क्षति कम गर्ने क्षमता भने अवश्य छ । नेपालले समयमै वैज्ञानिक निर्णय लिन सक्ने क्षमता राख्छ भन्ने प्रमाण च्छो रोल्पाले दिइसकेको छ ।

उच्च जोखिममा रहेका हिमतालहरूको जलस्तर नियन्त्रित रूपमा घटाउने कार्य अर्को महत्त्वपूर्ण पाटो हो । च्छो रोल्पा र इम्जाबाट प्राप्त अनुभव अहिले अरुण, दुधकोसी, तमोर तथा अन्य हिमनदी प्रणालीका जोखिमयुक्त तालमा प्रयोग गर्न सकिन्छ । सबै तालमा यस्तो सम्भव नहुन सक्छ तर वैज्ञानिक मूल्यांकनका आधारमा प्राथमिकता निर्धारण गरेर जोखिम घटाउने कार्य तत्काल सुरु गर्नुपर्ने देखिन्छ । यो सन्दर्भमा सबैभन्दा महत्त्वपूर्ण कुरा हिमताल विस्फोटको पूर्वसूचना प्रणाली हो । यसलाई हिमालदेखि तराईसम्म विस्तार गर्नुपर्छ । हिमताल फुटेपछि बाढी केही घण्टामै सयौं किलोमिटर तल पुग्न सक्छ । माथिल्लो क्षेत्रमा स्वचालित सेन्सर, नदी सतह मापन यन्त्र, स्याटेलाइट सञ्चार र साइरन प्रणाली जडान गरी तल्लो तटीय बस्तीलाई समयमै सूचना पुर्‍याउन सके ठुलो जनधनको क्षति रोक्न सकिन्छ । स्थानीय सरकार, सुरक्षा निकाय र समुदायबिच नियमित अभ्याससमेत आवश्यक छ ।

यसैगरी जलविद्युत् आयोजना, सडक, पुल, बस्ती र औद्योगिक संरचनाको योजना बनाउँदा हिमताल विस्फोटको जोखिमलाई अनिवार्य रूपमा समावेश गर्नुपर्छ । अहिले पनि धेरै पूर्वाधार नदी किनार र बाढी बहाव क्षेत्रको वैज्ञानिक अध्ययनबिना निर्माण भइरहेका छन् । जलवायु जोखिमलाई बेवास्ता गरेर गरिएको विकास अन्ततः महँगो साबित हुन्छ ।

दीर्घकालमा भने नेपालले जलवायु अनुकूलनलाई विकास नीतिको केन्द्रमा राख्नैपर्छ । जोखिमयुक्त तटीय बस्तीको संरक्षण, सुरक्षित स्थानान्तरण योजना, बाढी प्रतिरोधी पूर्वाधार, जलाधार व्यवस्थापन, बिमा प्रणाली र समुदायको क्षमता अभिवृद्धि अब विकल्प होइन, आवश्यकता बनिसकेको छ । यसका लागि अन्तर्राष्ट्रिय जलवायु वित्त, प्रविधि हस्तान्तरण र क्षेत्रीय सहकार्यलाई पनि प्रभावकारी रूपमा उपयोग गर्नुपर्नेछ ।

अहिले नयाँ प्रविधि, कृत्रिम बुद्धिमत्ता र अन्तर्राष्ट्रिय अनुसन्धानले थप अवसर दिएको छ । अब आवश्यक कुरा भनेको राजनीतिक इच्छाशक्ति, पर्याप्त लगानी र वैज्ञानिक प्रमाणमा आधारित कार्यान्वयन हो ।



डा. शोभाकर पराजुली

# जैविक क्रान्तिको आवश्यकता




**आधुनिक कृषि प्रणालीसँगै रासायनिक मल र विषादीको प्रयोग बढ्दै गयो । उत्पादन केही बढ्यो तर माटोको जीवन घट्न थाल्यो । आज फेरि संसार त्यही पुरानो तर वैज्ञानिक रूपमा प्रमाणित बाटोतर्फ फर्किरहेको छ, जसलाई नेपाली किसानले पुस्तौंदेखि व्यवहारमा उतार्दै आएका थिए ।**

मानव सभ्यताको इतिहासलाई नियाल्ने हो भने एउटा सत्य स्पष्ट देखिन्छ- प्रकृतिसँग सुमधुर सम्बन्ध कायम रहेका समाजहरू दीर्घकालसम्म समृद्ध र सन्तुलित बने, जबकि प्रकृतिको दोहनलाई विकासको मापदण्ड बनाउने सभ्यताहरू अन्ततः अनेकौं संकटको सामना गर्न बाध्य भए । आज विश्वले भोगिरहेको जलवायु परिवर्तन, माटोको उर्वराशक्ति ह्रास, खानेपानीका स्रोतहरूको प्रदूषण, वन विनाश, जैविक विविधताको क्षय तथा मानिसमा बढ्दो दीर्घरोगका घटनाले यही सत्यलाई पुनः पुष्टि गरेका छन् । उत्पादन बढाउने नाममा रासायनिक मल र विषादीको अत्यधिक प्रयोगले तत्काल केही उपलब्धि दिलाए पनि त्यसको मूल्य अहिले सम्पूर्ण मानव जातिले तिर्न थालेको छ । यसैकारण आज संसारभरि पुनः प्रकृतिमैत्री कृषि प्रणालीको खोजी भइरहेको छ, जसलाई जैविक खेतीका नामले चिनिन्छ । जैविक खेती भन्नाले रासायनिक मल, रासायनिक विषादि, कृत्रिम वृद्धि प्रवर्धक तथा प्रकृतिको स्वाभाविक चक्रलाई बाधा पुर्‍याउने पदार्थको प्रयोग नगरी गोठेमल, कम्पोस्ट मल, हरियो मल, जैविक कीटनियन्त्रण, बाली चक्र, मिश्रित खेती, स्थानीय बिउ तथा प्राकृतिक प्रक्रियाको सहायताले गरिने दिगो कृषि प्रणालीलाई बुझिन्छ । यसको उद्देश्य केवल अन्न उत्पादन गर्नु मात्र होइन, माटोको जीवन जोगाउनु, पानीको शुद्धता कायम राख्नु, वातावरणको सन्तुलन संरक्षण गर्नु तथा मानिसलाई स्वस्थ र पोषणयुक्त खाद्य उपलब्ध गराउनु हो । सरल शब्दमा भन्नुपर्दा जैविक खेती प्रकृतिसँग प्रतिस्पर्धा होइन, प्रकृतिसँग सहकार्य गर्ने जीवनपद्धति हो । विज्ञानले पनि आज यही सत्यलाई स्वीकार गरेको छ ।

नेपालका लागि जैविक खेती कुनै नयाँ अवधारणा होइन । केही दशकअघिसम्म नेपाली किसानले गोठेमल, खरानी, पातपतिंगर, पशुपालन र स्थानीय बिउका आधारमा खेती गर्थे । खेतमा मौरी गुनगुनाउँथे, चराचुरुंगी स्वतन्त्र रूपमा विचरण गर्थे, केंचुवाले माटोलाई उर्वर बनाइरहेका हुन्थे र खोलानालाको पानी स्वच्छ रहन्थ्यो । जैविक खेती सफल बनाउन सबैभन्दा आवश्यक आधार स्वस्थ माटो हो । माटो निर्जीव पदार्थको थुप्रो होइन, यो असंख्य सूक्ष्मजीव, केंचुवा, जैविक पदार्थ र प्राकृतिक पोषणचक्रले बनेको जीवित संसार हो । जब माटो जीवित रहन्छ, तब बोटबिरुवाले आवश्यक पोषण सहज रूपमा प्राप्त गर्छन् । त्यसैले गोठेमल, कम्पोस्ट मल, हरियो मल, बाली चक्र, मिश्रित खेती, वर्षाको पानी संरक्षण, प्राकृतिक रूपमा किराको नियन्त्रण तथा पशुपालनसँग जोडिएको कृषि प्रणाली जैविक खेतीका आधारस्तम्भ हुन् ।

हावापानीका दृष्टिले नेपाल संसारकै भाग्यमानी राष्ट्रमध्ये एक हो । दक्षिणको उष्ण तराईदेखि उत्तरको हिमाली भूभागसम्मको विविध वातावरणले एउटै देशभित्र असंख्य प्रकारका बाली उत्पादन गर्ने क्षमता दिएको छ । धान, गहुँ, मकै, कोदो, फापर, जौ, आलु, सुन्तला, कागती, स्याउ, किवी, कफी, चिया, अलैंची, अदुवा, बेसार, जडीबुटी र सयौं प्रकारका फलफूल तथा तरकारी नेपालका विभिन्न भूभागमा उत्पादन गर्न सकिन्छ । यस्तो जैविक विविधता विश्वका थोरै राष्ट्रमा मात्र पाइन्छ । यही कारण नेपाललाई प्राकृतिक रूपमा जैविक खेतीका लागि अत्यन्त उपयुक्त मुलुक मानिन्छ ।

विश्व बजारमा विषादीरहित खाद्यवस्तुको माग निरन्तर बढिरहेको छ । स्वास्थ्यप्रति सचेत उपभोक्ताहरू सुरक्षित अन्न, फलफूल, तरकारी, चिया, कफी, मह, जडीबुटी र मसलाका लागि सामान्य उत्पादनभन्दा बढी मूल्य तिर्न तयार छन् । नेपालका हिमाली जडीबुटी, इलामको चिया, गुल्मीको कफी, पूर्वका अलैंची, अदुवा, बेसार, जुम्लाको स्याउ तथा उच्च पहाडी क्षेत्रमा उत्पादन हुने सिमी, फापर र कोदो विश्व बजारमा विशेष पहिचान बनाउन सक्ने क्षमता राख्छन् । यी उत्पादनलाई एउटै राष्ट्रिय पहिचानका साथ विश्वसामु प्रस्तुत गर्न सकियो भने कृषिले नेपालको अर्थतन्त्रमा नयाँ सम्भावना सिर्जना गर्न सक्छ । नेपालमा अझै पनि ठुलो जनसंख्या कृषि पेसामा आश्रित छ । तर बढ्दो उत्पादन लागत, रासायनिक मलको अभाव, बजारको अनिश्चितता र न्यून आम्दानीका कारण किसान निराश बन्दै गएका छन् । हजारौं युवा रोजगारीको खोजीमा बिदेसिन बाध्य छन् ।

हाम्रो पूर्वीय दर्शनले पृथ्वीलाई केवल माटोको डल्लो मानेको छैन, उसलाई माता मानेको छ । अथर्ववेदमा भनिएको छ- 'माता भूमिः पुत्रोऽहं पृथिव्याः', अर्थात् पृथ्वी मेरी आमा हुन् र म पृथ्वीको सन्तान हुँ । जसरी कुनै सन्तानले आफ्नी आमालाई विष दिन सक्दैन, त्यसरी नै हामीले जीवन दिने माटोलाई पनि विषाक्त बनाउने अधिकार राख्दैनौं । यही सन्देश आजको जैविक खेतीको मूल दर्शन हो । विज्ञानले प्रमाणित गरेको सत्यलाई हाम्रो सभ्यताले हजारौं वर्षअघि नै जीवनमूल्यका रूपमा स्वीकार गरिसकेको थियो । आज हामीले गर्नुपर्ने निर्णय केवल खेतीको तरिका परिवर्तन गर्नु होइन, विकासलाई हेर्ने दृष्टिकोण परिवर्तन गर्नु हो । उत्पादनको परिमाण मात्र होइन, उत्पादनको गुणस्तर, तत्कालको लाभ मात्र होइन, भावी पुस्ताको सुरक्षा, व्यक्तिगत स्वार्थ मात्र होइन, प्रकृति र समाजको हितलाई पनि समान महत्त्व दिन सक्यौं भने नेपाल जैविक कृषिमा विश्वकै उदाहरण बन्न सक्छ ।

> जैविक खेती सफल बनाउन सबैभन्दा आवश्यक आधार स्वस्थ माटो हो । माटो निर्जीव पदार्थको थुप्रो होइन, यो असंख्य सूक्ष्मजीव, केंचुवा, जैविक पदार्थ र प्राकृतिक पोषणचक्रले बनेको जीवित संसार हो । जब माटो जीवित रहन्छ, तब बोटबिरुवाले आवश्यक पोषण सहज रूपमा प्राप्त गर्छन् ।

मानिसको शरीर जति स्वस्थ भोजनमा निर्भर हुन्छ, त्यति नै स्वस्थ भोजन स्वस्थ माटोमा निर्भर हुन्छ । त्यसैले जैविक खेती केवल कृषि प्रणाली होइन, स्वस्थ समाज निर्माणको आधार हो । आज विश्वभरि क्यान्सर, मधुमेह, उच्च रक्तचाप, हार्मोनसम्बन्धी समस्या तथा विभिन्न दीर्घरोगको वृद्धि हुनुका धेरै कारणमध्ये असुरक्षित खाद्य पदार्थको सेवन पनि एक महत्त्वपूर्ण कारण मानिएको छ । रासायनिक विषादीका अवशेष अन्न, फलफूल र तरकारीमार्फत मानव शरीरमा प्रवेश गर्दा त्यसको असर तुरुन्तै नदेखिए पनि दीर्घकालमा स्वास्थ्यमा गम्भीर प्रभाव पर्न सक्छ । यसका विपरीत, जैविक रूपमा उत्पादन गरिएका खाद्य पदार्थमा यस्ता अवशेष न्यून हुने भएकाले ती तुलनात्मक रूपमा सुरक्षित मानिन्छन् । यही कारण विकसित देशका उपभोक्ताहरू अहिले स्वादभन्दा पनि सुरक्षित र पोषणयुक्त भोजनलाई प्राथमिकता दिन थालेका छन् । जैविक खेतीको अर्को महत्त्वपूर्ण पक्ष वातावरण संरक्षण हो । जब खेतमा अत्यधिक रासायनिक मल प्रयोग गरिन्छ, त्यसको एक भाग बिरुवाले उपयोग गरे पनि बाँकी पदार्थ वर्षाको पानीसँगै नदी, ताल र भूमिगत जलस्रोतमा पुग्छ । यसले पानीको गुणस्तरमा असर पार्छ र जलचर जीवलाई पनि हानि पुर्‍याउँछ ।

नेपालका लागि जैविक खेती आर्थिक समृद्धिको नयाँ आधार पनि बन्न सक्छ । हिमाल, पहाड र तराईका फरक-फरक हावापानीले यहाँ उत्पादन हुने कृषि वस्तुलाई विशेषता प्रदान गरेका छन् । हिमाली जडीबुटी, अलैंची, अदुवा, बेसार, मह, चिया, कफी, स्याउ, सुन्तला, किवी, फापर, कोदो तथा स्थानीय जातका फलफूल र तरकारी विश्व बजारमा उच्च मूल्यमा बिक्री हुन सक्ने सम्भावना बोकेका छन् । उत्पादनदेखि प्रशोधन, गुणस्तर परीक्षण, प्याकेजिङ र निर्यातसम्मको शृंखला व्यवस्थित गर्न सकियो भने नेपाली किसानले अहिलेभन्दा धेरै गुणा बढी आम्दानी गर्न सक्छन् । यसले वैदेशिक मुद्रा आर्जन मात्र होइन, ग्रामीण अर्थतन्त्रलाई पनि सुदृढ बनाउनेछ । तर यति ठुलो सम्भावना हुँदाहुँदै पनि नेपालले अझै अपेक्षित उपलब्धि हासिल गर्न सकेको छैन ।

जैविक उत्पादनको प्रमाणीकरण प्रक्रिया पनि सरल, सहज र किसानमैत्री बन्न आवश्यक छ । राज्यले स्थानीय तहदेखि राष्ट्रिय स्तरसम्म जैविक कृषि प्रवर्धनलाई प्राथमिकतामा राख्नुपर्छ । विद्यालयमा कृषि शिक्षालाई व्यवहारसँग जोड्नु, विश्वविद्यालयमा अनुसन्धानलाई प्रोत्साहन गर्नु, किसानलाई नियमित तालिम उपलब्ध गराउनु तथा सहकारी संस्थामार्फत उत्पादन र बजारीकरणलाई सुदृढ बनाउनु आजको आवश्यकता हो । नेपालले केही जिल्लालाई क्रमशः पूर्ण जैविक कृषि क्षेत्रका रूपमा विकास गर्ने नीति अवलम्बन गर्न सक्छ । प्रत्येक स्थानीय तहमा कम्पोस्ट मल उत्पादन केन्द्र स्थापना गर्ने, गोठेमल व्यवस्थापनलाई प्रोत्साहन गर्ने, सामुदायिक नर्सरी स्थापना गर्ने, वर्षाको पानी संकलन गर्ने तथा स्थानीय बिउ संरक्षण गर्ने कार्यक्रमलाई राष्ट्रिय अभियानका रूपमा सञ्चालन गर्न सकिन्छ ।

कल्पना गरौं, केही वर्षपछि नेपालको कुनै गाउँमा बिहानको पहिलो किरणसँगै किसान आफ्नै खेतमा मुस्कुराउँदै पुगेका छन् । खेतमा विषादीको गन्ध छैन, माटोको सुगन्ध छ । चराचुरुंगीको चिरबिराहट सुनिन्छ, मौरीहरू फूलमा रमाइरहेका छन्, खोलाको पानी स्वच्छ छ, बालबालिकाले आफ्नै बारीमा फलाएको तरकारी निसंकोच खाइरहेका छन् । किसान आफ्नो उत्पादनको उचित मूल्य पाएर सन्तुष्ट छन् । युवाहरू रोजगारीको खोजीमा बिदेसिनु परेको छैन, उनीहरू आफ्नै गाउँमा आधुनिक ज्ञान र परम्परागत सिपको समन्वय गर्दै उद्यम गरिरहेका छन् । यही दृश्य समृद्ध नेपालको वास्तविक चित्र हुन सक्छ ।

हामीले सम्झनुपर्छ- माटो केवल आजको पुस्ताको सम्पत्ति होइन, भोलिका सन्तानको धरोहर हो । हामीले उर्वर माटो, स्वच्छ पानी, शुद्ध हावा र स्वस्थ अन्न उनीहरूका लागि सुरक्षित राख्नुपर्छ । हामीले आज अल्पकालीन लाभका लागि माटोलाई विषाक्त बनायौं भने भावी पुस्ताले त्यसको मूल्य चुकाउनुपर्नेछ । आजैदेखि जैविक खेतीलाई राष्ट्रिय अभियानका रूपमा अघि बढायौं भने हामी केवल अन्न उत्पादन गर्ने छैनौं, स्वस्थ नागरिक, स्वच्छ वातावरण, बलियो अर्थतन्त्र र दिगो भविष्य निर्माण गर्नेछौं ।

# ब्रोड पिकमा निर्मल पुर्जाको आरोहण कसरी बन्यो घातक ?



अन्ना कालाह्यान



ग्रेसन साफर

पर्वतारोही डेभिड क्लाइन र नर्स इयान ओभरटनले आफूहरूले देखिरहेको दृश्य मन पराइरहेका थिएनन् । जुलाईको अन्तिम साता उनीहरू पाकिस्तानको ८,०४७ मिटर अग्लो ब्रोड पिकको आधार क्षेत्रमा झन्डै एक महिनादेखि बसिरहेका थिए । यसबिच उनीहरूले हिमालको अवस्था नाटकीय रूपमा बदलिएको देखेका थिए ।

हंगेरीका पर्वतारोही क्लाइन र अमेरिकी आपत्कालीन कक्षका नर्स ओभरटन अक्सिजन सिलिन्डर र भरियाको सहयोगबिना हिमाल आरोहण गर्न आएका थिए । क्लाइनले सन् २००० मा हंगेरीको पहिलो ब्रोड पिक आरोहण प्रयासको नेतृत्व गरेका थिए भने ओभरटनसँग उनले सन् २०१२ मा जाडो याममा नांगा पर्वत आरोहणको प्रयास गरेका थिए । यस वर्ष उनीहरूले फेरि ब्रोड पिक रोजेका थिए ।

जुलाईको मध्यतिर क्लाइनले पर्वतारोहण वेबसाइट एक्सप्लोरर्स वेबलाई हिमालको अवस्था राम्रो रहेको र 'हिमपहिरोको जोखिम कम' भएको बताएका थिए । उनका अनुसार खस्न सक्ने अधिकांश हिउँ त्यसअघि नै खसिसकेको थियो ।

जुलाई १९ मा उनले पाकिस्तानी डोरी जडान (रोप फिक्सिङ) टोलीसँगै पश्चिमी मार्ग हुँदै १९ घण्टा आरोहण गरे । अक्सिजनबिना चढिरहेका उनी शिखरभन्दा करिब ५० देखि ७० मिटर तलबाट फर्किए । यसअघि नै उचाइको असर देखिएपछि ओभरटन आधार शिविर फर्किसकेका थिए । क्लाइनले पुनः शिखर प्रयास गर्ने विषयमा सोचिरहेका थिए तर जुलाई २२ तिर सुरु भएको लगातारको भारी हिमपातले उनको निर्णय बदलियो । 'धेरै हिउँ परेपछि केवल मौसम खुल्नु मात्र पर्याप्त हुँदैन,' क्लाइनले भने, 'केही दिनसम्म हिमपात नहुने मौसम चाहिन्छ । त्यस अवधिमा हिउँ या त हिमालमा राम्रोसँग टाँसिनुपर्छ, होइन भने सबै तल झर्नुपर्छ ।'

त्यतिबेलासम्म आधार शिविरका अधिकांश टोली फर्किसकेका थिए । जुलाई २५ मा क्लाइन र ओभरटनले पनि सामान प्याक गरेर फर्कने निर्णय गरे । तर केही टोली भने अझै शिखर चढ्ने आशामा त्यहीं बसेका थिए । तीमध्ये एक टोली निर्मल 'निम्स' पुर्जाको थियो । सन् २०१९ मा संसारका सबै १४ वटा आठ हजार मिटरभन्दा अग्ला हिमाल कीर्तिमानी समयमै आरोहण गरेर चर्चित बनेका पुर्जा आफ्नो कम्पनी एलिट एक्स्पेडको टोलीसँग नजिकैको आधार शिविरमा थिए । उनीहरू किन त्यहाँ बसिरहे भन्ने अझै स्पष्ट छैन । तर त्यसको परिणाम अत्यन्त दुःखद बन्यो ।

जुलाई ३० बिहीबार बिहान करिब ९ बजे स्थानीय समयअनुसार ब्रोड पिकको मुख्य पश्चिमी कुलो (गल्ली) मा आएको विशाल हिमपहिरोले १० जना पर्वतारोहीलाई करिब एक माइलभन्दा बढी तलसम्म बगायो । त्यसलगत्तै उद्धार तथा खोजी अभियान सुरु गरियो ।

सुरुमा उद्धारकर्ताहरूले जीवित भेटिने आशा गरेका थिए । केही पर्वतारोहीको अवस्था अझै केही समयसम्म स्पष्ट थिएन । तर शुक्रबार अल्पाइन क्लब अफ पाकिस्तानले ओमानकी पर्वतारोही नधिरा अल हार्थी र नेपाली पर्वतारोही पुरबहादुर गुरुङ 'युक्ता' को शव फेला परेको पुष्टि गर्‍यो । त्यसको भोलिपल्ट शनिबार एलिट एक्स्पेडले निम्स पुर्जा र उनका सहकर्मी तथा पर्वत मार्गदर्शक नमा शेर्पासमेत हिमपहिरोमा ज्यान गुमाएकामध्ये रहेको पुष्टि गर्‍यो ।

**जिपिएसले देखाएको अन्तिम यात्रा**

धेरैजसो पर्वतारोहीझैं निम्स पुर्जासँग पनि गार्मिन जिपिएस ट्र्याकर थियो । उनी क्याम्प-२ बाट हिँडेपछि करिब चार घण्टासम्म उक्त उपकरणले उनको अवस्थिति प्रसारण गरिरह्यो । पहिलो संकेत पाकिस्तान समयअनुसार जुलाई ३० बिहान ५:३३ बजे आएको थियो । त्यसबेला उनी समुद्री सतहबाट ६,१६६ मिटर उचाइमा अर्थात् क्याम्प-२ वरिपरि थिए । नधिरा अल हार्थीको उपकरणले पनि लगभग त्यही अवस्थिति देखाएको थियो । त्यसपछि टोली क्रमशः माथि उक्लँदै गयो । बिहान



७:०३ बजेसम्म एलिट एक्स्पेडको टोली ६,४३० मिटरउचाइमा पुगेको देखिएको थियो । अर्को संकेत स्थानीय समयअनुसार बिहान ९ बज्नुअघिआयो । त्यसबेला पुर्जा र अल हार्थी दुवै ६,६६० मिटर (करिब २१,८५० फिट) उचाइमा पुगेका थिए । तर त्यसको करिब आधा घण्टापछि आएको अर्को संकेतले भयावह दृश्य देखायो । पुर्जाको जिपिएसले उनी अघिल्लो अवस्थितिभन्दा २,००० फिटभन्दा बढी तल पुगेको देखायो । अल हार्थीको जिपिएस संकेत पनि माथिल्लो भागबाट हरायो र पछि उनको उपकरण पनि करिब एक माइलभन्दा बढी तल देखियो ।

एलिट एक्स्पेडका सहसंस्थापक मिङ्मा ग्याबु शेर्पा (मिङ्मा डेभिड)ले सुरुमा पुर्जा जीवितै हुन सक्ने आशा व्यक्त गरेका थिए । हिमपहिरोपछि पनि जीपीएस उपकरणले केही समय अवस्थिति देखाइरहेकाले उनी आशावादी थिए । खोजी अभियान सुरु भएको केही समयपछि उनले सन्देश पठाउँदै भनेका थिए, 'निम्सको लोकेसन अझै सर्दै छ, उहाँ जीवित हुनुहुन्छ भन्ने आशा छ । जिपिएस चलिरहेको छ, तत्काल उद्धार आवश्यक छ ।'

पुर्जाको ट्र्याकरबाट केही समयसम्म थप संकेतहरू आए पनि उपकरणले गति भने शून्य देखाइरहेको थियो । विज्ञहरूका अनुसार गहिरो हिउँ वा भिरालो स्थानमा पुरिएको जिपिएस उपकरणले प्रसारण गरिरहे पनि त्यसले देखाउने अवस्थिति पूर्ण रूपमा विश्वसनीय नहुन सक्छ । स्थिर अवस्थामा रहेको उपकरण पनि केही मिटर यताउता सरेजस्तो देखिन सक्छ । पुर्जा र अल हार्थी दुवैको जीपीएस तथ्यांकमा एउटै ढाँचा देखिएको थियो । पहिले अत्यन्त तीव्र गतिमा तल झरेको संकेत र त्यसपछि उत्तरतर्फ सानो मात्र अन्तिम विस्थापन ।

**इतिहास बदल्ने आरोही**

तर पूर्व बेलायती विशेष सैनिक स्पेसल बोट सर्भिस (एसबिएस) का सदस्य रहेका पुर्जाले अप्रिल २३ मा अन्नपूर्णबाट सुरु गरेको अभियान अक्टोबर २९ मा सिसापाङ्मा पुगेर पूरा गरे । उनले यो अभियान १८९ दिन अर्थात् ६ महिना ६ दिनमै सम्पन्न गर्दै विश्व कीर्तिमान बनाए ।

**'प्रोजेक्ट पोसिबल'**

सन् २०२१ मा नेटफ्लिक्सले यसै अभियानमा आधारित '१४ पिक्स : नथिङ इज इम्पसिबल' वृत्तचित्र सार्वजनिक गरेपछि पुर्जा विश्वव्यापी चर्चामा पुगे । त्यससँगै उनी स्ट्रिमिङ युगका पहिलो विश्वप्रसिद्ध पर्वतारोही बने । यसले हिमालयमा व्यावसायिक पर्वतारोहणको शैली नै बदलिदियो । एक सिजनमा एउटा मात्र हिमाल आरोहण गर्ने चलनको सट्टा धेरै आरोहीहरूले छोटो अवधिमै धेरै हिमाल आरोहण गर्न थाले । त्यसका लागि पुर्जा र उनको शेर्पा टोलीको सेवा व्यापक रूपमा लिन थालियो ।

**निम्सको अन्तिम सन्देश**

विश्वका अन्य धेरै नेपाली पर्वतारोहीभन्दा फरक, निर्मल पुर्जाले जति प्रशंसा पाए, उति नै आलोचना पनि खेपे । सन् २०१९ को कीर्तिमानी अभियानपछि केहीले उनको उपलब्धिलाई असाधारण साहस र अद्वितीय नेतृत्वको उदाहरण माने । तर आलोचकहरूको तर्क फरक थियो । उनीहरूले भने, 'पुर्जाले अक्सिजनको प्रयोग गरेका थिए । स्थायी डोरी (फिक्स्ड रोप) को सहारा लिएका थिए । संसारकै उत्कृष्ट शेर्पा आरोहीहरूको टोलीले बाटो बनाइसकेपछि व्यावसायिक मार्ग हुँदै हिमाल चढेका थिए । त्यसैले उनले हासिल गरेको सफलता पर्वतारोहणभन्दा बढी सैन्य शैलीको उत्कृष्ट व्यवस्थापन र रसदको परिणाम भएको उनीहरूको दाबी थियो ।

पुर्जाले यस्ता आलोचनाको जवाफ सन् २०२१ को जनवरीमा दिए । त्यो वर्ष उनी नौ अन्य नेपाली पर्वतारोहीसँगै जाडो याममा के-टु को सफल आरोहण गर्ने ऐतिहासिक टोलीका सदस्य बने । दशकौंसम्म पर्वतारोहण जगत्ले 'अन्तिम महान् पहिलो आरोहण (लास्ट ग्रेट फस्ट) भनेर वर्णन गरेको उक्त उपलब्धि अन्ततः नेपाली टोलीले हासिल गर्‍यो ।

**ब्रोड पिकबारे अन्तिम सन्देश**

ब्रोड पिक आरोहणअघि इन्स्टाग्राममा प्रकाशित आफ्नो अन्तिम सन्देशमध्ये एकमा पुर्जाले यो हिमाल यसपटकको अभियानमा 'अन्तिम समयमा थपिएको' बताएका थिए । यदि उनी सफलतापूर्वक शिखर पुगेर फर्किन्थे भने पूरक अक्सिजनबिना विश्वका सबै १४ वटा आठ हजार मिटरभन्दा अग्ला हिमाल दुई-दुई पटक आरोहण गर्ने संसारकै पहिलो व्यक्तिबन्ने लक्ष्यबाट उनी केवल एउटा हिमाल टाढारहने थिए । त्यस पोस्टमा उनले लेखेका थिए, 'ब्रड पिक, म तिमीसँग केही माग्दिनँ, सुरक्षित रूपमा माथि पुगेर सकुशल तल फर्किन मात्रै चाहन्छु ।' तर त्यो कामना पूरा हुन सकेन ।

**मृत्यु निश्चित छ**

संसारका सबैभन्दा अग्ला हिमालहरूमा समय बिताउने पर्वतारोहीहरूका लागि मृत्यु सधैं सँगै हिँड्ने जोखिम हो । पुर्जाले सन् २०२२ मा दिएको एक अन्तर्वार्तामा यसबारे खुलेर बोलेका थिए । उनले भनेका थिए, 'जन्मिएपछि मृत्यु निश्चित छ तर मेरो एउटा अझ ठुलो लक्ष्य छ । त्यसैले मैले आफ्नो यात्रा निरन्तर अगाडि बढाइरहनुपर्छ ।' आज ब्रोड पिकको भीषण हिमपहिरोले त्यही यात्रा अन्त्य गरिदिएको छ । तर विश्व पर्वतारोहणमा उनले छाडेको प्रभाव, नेपाली पर्वतारोहणलाई अन्तर्राष्ट्रिय उचाइमा पुर्‍याएको योगदान र असम्भवजस्तो देखिने लक्ष्यलाई सम्भव बनाउने उनको साहस भने लामो समयसम्म सम्झिइरहनेछ ।

*- नेसनल जिओग्राफीको विश्लेषणमा आधारित*




लघुवित्त तथा वित्तीय शोषणविरुद्ध आइतबार काठमाडौं माइतीघरमा धर्नामा बसेका पीडित किसान। *तस्बिर : नागरिक*

# बसपार्कमा थन्किए नेपालगन्जका नगर बस

**अर्जुन ओली**

*नेपालगन्ज, साउन १७*

लक्षित वर्गको बजेटबाट खरिद गरेर नेपालगन्ज उपमहानगरपालिकाले सञ्चालन गरेका नगर बस बसपार्कमा थन्किएका छन्। उपमहानगरपालिकाले आर्थिक वर्ष २०७५/७६ मा ४१ सिट क्षमताका चारवटा र ३६ सिटे तीन गरी सातवटा बस तीन करोड ५८ लाख ११ हजार चार सय १५ रुपैयाँमा खरिद गरेको थियो। तत्कालीन नगर प्रमुख डा. धवलशमशेर राणाका पालामा लक्षित वर्गको विशेष अनुदान रकमबाट उक्त बस खरिद गरिएको थियो।

उपमहानगरपालिका कार्यालय कर्मचारीका अनुसार सामाजिक रूपले विभेदमा परेका वर्ग वा समुदायको उत्थान तथा विकास लक्षित कार्यक्रममा खर्च गर्नुपर्ने उक्त बजेटबाट नगर बसहरू खरिद गरिएको थियो। अनुदानलाई नियमन गर्न बनेको 'विशेष अनुदानसम्बन्धी कार्यविधि-२०७५' को दफा ३ मा विशेष अनुदान प्रदान गरिने क्षेत्र र आधार तोकिएको छ। उक्त कार्यविधिमा नगर बस सञ्चालन गर्न सकिने आधार भने उल्लेख गरिएको छैन।

उपमहानगरपालिकाले खरिद गरेका बसबाट ज्येष्ठ नागरिक तथा अशक्त, अपांगतालाई विशेष सहुलियत एवम् सुविधा, अन्य नागरिकलाई सहुलियत सुविधा, विपन्न समुदाय तथा महिलालाई रोजगारी दिने भन्दै सुरुमा महिला सहचालक नियुक्त गरेको थियो। पछि महिला सहचालकलाई हटाइएको थियो। उपमहानगरपालिका आफैंले बस सञ्चालन गर्न नसकेपछि निजी कम्पनीलाई ठेक्का दिएको थियो।

उपमहानगरपालिकाले सातवटा बस सञ्चालन गर्न शिवशक्ति जनरल अर्डर सप्लायर्सलाई ठेक्का दिएको थियो। सप्लायर्सले वार्षिक एक करोड ३७ लाख ५० हजार रुपैयाँमा ठेक्का स्वीकार गरेको बताइएको छ। सञ्चालनमा घाटा भएको भन्दै ठेकेदार कम्पनीले नेपालगन्ज बसपार्कमा लगेर नगर बस थन्क्याएको छ। उपमहानगरपालिका र ठेकेदारबिचको विवाद अदालतसम्म पुगेको छ।

करोडौं रकम खर्च गरेर खरिद गरिएका नगरबस प्रयोगविहीन भएपछि 'सरकारी लगानी, बालुवामा पानी' जस्तै भएको छ। नेपालगन्जबासीले नगरबसप्रति चासो र चिन्ता देखाउन थालेका छन्। नेपालगन्जका अभियन्ता हेमन्तराज काफ्लेले करोडौं रुपैयाँ खर्च गरेर खरिद गरिएका बस त्यसै थन्किँदा राज्यलाई ठुलो नोक्सानी भइरहेको बताउँछन्। उपमहानगरपालिकाको जवाफदेहिता र पारदर्शितामाथि प्रश्न उठिरहेको उनको बुझाइ छ। विपन्न समुदायका नाममा आएको बजेटलाई रकमान्तर गरेर बस खरिद गर्नु र ती बस प्रयोगविहीन बन्नु विडम्बना रहेको अभियन्ता काफ्ले बताउँछन्।

उपमहानगरपालिका, कार्यालयले भने थन्किएका नगर बसलाई पुनः सञ्चालनमा ल्याइने जनाएको छ। नगर प्रमुख प्रशान्त बिष्ट अहिले मुद्दा प्रक्रियामा रहेकाले नगर बसका विषय छिटै टुंगो लाग्ने बताउँछन्। 'ठेकेदारले ठेक्कावापत दिनुपर्ने पैसा उपमहानगरपालिकालाई बुझाएको छैन, पैसा नतिरेको हुँदा मुद्दा प्रक्रियामा छ, अदालतले टुंगो लगाउँला', बिष्टले भने। लामो समयसम्म नगर बसहरू प्रयोगविहीन हुँदा इन्जिन बिग्रने र जीर्ण बन्दै जाने जोखिम छ।

# रास्कोट सडक कालोपत्र अलपत्र

**ललित विष्ट**

*कालीकोट, साउन १७*



रास्कोट नगरपालिकाको मुख्य सडक कालोपत्र नहुँदा यात्रु र स्थानीयले आवागमनमा ठुलो सास्ती भोग्नुपरेको छ। कर्णाली प्रदेश सरकारको लगानीमा नगरपालिकाभित्रको शान्तिघाट-सिपखाना सडकअन्तर्गत शान्तिघाटदेखि बडिमालिकासम्मको साढे ११ किलोमिटर सडक कालोपत्र गर्न २०७८ असार ६ गते ठेक्का सम्झौता भएको थियो।

ठेक्का सम्झौता भएको पाँच वर्षसम्म निर्माण सम्पन्न नगरी सडक अलपत्र अवस्थामा छाडिएको छ। दुईपटक शिलान्यास भएको सडक निर्माण कम्पनीले अधुरै अवस्थामा छाडेको स्थानीयको गुनासो छ।

अग्रिम भुक्तानी (पेस्की) बापत चार करोड ४० लाख भुक्तानी लिएर काम अलपत्र छाडेको पूर्वाधार विकास कार्यालय कालीकोटले जनाएको छ। पूर्वाधार विकास कार्यालय कालीकोटका इन्जिनियर कृष्णप्रसाद शर्माले ठेक्का सम्झौता भएको पाँच वर्षमा ५२ प्रतिशत मात्र काम भएको बताए। उनले कार्यालयले निर्माण कम्पनीलाई पटकपटक पत्राचार गरेर काम गर्न भने पनि कामले गति नलिएपछि पेमेन्ट ग्यारेन्टी दुई करोड २० लाख कार्यालयले जफत गरेको बताए।

३८ करोड ४९ लाख ५७ हजार ७७६ रुपैयाँ १६ पैसा लागत स्टिमेटबाट निर्माण कम्पनीले घटेर भ्याटसहित २५ करोड ५५ लाख रुपैयाँमा निर्माण कम्पनी केएस शनिदेव जेभी महेन्द्रनगरले सडक कालोपत्रका लागि २०७८ असार ६ गते पूर्वाधार विकास कार्यालय कालीकोटसँग ठेक्का सम्झौता गरेको थियो।

राम्रो सडकमा सहज यात्रा गर्न पाइने खुसी विस्तारै हराउँदै गएको रास्कोटका विशाल धमलाले बताए। उनले अहिले सडकमा धुलो मात्र उठ्ने गरेको र कालोपत्र सडकमा रास्कोटका नागरिकले गाडी गुडाउन नपाएको गुनासो पोखे।

रास्कोट नगरपालिकाका मेयर धर्मराज शाहीले निर्माण कम्पनीका मुख्य प्रतिनिधि देवीदत्त भट्टालाई तत्काल काम सुरु गर्न फोन तथा पत्रमार्फत पटकपटक निर्देशन दिएका छन्। उनले रास्कोटका जनताका लागि विकासमा बाधक बनेको बताउँदै साइडमा सबै इक्विपमेन्ट पठाएर छिटो काम गर्न निर्माण कम्पनीलाई दबाब दिन सार्वजनिक अपिलसमेत गरेका छन्।

निर्माण कम्पनी केएस शनिदेव जेभीका मुख्य प्रतिनिधि देवीदत्त भट्टले आफूले हालसम्म काम सुरु नगर्नुमा ९९ प्रतिशत गल्ती भएको बताए। उनले भने, 'देशको परिस्थिति, लकडाउन र रकम अभावले पटकपटक काम रोकिएको हो।' उनले पूर्वाधार विकास कार्यालय कालीकोटले पेमेन्ट ग्यारेन्टी फिर्ता लिँदा समस्यामा परेको बताए।

अहिले चारैतिरबाट दबाब आएका बेला कार्यालयले पेमेन्ट ग्यारेन्टीसमेत दाखिला गर्न लगाएपछि झन् समस्या थपिएको उनको भनाइ छ। अब १३ करोडको काम बाँकी रहेको र आफूले अरूलाई पेटी ठेक्का दिँदा समस्यामा परेको भन्दै तत्काल काम सुरु गरेर निर्धारित समयमा सक्ने उनको भनाइ छ। पूर्वाधार विकास कार्यालय कालीकोटका प्रमुख प्रभाकरप्रसाद सिंहले पेमेन्ट ग्यारेन्टी दुई करोड २० लाख कार्यालयले जफत गरेको बताए। उनले निर्माण कम्पनीले जसरी पनि काम गर्नुपर्ने धारणा राखे।

# रानाभाटले गरिन् उपचार सेवा अस्वीकार

**पवित्रा सुनार**

*काठमाडौं, साउन १७*

चार दिनदेखि आमरण अनसनमा रहेकी नर्स ज्योति रानाभाटको स्वास्थ्य अवस्था थप जटिल बन्दै गएको छ। उनको हेरचाहमा खटिएका नर्सहरूका अनुसार रानाभाटले उपचारसमेत अस्वीकार गरेकी छन्।

रानाभाटले गत बिहीबारदेखि नेपाल नर्सिङ परिषद्को हाताभित्र पन्ध्रबुँदे माग राख्दै आमरण अनसन सुरु गरेकी हुन्। अनसनको चौथो दिन आइतबार उनको स्वास्थ्यमा थप समस्या देखिएको नर्स गीता बरालले जानकारी दिइन्। 'रिपोर्टमा टेपवर्म देखिएको छ, उपचार पनि उहाँले अस्वीकार गर्नुभएको छ', नर्स गीता बरालले भनिन्। स्वास्थ्यमा समस्या आएपछि उनलाई शनिबार वीर अस्पताल ल्याइएको थियो। पानीसमेत पिउन अस्वीकार गरेका कारण उनलाई वीरमा भर्ना गरी सलाइन पानी दिइएको थियो।

रानाभाटले गत वर्ष २०८२ असोजमा आन्दोलनरत नर्स र सरकारपक्षबिच वार्तामार्फत भएका सम्झौता वर्ष दिन पुग्न लाग्दा पनि लागु नभएपछि पुनः पन्ध्रबुँदे मागसहित अनसन सुरु गरेकी हुन्। अनसनपछि स्वास्थ्य मन्त्रालयले वार्ता टोली बनाई मौखिक आश्वसन दिए पनि लिखित सुनिश्चतता नभएकाले रानाभाटले अनसन तोड्न नमानेको बरालले जानकारी दिइन्।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अतिरिक्त सचिव श्रीकृष्ण नेतृत्वको संयोजकत्वमा वार्ता टोली गठन गरेको छ भने आन्दोलनरत पक्षबाट अधिवक्ता इन्द्रप्रसाद अर्याल, ज्योति रानाभाट, गीता बराल, डा. लक्ष्मी तामाङ र कल्पना रिजाल छन्। स्वास्थ्य मन्त्रालयले वार्ताका लागि पहल गरिरहेको मन्त्रालयका सहप्रवक्ता डा. समिरकुमार अधिकारीले बताए। प्रधानमन्त्री कार्यालयबाट वार्ता टोलीलाई लिखित पत्र नआएसम्म अनसन नतोड्ने नर्स रानाभाटको अडान कायमै छ।

नर्सिङ तथा मिडवाइफ्री सेवाको सुदृढीकरण, बिरामी सुरक्षाको सुनिश्चितता तथा नीतिगत सुधारमा सरकारले प्रभावकारी पहल नगरेको गुनासो रानाभाटको छ। पर्याप्त नर्सिङ दरबन्दी सिर्जना, न्यूनतम पारिश्रमिक सुनिश्चित, ठेक्का तथा करार प्रणालीको अन्त्य, नर्सिङ शिक्षाको गुणस्तर सुधार, विभेदकारी कानुनी व्यवस्थाको अन्त्यका साथै सबै नर्स र मिडवाइफलाई तोकेअनुसारको सेवासुविधा उपलब्ध गराउनुपर्ने उनका माग रहेका छन्।

# कुटपिट गर्ने सातजना धरौटीमा रिहा

**दिलबहादुर छत्याल**

*धनगढी, साउन १७*

कैलालीको गौरीगंगा नगरपालिका- ३ कुचैनी बस्ने ५२ वर्षीय जालिनादेवी चौधरीलाई बोक्सी आरोपमा सडकछेउबाट ४-५ जनाले कुटपिट र लछारपछार गरी घरको आँगनमा ल्याउँछन्। ज्यान जोगाउन जालिना घरपछाडिको शौचालयभित्र लुक्छिन्। 'शौचालय तोडफोड गरी बाहिर निकालेर आमामाथि ४-५ जनाले कुटपिट गरे', जालिनाका छोरा रवि चौधरीले भने, 'आमाको मुख र नाकबाट फिँज आइरहेको थियो।' कुटपिट गर्नेले नै प्रहरीलाई खबर गरे। कुटपिटबाट नाक र मुखबाट फिँज आउँदासमेत उनलाई उपचारका लागि अस्पताल लगिएन। बिहान पाँच बजेतिर उनको ज्यान गयो।

आँखैअगाडि बोक्सी आरोपमा कुटपिट गरेर हत्या गरेको भनेर किटानी उजुरी दिइएका आरोपित १३ दिनमै रिहा भएपछि मृतकका पति, छोराहरू र आफन्त चिन्तित छन्। उनीहरूले न्यायका लागि गुहारा मागेका छन्। मृतकका पति र छोराहरूले पत्रकारलाई भेटेर न्याय दिलाइदिन माग गरेका छन्।

'हामी आमाको काजकिरियामा थियौं, हामीलाई कुनै जानकारी पनि थिएन। १३ दिनमा आमालाई कुटपिट गर्ने छुटेको देखिपछि आकाशबाट खसे झैं भयौं', छोरा रविले भने, 'कुटपिट गरेर तड्पाइ-तड्पाई मार्नेलाई सजाय नभएसम्म आमाको आत्माले शान्ति पाउँदैन।'

# शान्तिले सम्हालिन् गुठीचौरको नेतृत्व

**गोल्डेन बुढा**

*जुम्ला, साउन १७*

गुठीचौर गाउँपालिकाको नेतृत्वलाई लिएर दुई महिनादेखि जारी कानुनी र राजनीतिक विवाद अन्ततः सर्वोच्च अदालतको फैसलासँगै टुंगिएको छ। दल परिवर्तनपछि पद गुमाएका गाउँपालिका अध्यक्ष दानबहादुर बुढाले पद पुनर्बहालीको माग गर्दै दायर गरेको उत्प्रेषणको रिट सर्वोच्चले खारेज गरेपछि निर्वाचन आयोगले गरेको पद रिक्तसम्बन्धी निर्णय यथावत् कायम रहेको छ।

अदालतको फैसलालगत्तै उपाध्यक्ष शान्तिकुमारी मल्ल (भण्डारी) ले कार्यवाहक अध्यक्षको जिम्मेवारी सम्हालेकी छन्। सर्वोच्चले साउन १२ गते अध्यक्ष बुढाको रिट खारेज गरेपछि गाउँपालिकामा देखिएको नेतृत्वको अन्योल औपचारिक रूपमा अन्त्य भएको हो। त्यसपछि उपाध्यक्ष भण्डारीले शुक्रबार कार्यवाहक अध्यक्षको पदबहाली गरेकी हुन्।

गुठीचौर गाउँपालिकाका अध्यक्ष बुढा गत जेठ १४ गते राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा प्रवेश गरेका थिए। दोस्रो स्थानीय तह निर्वाचन २०७९ मा नेपाली कांग्रेसबाट निर्वाचित उनी कार्यकाल पूरा हुन करिब एक वर्ष बाँकी रहँदै अर्को दलमा प्रवेश गरेपछि राजनीतिक र कानुनी विवाद सुरु भएको थियो।


## Invitation to Tender for Class Room Management Support - Furniture Support to School- Desk & Bench.

(First date of Publication: 3rd August 2026)

Rastriya Rojgar Prawardhan Kendra (RRPK) is a non-governmental organization committed to the development of rural communities in Nepal since 2004. Our key focus areas include Education, Health & Nutrition, Child Protection, Livelihoods, Human Rights, Safer Migration, Gender Equality and Empowerment, Good Governance, Disaster Risk Reduction, and WASH (Water, Sanitation, and Hygiene).

RRPK, in partnership with Plan International Nepal, is implementing the Girls Get Equal 2.0: Abha Project in Sarlahi District to empower adolescent girls and young women.

RRPK invites tenders from qualified and dedicated Nepalese Suppliers/vendors who are reliable, experienced, responsible, and capable of delivering high-quality results based on the set specification, requirements and terms & conditions set forth in the tender documents.

**Reference Number: RRPK-GGE2.0-ITT-2026-03**

**Description of the requirement: Class Room Management Support - Furniture Support to School-Desk & Bench.**

Detailed requirements & Specifications are included in bid documents which can be collected from RRPK Office or email or download form JobsNepal.com Online portal.

1. Tender forms must be completed and submitted in a closed, sealed envelope addressed to the RRPK office in Malangwa, Sarlahi (full address provided below).
2. Tender documents will be available from 3rd August 2026 to 18th August 2026 by 5:00 PM.
3. Collection and submission of tender documents are permitted from 10:00 AM to 5:00 PM, Sunday to Friday, excluding government holidays.
4. The deadline for submitting the tender documents is 19th August 2026 by 12:00 noon.
5. The envelope must be clearly marked with **"Tender document for Class Room Management Support - Furniture Support to School-Desk and Bench."**
6. Tender documents will not be accepted after the specified deadline.
7. Bids will be opened in the presence of bidder's representatives who wish to attend, at 1:00 PM on August 19, 2026, at the RRPK office located in Malangwa-10, Sarlahi, Madhesh Province.
8. Interested Suppliers/vendors are required to submit the following documents when requesting the tender documents: a copy of the valid company registration certificate, a copy of VAT registration certificate, and a copy of tax clearance certificate (new FY) or renewal letter.
9. Interested contractors may collect the tender documents from the RRPK Office in Malangwa-10, Sarlahi, or download form online portal JobsNepal.com or request them via email at procurement.gge.rrpk@gmail.com. The documents include the legal requirements specified in clause 8.
10. RRPK reserves the right to award the contracts either fully or partially or additional, as deemed appropriate.
11. **Delivery Requirement at Kaudena RM, Basbariya RM, Chakraghatta RM and Dhankaul RM, Sarlahi project area schools.**

Note: RRPK will not be responsible for any costs incurred by bidders in preparing their bids.

**Office Address:**

**Rastriya Rojgar Prawardhan Kendra (RRPK)**

Malangwa Municipality-10, Sarlahi

Phone: 046-590552, email id: procurement.gge.rrpk@gmail.com

Procurement Committee



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. ३४१२
फोन नं. ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेबसाइट : www.nimb.com.np

## तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८३/०४/१८)**

तपशिलमा उल्लिखित ऋणीहरुले यस नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. बाट उपभोग गर्नुभएको कर्जा समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ। अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी/प्रोप्राईटर/शेयरधनि/संचालक/साझेदार तथा व्यक्तिगत जमानीकर्ताहरु/धितो सुरक्षणदाताले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चलअचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडि बढाईने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको सम्पत्ति लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडि बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

**तपसिल**

| क्र.सं. | ऋणी/प्रोप्राईटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/विवरण |
|---|---|
| १. | **ऋणीहरु : क) होटल पार्क इन (अल्पकालीन कर्जा)**<br>प्रा.फ.नं. ८८/०७०/७१, ठेगाना : बन्छौली ६, चितवन<br>**ख) जल्लुराम चौधरी/दिपेन्द्र कुमार चौधरी (धितो कर्जा)**<br>**१. जल्लुराम चौधरी** (ना.प्र.नं ५८७८, मिति २०३१/०९/०४ मा जि.प्र.का. चितवनबाट जारि भएको), बाबु : हट्ठु महतो चौधरी, बाजे : अजित महतो चौधरी<br>**२. दिपेन्द्र कुमार चौधरी** (ना.प्र.नं. १३४९/०४४ मिति २०६१/०८/१७ मा जि.प्र.का. चितवनबाट जारी भएको)<br>बाबु : जल्लुराम चौधरी, बाजे : हट्ठु महतो चौधरी<br>**प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. एकता कुमारी थापा-जमानीकर्ता** (ना.प्र.नं. २८८२२५२०, मिति २०५३/०९/१८ मा जि.प्र.का.कंचनपुरबाट जारी भएको)<br>पति : अर्जुन चौधरी, ससुरा : जल्लुराम चौधरी<br>**२. अर्जुन चौधरी-जमानीकर्ता** (ना.प्र.नं. ८६, मिति २०५१/०९/२२ मा जि.प्र.का. चितवनबाट जारी भएको), बाबु : जल्लुराम चौधरी, बाजे : हट्ठु महतो चौधरी<br>**३. दिपेन्द्र कुमार चौधरी-जमानीकर्ता** (ऐ.ऐ.)<br>**४. जल्लुराम चौधरी-प्रोप्राईटर/जमानीकर्ता** (ऐ.ऐ.)<br>**५. जलिया देबी थरुनी-जमानीकर्ता** (ना.प्र.नं. ९५, मिति २०४५/०१/२९ मा जि.प्र.का चितवनबाट जारि भएको)<br>पति : जल्लुराम चौधरी, ससुरा : हट्ठु महतो चौधरी<br>**६. दुर्गा कुमारी थापा-जमानीकर्ता** (ना.प्र.नं. ३५३०७/५८३, मिति २०६३/११/२० मा जि.प्र.का. चितवनबाट जारि भएको)<br>पति : दिपेन्द्र कुमार चौधरी, ससुरा : जल्लुराम चौधरी |
| २. | **ऋणी : तुलसी ईटा उद्योग (विविध कर्जा)**, उद्योग दर्ता नं. १७०४/०५३/०५४, ठेगाना : हरिवन ७, सर्लाही, **ऋण प्रवाह गर्ने शाखा : हरिवन**<br>**संचालक/व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. भगवान मैनाली-संचालक/जमानीकर्ता** (ना.प्र.नं. ३६४१९७०१, मिति २०४८/१२/१२ मा जि.प्र.का. सर्लाहीबाट जारी भएको)<br>बाबु : प्रभाखर मैनाली, बाजे : विष्णु भक्त मैनाली<br>**२. चन्द्र बहादुर महत-संचालक/जमानीकर्ता** (ना.प्र.नं. ३६४११०४३०, मिति २०५०/११/०२ मा जि.प्र.का. सर्लाहीबाट जारी भएको)<br>बाबु : मोहन बहादुर महत, बाजे : गणेश बहादुर महत |
| ३. | **ऋणी : देव सिहं कार्की (लघु व्यापार/विपन्न वर्ग कर्जा),** (ना.प्र.नं. १५५५०, मिति २०५५/०४/१८ मा जि.प्र.का. बैतडीबाट जारी भएको)<br>ठेगाना : दशरथचन्द २ बैतडी हाल पुर्नवास २, कन्चनपुर<br>बाबु : खेम सिंह कार्की, बाजे : रतन सिंह कार्की<br>**ऋण प्रवाह गर्ने शाखा : धनगढी** |
| ४. | **ऋणी : मदन महतो/मगरा महतो (धितो कर्जा)**<br>**क) मदन महतो** (ना.प्र.नं. ३५२२७५, मिति २०४४/१२/१९ मा जि.प्र.का. चितवनबाट जारी भएको), ठेगाना : रत्ननगर ९, चितवन<br>बाबु : मगरा महतो, बाजे : चमरा महतो<br>**ख) मगरा महतो** (ना.प्र.नं. ३५२५३०/२४२२२५३०, मिति २०३६/०३/११ मा जि.प्र.का. चितवनबाट जारी भएको), ठेगाना : देवौली ६, चितवन<br>बाबु : चमरा महतो, बाजे : बिका महतो, **ऋण प्रवाह गर्ने शाखा : टाडी**<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. बिक्रमिया महतो-जमानीकर्ता** (ना.प्र.नं. २५१५/०३४/०३६, मिति २०६५/०६/०५ मा जि.प्र.का. चितवनबाट जारी भएको)<br>पति : मदन महतो, ससुरा : मगरा महतो<br>**२. शोषित महतो-जमानीकर्ता** (ना.प्र.नं. ३५१०२०/३९८, मिति २०६७/०४/२० मा जि.प्र.का. चितवनबाट जारी भएको), बाबु : मदन महतो, बाजे : मगरा महतो<br>**३. सन्दिपा चौधरी-जमानीकर्ता** (ना.प्र.नं. ३५१००४/१६५, मिति २०६७/०४/१८ मा जि.प्र.का. चितवनबाट जारी भएको)<br>पति : शोषित महतो, ससुरा : मदन महतो |
| ५. | **ऋणी : अनुज कुमार यादव, सुदामा देवी र हरीहर प्रसाद यादव (धितो कर्जा),**<br>ठेगाना : रामगढवा १, पर्सा हाल वीरगंज १४, पर्सा<br>**१. अनुज कुमार यादव** (ना.प्र.नं. ७६९५१८४३, मिति २०५९/०३/२७ मा जि.प्र.का. पर्साबाट जारी भएको), बाबु : हरीहर प्रसाद यादव, बाजे : रामाज्ञा राउत अहीर<br>**२. सुदामा देवी** (ना.प्र.नं. ५८७१, मिति २०४३/०३/२५ मा जि.प्र.का. पर्साबाट जारी भएको), पति : हरीहर प्रसाद यादव, ससुरा : रामाज्ञा राउत अहीर<br>**३. हरीहर प्रसाद यादव** (ना.प्र.नं. ७६९५०२७६, मिति २०४५/०२/१६ मा जि.प्र.का.पर्साबाट जारी भएको), बाबु : रामाज्ञा राउत अहीर<br>बाजे : खेदन राउत अहीर, **ऋण प्रवाह गर्ने शाखा : नारायणगढ**<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. अन्जु कुमारी-जमानीकर्ता** (ना.प्र.नं.२०१२, मिति २०६६/०५/०८ मा जि.प्र.का. पर्साबाट जारी भएको), पति : अनुज कुमार यादव, बाजे : हरीहर प्रसाद यादव<br>**२. रञ्जना यादव-जमानीकर्ता** (ना.प्र.नं. ३४१०२२/७३९६, मिति २०६६/०५/२५ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : हरीहर प्रसाद यादव, बाजे : रामाज्ञा राउत अहीर |

## बजार

सुन तोला - २८४,०००
चाँदी तोला - ४३१०

| विदेशी मुद्रा | | खरिद | बिक्री |
|---|---|---|---|
| अमेरिकी डलर | - | १५२.३२ | १५२.९२ |
| युरो | - | १७५.५९ | १७६.२९ |
| पाउन्ड स्टर्लिङ | - | २०५.३५ | २०६.१६ |

# हजार मेगावाट विद्युत् थप्ने तयारी



दिलीप पौडेल
काठमाडौं, साउन १७

नेपालमा जलविद्युत् क्षेत्रमा निजी क्षेत्रको लगानी निरन्तर बढ्दै गएपछि बर्सेनि राष्ट्रिय प्रशारणमा विद्युत् थपिँदै गएको छ। चालु आर्थिक वर्ष २०८३/८४ मा पनि जलविद्युत् र सौर्य ऊर्जाबाट एक हजार ४० मेगावाट विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोड्ने लक्ष्य राखिएको छ।

सरकारले पनि लगानीमैत्री नीति, प्रसारण पूर्वाधार विस्तार तथा विद्युत् व्यापारको दायरा फराकिलो बनाएसँगै उत्पादन वृद्धि हुँदै गएको छ। ऊर्जा मन्त्रालयका अनुसार चालु आर्थिक वर्षमा जलविद्युत् आयोजनाबाट ६७० मेगावाट र सौर्य आयोजनाबाट ३७० मेगावाट गरी कुल एक हजार ४० मेगावाट विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा थपिनेछ। यससँगै देशको कुल जडित विद्युत् उत्पादन क्षमता करिब पाँच हजार ५३५ मेगावाट पुग्नेछ।

विद्युत् उत्पादन क्षमतामा हुने यो वृद्धिले औद्योगिक तथा व्यावसायिक क्षेत्रको ऊर्जा माग पूरा गर्न सहयोग पुग्ने छ। उत्पादन वृद्धिसँगै वर्षे विद्युत् निर्यात पनि बढ्दै गएको छ। आर्थिक वर्ष २०८२/८३ मा भारत र बाङ्लादेशमा तीन अर्ब ८७ करोड ७४ लाख युनिट विद्युत् निर्यात गरी २९ अर्ब ३२ करोड रुपैयाँभन्दा बढी आम्दानी भएको नेपाल विद्युत् प्राकिरणले जनाएको छ। जुन अघिल्लो वर्षको तुलनामा करिब ६८ प्रतिशतले बढी हो।

नेपालमा निजी क्षेत्रलाई जलविद्युत् क्षेत्रमा प्रवेश दिने नीति लागु भएपछि उत्पादनमा उल्लेख्य वृद्धि भएको छ। हाल निजी क्षेत्रले करिब १३ खर्ब रुपैयाँभन्दा बढी लगानी गरिसकेको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) ले जनाएको छ। निर्माण, विकास र सञ्चालनका विभिन्न चरणमा रहेका ९१५ आयोजनामार्फत ३४ हजार ३७७ मेगावाट क्षमताको परियोजनाको अनुमतिपत्र निजी क्षेत्रसँग रहेको छ।

हाल पाँच हजार ७९२ मेगावाट क्षमताका १८७ आयोजना निर्माणाधीन छन् भने दुई हजार ८६२ मेगावाट क्षमताका १३४ आयोजनाले विद्युत् खरिद सम्झौता (पिपिए) गरेर वित्तीय व्यवस्थापनको चरणमा प्रवेश गरेका छन्। विद्युत् विकास विभागका अनुसार २५ हजार ७४३ मेगावाट क्षमताका ३८० आयोजना विकासका विभिन्न चरणमा छन्। तीमध्ये १६ हजार ११४ मेगावाट क्षमताका २६१ आयोजनाले पिपिएका लागि आवेदन दिएका छन्।

सरकारले एकद्वार प्रणाली लागु गरी कानुनी प्रक्रिया सरल बनाए जलविद्युत् उत्पादनमा ठूलो फड्को मार्न सकिने इप्पानका अध्यक्ष इप्पानका अध्यक्ष मोहनकुमार डाँगी बताउँछन्।

इप्पानले सात वर्षदेखि सीमित रूपमा मात्र पिपिए खुल्दा करिब १६ हजार मेगावाट क्षमताका आयोजना निर्णयको प्रतीक्षामा रहेको जनाएको छ। साथै सहुलियतपूर्ण ब्याजदर, पुनर्कर्जा सुविधा, दीर्घकालीन स्थिर वित्तीय नीति, कर छुटको अवधि विस्तार तथा भ्याट फिर्ता प्रक्रियालाई सहज बनाउनुपर्ने माग छ।

सरकारले आगामी वर्षहरूमा राहुघाट, तनहुँ जलाशययुक्त, माथिल्लो मोदी, माथिल्लो त्रिशूली-३ बी, बुढीगंगा, माथिल्लो अरुण, उत्तरगंगा, चैनपुर सेती, तामाकोसी-५, नलगाड, अरुण-४, नौमुरे, बेतन कर्णाली र बुढीगण्डकीलगायत ठूला आयोजनाको निर्माण तथा वित्तीय व्यवस्थापनलाई तीव्रता दिने योजना बनाएको छ। साथै अरुण-३, तल्लो अरुणलगायत करिब तीन हजार मेगावाट क्षमताका आयोजनाको विकासमा सहजीकरण गर्ने जनाएको छ।

ऊर्जा क्षेत्रको संरचनागत सुधारअन्तर्गत नेपाल विद्युत् प्राधिकरणलाई उत्पादन, प्रसारण-व्यापार र वितरण गरी तीन छुट्टाछुट्टै कम्पनीमा बनाउने तयारी छ। पिपिए भएर पनि निर्माण सुरु नगरेका आयोजनाको अनुमतिपत्र खारेज गर्ने, नयाँ आयोजनासँग 'टेक अर पे' मोडलमा पिपिए गर्ने तथा १० मेगावाटभन्दा कम क्षमताका आयोजनाको पिपिए तत्काल गर्ने नीति सरकारले अघि सारेको छ।

प्रसारण पूर्वाधार विस्तारलाई सरकारले उच्च प्राथमिकतामा राखेको जनाएको छ। आगामी आर्थिक वर्षका लागि ७० अर्ब रुपैयाँ विनियोजन गर्दै हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभी प्रसारण लाइन सम्पन्न गर्ने तथा खिम्ती-बाह्रबिसे-काठमाडौं, हेटौंडा- रातमाटे- लप्सीफेदी- न्यु दमौली-न्यु बुटवललगायतका प्रसारण लाइन निर्माणलाई तीव्रता दिने योजना छ। भारत र चीनसँग जोडिने अन्तरदेशीय प्रसारण लाइन निर्माणलाई पनि प्राथमिकता दिएको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले अब उत्पादन मात्रै नभई विद्युत्को आन्तरिक खपत वृद्धि र निर्यात विस्तारलाई प्राथमिकता दिइने बताउँदै आएका छन्। ऊर्जा खपत नीति तथा निर्यात रणनीति कार्यान्वयन गर्दै बचत हुने विद्युत्लाई अन्तरदेशीय प्रसारण लाइनमार्फत क्षेत्रीय बजारमा बिक्री गर्ने सरकारको स्पष्ट योजना रहेको छ।

ऊर्जा क्षेत्रका विज्ञहरूका अनुसार नेपालको जलविद्युत् विकासको सम्भावना विशाल भए पनि त्यसलाई उपलब्धिमा रूपान्तरण गर्न स्थिर नीति, कानुनी सुधार, लगानीमैत्री वातावरण र समयमै प्रसारण पूर्वाधार निर्माण अपरिहार्य छ। सरकार र निजी क्षेत्रबीच प्रभावकारी सहकार्य हुन सके आगामी दशकभित्र विद्युत् उत्पादन, घरेलु खपत तथा निर्यातमा नेपालले ऐतिहासिक फड्को मार्ने विश्वास गरिएको छ।

## अन्नपूर्ण क्षेत्रको पदयात्रा

# युरोपेली र अमेरिकी घट्दै भारतीय र बाङ्लादेशी बढ्दै

सन्तोष पोखरेल
पोखरा, साउन १७

अन्नपूर्ण क्षेत्रको पदयात्रामा कुनैबेला युरोपियन र अमेरिकी पाहुनाको बाहुल्य रहन्थ्यो । लामो समय लगाएर अमेरिकी र युरोपियन पदयात्रीले पदयात्रा पूरा गर्दथे। पर्याप्त समय लिएर पदयात्रामा जाने ती पर्यटकको संख्या पछिल्लो समय कमजोर हुँदै गएको छ। पदमार्गमा मोटरबाटो विस्तार भएसँगै युरोपियन र अमेरिकी पाहुनाको आकार खस्केको व्यवसायीले बताउँदै आएका छन्।

युरोपियन र अमेरिकी पाहुनाको आकार कमजोर हुँदै गर्दा अन्नपूर्ण क्षेत्रले पछिल्लो समय भारतीय र बाङ्लादेशी पाहुनालाई भने आकर्षण गर्न सकेको छ। व्यवसायीले अन्नपूर्ण क्षेत्रको पदयात्राका लागि भारतीय र बाङ्लादेशी नयाँ पाहुना भएको बताउन थालेका छन्।

भारतीय धार्मिक पर्यटक पर्याप्त मात्रामा वर्षौं अघिदेखि आएर मुस्ताङको मुक्तिनाथ दर्शन गरेर फर्किने गरे पनि पदयात्राकै लागि भनेर आउने भारतीय पर्यटक भने पछिल्लो केही वर्षदेखि मात्र बढ्न थालेको व्यवसायीको भनाइ छ। धार्मिक पर्यटक पदयात्रामा जाँदैनन्। उनीहरू मुक्तिनाथ पुगेर मन्दिर दर्शन गरेर फर्किन्छन्।

युवापुस्ताका भारतीय पर्यटक भने अहिले मनाङ र मुस्ताङका पदमार्गमा रमाउन थालेका छन्। त्यसैगरी बाङ्लादेशी युवा पुस्ताका पाहुना पनि पछिल्लो समय पदमार्गले पाउन थालेका छन्। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)को तथ्यांकले पनि पछिल्लो समय अन्नपूर्ण क्षेत्रको पदयात्रामा जाने भारतीय र बाङ्लादेशी पाहुना बढेको देखाउँछ।

आयोजना प्रमुख डा. रविन कडरियाका अनुसार गत आर्थिक वर्षमा अन्नपूर्ण क्षेत्र घुमघाममा जाने विदेशी पाहुनाको सूचीमा बाङ्लादेशका पाहुनाको संख्या उल्लेख छ। अन्नपूर्ण क्षेत्रको भ्रमणमा गएका पाहुनाको संख्याको आधारमा उत्कृष्ट



तस्बिर : नागरिक

१० मुलुकमध्ये आठौं नम्बरमा बाङ्लादेशका पाहुना छन्। एकवर्ष अवधिमा बाङ्लादेशका सात हजार ४८४ जना पाहुना अन्नपूर्ण क्षेत्रमा गएका थिए।

अन्नपूर्ण क्षेत्रमा वर्षभरिमा जाने विदेशीमध्ये सबैभन्दा बढी भारतीय भए पनि पदयात्राकै लागि गएको संख्या भने यकिन नहुने उनले बताए।। आर्थिक वर्ष २०८२/८३ मा भारतका मात्र तीन लाख ७५ हजार ७९७ जना अन्नपूर्ण क्षेत्र गएका छन्। तीमध्ये पदयात्राकै लागि भनेर कति गए भन्ने भिन्दै तथ्यांक छैन। कडरियाको अनुमानमा अन्नपूर्ण आधारशिविर (एबिसी) मात्र योवर्ष २५ हजार हाराहारी भारतीय पाहुना पुगेका छन्।

एक्याप प्रमुख कडरियाले भने, 'आधारशिविरसम्म उक्लने भारतीयको संख्या अघिल्ला वर्षसम्म कम थियो तर यस पटक अधिक नै भएको छ। यसले पनि आगमनलाई उकासेको हो। तीबाहेक बाङ्लादेशी पाहुनाको आकार पनि पछिल्लो समय थपिँदै गएको छ। 'पहिलापहिला पदयात्राका लागि भनेर भारतीय आउँदैनथे। बाङ्लादेशी पाहुना त देख्नै मुस्किल थियो तर अहिले पदयात्रा क्षेत्रमा पनि भारतीय र बाङ्लादेशी पाहुनाको भीडभाड छ', उनले भने।

पदयात्रा व्यवसायी सोम थापा पनि पदयात्रा क्षेत्रले भारतीय र बाङ्लादेशी पाहुनालाई पाउन थालेको बताउँछन्।

> युवापुस्ताका भारतीय पर्यटक भने अहिले मनाङ र मुस्ताङका पदमार्गमा रमाउन थालेका छन्। त्यसैगरी बाङ्लादेशी युवा पुस्ताका पाहुना पनि पछिल्लो समय पदमार्गले पाउन थालेका छन्।

'भारतीय पर्यटक धार्मिक उद्देश्यले मात्र मुस्ताङ पुग्ने गर्दथे। पाको उमेरका ती पाहुनाको उद्देश्य मुक्तिनाथ दर्शन गर्नु थियो। उनीहरू पदयात्रामा जान सक्दैनथे। पदयात्रामा जाने एकाध मात्र हुन्थे', उनले भने, 'तर अहिले पदयात्रामा भारतीयको भिड बढ्न थालेको छ। बाङ्लादेशी पाहुना पनि थपिएका छन्।'

व्यवसायीका अनुसार बाङ्लादेशी पाहुना नेपालकै पर्यटन क्षेत्रका लागि नयाँ छन्। कोरोना भाइरस संक्रमणपछि बल्ल बाङ्लादेशी पाहुना नेपाल भित्रिन थालेका थिए। अहिले त बाङ्लादेशी पाहुना पनि पदयात्रामा जान थालेको उनले बताए। 'अहिले पदयात्रामा बाङ्लादेशका पाहुनाको आकर्षण छ। उनीहरू युवा पाहुना छन्। बाङ्लादेशमा हिमालको अनुभव लिन नपाउने भएपछि नेपालतर्फ उनीहरूको आकर्षण बढेको हो', उनले भने।

थापाका अनुसार केहीवर्ष अघिसम्म अन्नपूर्ण क्षेत्रको पदमार्गमा युरोपियन र अमेरिकीको भिडभाड हुन्थ्यो। भारतीय र बाङ्लादेशी पाहुना देख्न पनि पाइँदैनथ्यो तर पदमार्गमा सडक विस्तार भएसँगै युरोपियन र अमेरिकी पाहुना घट्दै गए। त्यो ठाउँ अहिले बाङ्लादेश र भारतका पाहुनाले लिन थालेका छन्। समग्रमा दक्षिण एसियाली मुलुकका पाहुनाको आकर्षण बढेको उनले बताए।

'भारतीय पाहुना धार्मिक दृष्टिले मात्र नेपाल आउँथे तर अहिले भारतीय युवाको चासो साहसिक गतिविधिमा बढेको छ। त्यही भिडमा बाङ्लादेशी पनि थपिएका छन्', उनले भने, 'भारतीय र बाङ्लादेशी पाहुना छोटो समयको पदयात्रामा जान्छन्। लामो अवधिको यो रुट अहिले मोटरबाटोले गर्दा खुम्चिएको छ।'

कतिपय पाहुना त हिमाली भेगको पुछारसम्मै आफ्नै गाडीमा जान्छन् र पदयात्रा सकेर फर्किने गरेको उनले बताए। 'छोटो समयमै हिमालको अनुभव गर्न पाउने भएकाले सहज भएको हो। कम समयमा पदयात्रा पूरा हुने भएकाले पनि उनीहरू आकर्षित पनि भएका हुन्। पहिले लामो अवधिको पदयात्राका लागि उनीहरू तयार थिएनन्। अहिले अवधि कम भएपछि सहज भएको हो', उनले भने। बाङ्लादेशी नागरिकले हिमाली शृंखलाको अनुभव स्वदेशमा गर्न नपाउने भएकाले पनि त्यहाँका युवाहरू पैसा बचाएर घुम्न निस्कन थालेको उनको भनाइ छ। 'पाहुनाको सोचाइ पनि बदलिएको छ। घुम्नुपर्छ भन्ने सोचाइ फेरिएको छ', उनले भने।

पदयात्रा व्यवसायीको छाता संस्था (ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकी अध्यक्ष कृष्ण आचार्य पनि पदयात्रा क्षेत्रका लागि भारतीय र बाङ्लादेशी पाहुनाको आकर्षणले लोभलाग्दो रहेको बताउँछन्। 'भारतीय बुढापाकाका पाहुना धार्मिक क्षेत्रमा जान्छन् तर युवापुस्ता पदयात्रामा जान्छन्। अझ मोटरसाइकमै चढेर मनाङ र मुस्ताङ उक्लिने गरेका छन्', उनले भने, 'भारतीयको त्यही भीडमा बाङ्लादेशी पनि थपिएका छन्।'

पर्यटन बोर्ड गण्डकीका वरिष्ठ निर्देशक मणिराज लामिछाने पनि भारतीय र बाङ्लादेशका युवापुस्ताका पर्यटकको ध्यान अहिले पदयात्रामा बढेको बताउँछन्। 'भारतमा पदयात्राको अनुभव लिनै पाउँदैनन्, बाङ्लादेशको अवस्था पनि उस्तै छ। पछिल्लो समय अन्नपूर्ण क्षेत्रको पदयात्राबारे सामाजिक सञ्जालमा पनि प्रचार भएको छ', लामिछानेले भने, 'हिउँसँगको अनुभव बटुल्नका लागि अहिले युवापुस्ताका पाहुना हिमाली क्षेत्रका उक्लिएका छन्।' भारतीय र बाङ्लादेशीका लागि हिमाल हेर्ने र नजिक पुगेर अनुभव लिने ठाउँ भनेकै नेपाल बनेकाले पनि यो आकर्षण बढेको उनले बताए।

'उमेरले ५० वर्ष माथिका भारतीय पाहुना मुक्तिनाथ जान्छन्। त्योभन्दा तलको उमेरका पाहुनामध्ये अधिकांश अन्नपूर्ण क्षेत्र जान थालेका छन्। समय कम हुने पाहुना घान्द्रुक जान्छन्। अलि लामो समय बस्ने पाहुना अन्नपूर्ण आधारशिविर (एबिसी)सम्मै उक्लिन्छन्', उनले भने, 'पदयात्रा क्षेत्रका व्यवसायीले भारतीय र बाङ्लादेशी पाहुनाबाट लाभ लिन पाएका छन्।' कोभिडपछि पदयात्रामा भारतीय र बाङ्लादेशीका आगमन बढेको उनले बताए।

# वायुसेवा निगमको यात्रु र आम्दानी वृद्धि

काठमाडौं, साउन १७ (नागरिक)- नेपाल वायुसेवा निगमको सञ्चालक समितिमा नयाँ पदाधिकारी नियुक्त भएसँगै सुधारको शृंखला सुरु भएको छ। निगमको सुशासन, व्यावसायिकता र सेवा प्रवाहमा सुधार हुन थालेको विभिन्न तथ्यहरूले देखाएका छन्।

निगममा खुला प्रतिस्पर्धाबाट पाँच जना र मन्त्रालयगत प्रतिनिधि दुई जना गरी सात जनाको सञ्चालक समिति गत जेठ ५ गते गठन गरिएको थियो। उनीहरू मध्येबाट हवाई सेवा क्षेत्रका विषयविज्ञ र अनुभवी महेश्वरभक्त श्रेष्ठलाई मन्त्रिपरिषद्को बैठकबाट गत असार ३० गते महाप्रबन्धकको समेत भूमिका निर्वाह गर्ने गरी कार्यकारी अध्यक्षको जिम्मेवारी दिइएको थियो।

नेपालको हवाई सेवा क्षेत्रमा अनुभवी, विषयविज्ञ तथा सफल व्यक्तित्वका रूपमा चिनिने अध्यक्ष श्रेष्ठ २०४९ सालमा निगमकै निर्देशक पदबाट सेवानिवृत्त भएका थिए। उनले निगमको बजार विभाग, संस्थागत विभाग र व्यवसाय प्रवर्धन विभागको निर्देशकका रूपमा जिम्मेवारी निर्वाह गरेका थिए।

श्रेष्ठ बेलायतको वेस्टमिन्स्टर विश्वविद्यालय, लन्डनबाट हवाई यातायात विषयमा उच्च अध्ययन गरी स्वदेश फर्कने पहिलो नेपाली हुन्। उनले क्यानडामा पनि हवाई सेवा सम्बन्धी अध्ययन गरेका छन्। साथै अमेरिका र भारतका प्रतिष्ठित शैक्षिक संस्थाहरूबाट हवाई सेवा व्यवस्थापन, योजना निर्माण तथा बजार प्रवर्धनलगायत विषयमा विशेष अध्ययन तथा तालिम प्राप्त गरेका छन्।

नवनियुक्त कार्यकारी अध्यक्ष श्रेष्ठले तीन वर्षभित्रमा निगमलाई ऋणमुक्त बनाउने लक्ष्य लिएको बताएका छन्। लक्ष्य हासिल गर्न उनले पदवहाली गरेकै दिनदेखि सक्रियता देखाएका छन् । उनले अध्यक्षको जिम्मेवारी सम्हालेको १५ दिनमा तीन पटक सञ्चालक समितिकै बैठक बसेको छ भने अन्य कार्यसम्पादनका निर्णायक बैठकहरू पनि दर्जनौं पटक बसेका छन्। ती बैठक निगमको सुधारका लागि स्पष्ट मार्गचित्र, योजना र रणनीति तय गर्न उपलब्धिमूलक भएको उनको भनाइ छ।

निगमले अघिल्लो वर्षको असार महिनाको तुलनामा यस वर्षको असारमा आम्दानी मात्रै झन्डै ३२ प्रतिशतले वृद्धि गरेको छ। अघिल्लो वर्षको असार महिनामा एक अर्ब ५७ लाख आम्दानी भएकोमा यस वर्षको असारमा करिब एक अर्ब ३३ करोड ५२ लाख आम्दानी भएको छ। निगमका अनुसार सञ्चालन भएका विमानको कुल सिट उपयोगिता प्रतिशत पनि अघिल्लो वर्षको भन्दा यस वर्ष बढी देखिएको छ। अघिल्लो वर्ष झन्डै ७५ प्रतिशत सिट बिक्री भएका थिए भने यस वर्ष कुल ८५.४ प्रतिशत सिट उपयोग भएको देखिएको हो।

गत आर्थिक वर्षभरिमा निगमको उडान २९४ ओटा भएको र त्यसबाट ४९ हजार ४६० जनाले सेवा पाएको निगमकी प्रवक्ता तथा कर्पोरेट विभागकी निर्देशक अर्चना खड्काले जानकारी दिएकी छन्।

निगमले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा सुरु हुने फ्लाई दुबइको नियमित उडान सेवाका लागि स्थलगत सेवा पुर्‍याउन आवश्यक तयारी पनि अहिले नै पूरा गरेको छ।

निगमका स्रोत साधन र जनशक्तिलाई अत्यधिक परिचालन गर्दै आम्दानी बढाउने तथा खर्च घटाउने योजना पनि कार्यान्वयन गर्न थालिएको अध्यक्ष श्रेष्ठले बताए।

उनले भने, 'निगमको सेवा युरोपसम्म विस्तार गर्दै संस्थालाई चुस्त, मितव्ययी, पारदर्शी र व्यावसायिक बनाउने मेरो लक्ष्य छ। अहिलेको ऋण चुक्ता गरी आफ्नै आम्दानीबाट सञ्चालन हुन सक्ने आत्मनिर्भर संस्था बनाउने योजनामा म पूर्ण रूपमा समर्पित छु। उनले जिम्मेवारी चुनौतीपूर्ण भए पनि आफ्नो अनुभव, विज्ञता र अन्तर्राष्ट्रिय सम्बन्धको उपयोग गर्दै निगमलाई आत्मनिर्भर, प्रतिस्पर्धी र विश्वसनीय राष्ट्रिय ध्वजावाहकका रूपमा स्थापित गर्ने दृढ अठोट व्यक्त गरेका छन्।

## ग्लोबल आइएमई बैंक लिमिटेडको
## गैर बैंकिङ्ग सम्पत्ति बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरेको सूचना

**प्रकाशित मिति : २०८३/०४/१८ गतेको नागरिक राष्ट्रिय दैनिक**

यस ग्लोबल आइएमई बैंकको स्वामित्वमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गाहरु) जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न ईच्छुक व्यक्ति तथा संस्थाहरुले यस बैंकबाट उपलब्ध गराईने बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधिनमा रही आफूले कबुल गरेको रकमको कम्तीमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत जम्मा गरेको बैंक भौचर गोप्य शिलबन्दी पत्र साथमा संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा यस बैंकको प्रधान कार्यालय, नक्साल, काठमाडौं स्थित कर्जा असुली विभाग वा बैंकको शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश गर्नुहुन यसै सूचनाद्वारा आव्हान गरिन्छ । यस बैंक समक्ष प्राप्त हुन आएका बोलपत्रहरु तपसिलमा उल्लिखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधिलाई यसै सूचनाद्वारा सूचित गरिएको छ। सो तोकिएको दिन बिदा परेमा त्यस पछिको लगतै बैंक खुलेको दिन साविक समय र सोही स्थानमा बोलपत्र खोलिनेछ। प्राप्त हुन आएका बोलपत्रहरु कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने वा नेगोसियशन गर्ने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ। बोलपत्र फारम तोकिएको दस्तुर तिरी यस बैंकबाट खरिद गर्न सकिने छ। साथै बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ। उपरोक्त विषयमा थप बुझ्न चाहने महानुभावहरुले कार्यालय समयभित्र सम्पर्क गर्नु होला।

**तपसिल**

| ट्राफिक चोक, बुटवल शाखा, रुपन्देही | |
|---|---|
| सम्पतिको विवरण (घर/जग्गाको विवरण) | थप विवरणका लागी |
| मालपोत कार्यालय बुटवल, रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको | |
| १. रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ९ स्थित कि.नं. १३३ को क्षेत्रफल २१२.६० व. मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।<br>२. रुपन्देही जिल्ला, आनन्दवन गा.वि.स/न.पा. वडा नं. ६ ख स्थित कि.नं. १४४२ को क्षेत्रफल ०-१-७.५-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |
| घोराही शाखा, दाङ्ग | |
| सम्पतिको विवरण (घर/जग्गाको विवरण) | |
| मालपोत कार्यालय नेपालगंञ्ज, बाँकेमा दर्ता श्रेस्ता कायम रहेको | |
| १. बाँके जिल्ला, नेपालगञ्ज न.पा. वडा नं. १३ स्थित कि.नं. ९७ र ९९ को क्षेत्रफल क्रमशः १७६.०० र १७९.५३ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।<br>२. बाँके जिल्ला, नेपालगञ्ज न.पा. वडा नं. १३ स्थित कि.नं. ७२ को क्षेत्रफल ३३८.६३ व.मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समयः २०८३ भाद्र ०१ गते सोमबार (कार्यालय समय भित्र)**
**बोलपत्र खोलिने मिति र समय : २०८३ भाद्र ०२ गते मंगलबार दिनको ३ बजे**
**बोलपत्र खोलिने स्थानः ग्लोबल आइएमई बैंक लिमिटेडको सम्बन्धित शाखा कार्यालयमा**

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालयः कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्टः ०१-५९७०६००

## शाखा कार्यालय समायोजन भएको सूचना

यस बैंकका तपसिलका शाखा कार्यालयहरु आज मिति २०८३/०४/१८ गतेदेखि एक आपसमा समायोजन भई सञ्चालनमा आएको हुनाले समायोजन पश्चात सञ्चालनमा रहेका शाखा कार्यालयबाट सम्पूर्ण बैंकिङ्ग सुविधाहरु यथावत रुपमा प्राप्त गर्न सकिने सम्पूर्ण ग्राहक महानुभावहरुलाई जानकारी गराइन्छ ।

| क्र.सं. | प्रदेश | शाखा कार्यालय रहेको जिल्ला | समायोजन भएका शाखा कार्यालय | समायोजन पश्चात सञ्चालनमा रहेका शाखा कार्यालय | अन्दाजी दुरी |
|---|---|---|---|---|---|
| १ | बागमती | चितवन | हाकिम चोक | नारायणगढ | ३.० कि.मि. |
| २ | बागमती | काठमाडौं | बालाजु | गोंगबु | १.७ कि.मि. |
| ३ | बागमती | काठमाडौं | खुसीबु | डल्लु | १.३ कि.मि. |
| ४ | बागमती | काठमाडौं | कलंकी | स्वयम्भु | २.५ कि.मि. |
| ५ | बागमती | काठमाडौं | कोटेश्वर | नयाँ बानेश्वर | १.८ कि.मि. |
| ६ | बागमती | काठमाडौं | ठमेल | दरबारमार्ग | ०.७ कि.मि. |
| ७ | गण्डकी | कास्की | लामाचौर | बगर | ३.० कि.मि. |
| ८ | मधेश | पर्सा | वीरगंज (लिंकरोड) | आदर्शनगर | १.० कि.मि. |

यस सम्बन्धी थप जानकारी प्राप्त गर्नका लागि बैंकको २४ सै घण्टा सुचारु रहने ग्राहक सेवा केन्द्र (०१-५९७०५५५) मा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
केन्द्रीय कार्यालय, लाजिम्पाट

## वर्गीकृत विज्ञापन/डिस्प्ले

### बीमालेख हराएको सूचना

यस **लाइफ इन्स्योरेन्स कर्पोरेसन (नेपाल) लिमिटेड**बाट जारी गरिएको बीमालेख नं. २३०००१४५२ को **श्री कविता दाहाल**को नाममा रहेको बीमालेख बीमितले **भक्तपुर**बाट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा यस कम्पनीको नजिकैको शाखा कार्यालयमा बुझाउनु हुन अनुरोध गरिन्छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र नभेटिएमा वा दावी नआएमा नियमानुसार प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सुचित गरिन्छ।
**सम्पर्कः** ९८४१८७०१४७

### वर्गीकृत डिस्प्ले

**कलर प्रति बक्स**
१X५ = रू.१८००/-* मात्र
१X१० = रू.४०००/-* मात्र

**श्याम/श्वेत प्रति बक्स**
१X५ = रू.१२५०/-* मात्र
१X१० = रू.२८००/-* मात्र

*मू.अ.क. बाहेक

मार्केटिङ विभागः ४२६५१०० एक्सटेन्सन ३१२
email: classified@nagariknews.com

निर्माण व्यवसायी अधिवेशन

# निर्माणका चुनौतीबारे साझा धारणा बनाउँदै

गोविन्द केसी

*वीरेन्द्रनगर, साउन १७*

कर्णाली प्रदेश निर्माण व्यवसायी महासंघको सातौं साधारण सभा तथा तेस्रो अधिवेशन वीरेन्द्रनगर, सुर्खेतमा साउन १८ र १९ गते आयोजना हुँदैछ। अधिवेशनका लागि कर्णाली प्रदेशका १० वटै जिल्लाबाट प्रतिनिधिहरू सुर्खेत पुगिसकेको महासंघले जनाएको छ। अधिवेशनले नयाँ नेतृत्व चयन गर्नुका साथै निर्माण व्यवसायीहरूले भोगिरहेका नीति, कानुनी व्यवस्था, सार्वजनिक खरिद प्रणाली र विकास निर्माणका चुनौतीबारे साझा धारणा तय गर्ने अपेक्षा गरिएको छ।

महासंघका प्रदेश अध्यक्ष यामबहादुर बिसीले निर्माण व्यवसायीहरूको हकहित संरक्षणका लागि सबै व्यवसायी एकताबद्ध हुनुपर्नेमा जोड दिएका छन्। उनले पत्रकार भेटघाटमा अधिवेशनले व्यवसायीहरूको साझा आवाजलाई बलियो बनाउने, सरकारसँग प्रभावकारी समन्वय गर्ने र सक्षम नेतृत्व चयन गर्ने लक्ष्य राखेको बताए। महासंघका महासचिव मानव बमले हालै लागु गरिएको नयाँ सार्वजनिक खरिद ऐनले सबै निर्माण व्यवसायीले प्रतिस्पर्धात्मक रूपमा काम गर्न सक्ने वातावरण बनाउने विश्वास व्यक्त गरे। उनले विकास आयोजना समयमै सम्पन्न नहुनुको सम्पूर्ण दोष व्यवसायीमाथि मात्र थोपर्न नमिल्ने बताए। उनका अनुसार निर्माण व्यवसायीहरू निर्धारित समयमै काम सम्पन्न गर्न प्रतिबद्ध भए पनि बजेट निकासा ढिलाइ, जग्गा प्राप्तिको समस्या, वन तथा वातावरणीय स्वीकृतिमा हुने ढिलासुस्ती, डिजाइन परिवर्तन, समयमै भुक्तानी नहुनु, निर्माण सामग्रीको मूल्यवृद्धि तथा विभिन्न सरकारी निकायबिच समन्वयको अभावका कारण धेरै आयोजना प्रभावित हुने गरेको बताए।

'हामी समयसीमाभित्र काम सक्न प्रतिबद्ध छौं तर सरकारी प्रक्रियागत ढिलाइ र नीतिगत कमजोरीका कारण कतिपय ठेक्काहरू समयमै सम्पन्न गर्न कठिन हुने गरेको छ।' महासचिव बमले भने, यस्ता समस्या समाधान हुनु आवश्यक छ।' निर्माण व्यवसायीहरूले पछिल्ला वर्षहरूमा सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएका संशोधनले केही सकारात्मक संकेत देखिएको बताए पनि अझै व्यवहारिक सुधार आवश्यक रहेको धारणा राख्दै आएका छन्। उनीहरूको मुख्य मागमा समयमै बजेट सुनिश्चित गर्ने, निर्माणस्थल समयमै उपलब्ध गराउने, भुक्तानी प्रणालीलाई छिटो र पारदर्शी बनाउने, लागत अनुमान यथार्थपरक बनाउने र अनावश्यक प्रशासनिक झन्झट हटाउने विषय रहेका छन्।

**नेतृत्वमा मानव बमको चर्चा**

अधिवेशनबाट नयाँ नेतृत्व चयन गरिँदै छ। अध्यक्ष पदका प्रमुख दाबेदारका रूपमा महासचिव मानव बमको नाम चर्चामा रहेको भए पनि अन्य पदाधिकारी तथा सदस्यहरूले समेत उम्मेदवारी दिन सक्ने सम्भावना रहेको महासंघ स्रोतले जनाएको छ। नयाँ नेतृत्वले व्यवसायीहरूको व्यावसायिक हकहितको संरक्षण, सार्वजनिक खरिद प्रणालीमा सुधारका लागि सरकारसँग प्रभावकारी संवाद, निर्माण क्षेत्रमा सुशासन कायम गर्ने तथा कर्णालीमा गुणस्तरीय पूर्वाधार निर्माणलाई गति दिने अपेक्षा गरिएको छ। कर्णाली प्रदेशमा विकास निर्माणका अधिकांश आयोजना दुर्गम भौगोलिक अवस्था, कमजोर पूर्वाधार, सीमित निर्माण सिजन र प्रशासनिक जटिलताका कारण चुनौतीपूर्ण रहेको निर्माण व्यवसायीहरूले बताए।

# आइएमई लाइफको 'बिजनेस एक्सिलेन्स अवार्ड नाइट-२०२६'




काठमाडौं, साउन १७ (नागरिक)- आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले आफ्ना उत्कृष्ट अभिकर्ताको सम्मान तथा व्यावसायिक क्षमता अभिवृद्धि गर्ने उद्देश्यसहित 'आइएमई लाइफ बिजनेस एक्सिलेन्स अवार्ड नाइट-२०२६' आयोजना गरेको छ। होटल याक एन्ड यतीमा सम्पन्न कार्यक्रममा ३५० भन्दा बढी अभिकर्ताको सहभागिता रहेको कम्पनीले जनाएको छ।

कम्पनीका अनुसार अभिकर्तालाई उत्प्रेरित गर्दै बिमा व्यवसायलाई थप व्यावसायिक, प्रविधिमैत्री र ग्राहककेन्द्रित बनाउने लक्ष्यका साथ यस्ता कार्यक्रम नियमित रूपमा सञ्चालन गरिँदै आएको छ। कार्यक्रममा आइएमई ग्रुपका प्रबन्ध निर्देशक हेमराज ढकाल, कम्पनीका सञ्चालक समितिका अध्यक्ष डा. रामहरि अर्याल, सञ्चालक तथा उच्च व्यवस्थापकहरूको उपस्थिति रहेको थियो।

कम्पनीका नायब प्रमुख कार्यकारी अधिकृत खिलेन्द्र पौडेलले कम्पनीको उल्लेखनीय प्रगतिमा अभिकर्ताको मेहनत र प्रविधिको प्रभावकारी प्रयोग मुख्य आधार रहेको बताउँदै आगामी दिनमा डिजिटल प्रविधिमा थप लगानी गरी अभिकर्तालाई सशक्त बनाइने जानकारी दिए। प्रबन्ध निर्देशक ढकालले पछिल्लो आठ वर्षमा कम्पनीले उल्लेखनीय वृद्धि हासिल गरेको जनाउँदै प्रविधिमा आधारित सेवा विस्तारले बिमा उद्योगको प्रतिस्पर्धात्मक क्षमता बढाएको बताए।

# प्रभु महालक्ष्मी लाइफको शाखा प्रमुख सम्मेलन




काठमाडौं, साउन १७ (नागरिक)- प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडले चालु आर्थिक वर्षको व्यवसाय विस्तार र कार्यसम्पादन सुधारलाई केन्द्रमा राख्दै चारदिने 'ब्रान्च म्यानेजर कन्फ्रेन्स' सम्पन्न गरेको छ। चितवनमा साउन १४ देखि १७ गतेसम्म आयोजित सम्मेलनमा गत आर्थिक वर्षको समीक्षा, नयाँ रणनीति तथा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारी र शाखालाई सम्मान गरिएको कम्पनीले जनाएको छ।

सम्मेलनको उद्घाटन प्रमुख कार्यकारी अधिकृत सन्तोष प्रसाईंले गरेका थिए। उनले आर्थिक वर्ष २०८२/८३ मा कम्पनीले अघिल्लो वर्षको तुलनामा सन्तोषजनक व्यावसायिक वृद्धि हासिल गरेको जनाउँदै त्यसमा कर्मचारी, अभिकर्ता तथा बिमितको योगदान महत्त्वपूर्ण रहेको बताए। उनले आगामी आर्थिक वर्षका लागि तय गरिएको व्यावसायिक रणनीति कार्यान्वयनमा सबैलाई एकताबद्ध भएर अघि बढ्न आग्रह गरे। देशभरका प्रदेश प्रमुख, शाखा प्रमुख, सेल्स एक्जुकेटिभ तथा व्यवस्थापनसहित करिब २०० जनाको सहभागिता रहेको सम्मेलनमा उत्कृष्ट प्रदेश प्रमुख, शाखा प्रमुख र सेल्स एक्जुकेटिभलाई सम्मान गरिएको थियो। कार्यक्रममा आचार्य राजाबाबु साहले 'पावर अफ माइन्डसेट फर बिजनेस ग्रोथ' विषयमा प्रशिक्षण दिएका थिए।

# डिजिटल पूर्वाधार विस्तारले शिक्षामा पहुँच सुदृढ

काठमाडौं, साउन १७ (नागरिक)- सूचना तथा सञ्चार प्रविधि (आइसिटी) को प्रयोगमार्फत ग्रामीण क्षेत्रको डिजिटल विभाजन न्यूनीकरण गर्ने उद्देश्यले बागलुङमा सञ्चालित डिजिटल शिक्षा परियोजनाले सकारात्मक तथा दीर्घकालीन प्रभाव देखाएको छ। नेपाल इन्टरनेट फाउन्डेसन (एनआइएफ) ले एपिआइएनआइसी फाउन्डेसनको सहयोगमा सञ्चालन गरेको परियोजनाको प्रभाव मूल्यांकनका लागि आएको प्रतिनिधिमण्डलले विद्यालयहरूको स्थलगत अनुगमनपछि यस्तो निष्कर्ष निकालेको हो।



काठेखोला गाउँपालिका-२ भीमापोखराका श्री जनप्रिय आधारभूत विद्यालय र श्री भीमदरबार आधारभूत विद्यालयमा सञ्चालित परियोजनाबाट हाल १०० विद्यार्थी र १९ शिक्षक प्रत्यक्ष लाभान्वित भएका छन्। परियोजनाअन्तर्गत आधुनिक कम्प्युटर, स्मार्ट सिकाइ उपकरण, उच्च गतिको इन्टरनेट तथा हाई-टेक कक्षाकोठा स्थापना गरिएका छन्।

विद्यालय परिसरबाहिर समेत वायरलेस इन्टरनेट विस्तार गरिएकाले स्थानीय समुदायले पनि डिजिटल स्रोत तथा अनलाइन सेवामा पहुँच पाएका छन्। प्रतिनिधिमण्डलले शिक्षक, विद्यार्थी, अभिभावक तथा स्थानीयसँग अन्तरक्रिया गर्दै आइसिटी पूर्वाधार प्रभावकारी रूपमा सञ्चालनमा रहेको जनाएको छ।

शिक्षकहरूले डिजिटल माध्यमले सिकाइलाई थप अन्तरक्रियात्मक र प्रभावकारी बनाएको बताएका छन् भने विद्यार्थीहरूमा प्रविधिमैत्री शिक्षाप्रति आत्मविश्वास बढेको पाइएको छ।

# महावाणिज्यदूत श्रेष्ठलाई 'आउटस्ट्यान्डिङ अवार्ड'

काठमाडौं, साउन १७ (नागरिक)- नेपालका लागि भियतनामका अवैतनिक महावाणिज्यदूत राजेशकाजी श्रेष्ठ भियतनामको परराष्ट्र मन्त्रालयद्वारा प्रदान गरिने प्रतिष्ठित 'आउटस्ट्यान्डिङ अवार्ड' बाट सम्मानित भएका छन्। नेपाल-भियतनामबिचको व्यापार, पर्यटन, सांस्कृतिक तथा कूटनीतिक सम्बन्ध सुदृढ बनाउन पुर्‍याएको योगदानको कदर गर्दै मन्त्रालयले उनलाई प्रमाणपत्रसहित उक्त सम्मान प्रदान गरेको हो।




भियतनामको वैदेशिक सेवाको प्रवर्धन, द्विपक्षीय सहकार्य विस्तार तथा नेपालस्थित भियतनामी नागरिक र व्यवसायीलाई सहजीकरण गरेको योगदानका आधारमा श्रेष्ठलाई सम्मान गरिएको जनाइएको छ। कन्सुलर सेवामा गरेको योगदानलाई कदर गर्दै प्रदान गरिएको सम्मानपत्रमा भियतनामका परराष्ट्रमन्त्री हो बिन्ह टुङ को हस्ताक्षर रहेको छ।

सम्मान ग्रहणपछि श्रेष्ठले भियतनाम सरकार, परराष्ट्र मन्त्रालय र नयाँ दिल्लीस्थित भियतनाम दूतावासप्रति आभार व्यक्त गर्दै नेपाल-भियतनाम सहकार्यलाई अझ प्रभावकारी र परिणाममुखी बनाउन निरन्तर सक्रिय रहने प्रतिबद्धता जनाए।

यस अवसरमा उनले नेपाल र भियतनामबिच प्रत्यक्ष हवाई सेवा सञ्चालनको आवश्यकता औंल्याउँदै त्यसबाट बौद्ध पर्यटन, व्यापार, लगानी तथा सांस्कृतिक सम्बन्धले नयाँ गति लिने बताए। बुद्ध जन्मस्थल नेपाल र समृद्ध बौद्ध सम्पदा भएको भियतनामबिच सिधा हवाई सम्पर्कले लुम्बिनी केन्द्रित धार्मिक पर्यटन, शैक्षिक आदान-प्रदान र व्यावसायिक साझेदारी विस्तार हुने उनको भनाइ थियो।

श्रेष्ठले सूचना प्रविधि, पर्यटन, शिक्षा, कृषि, खाद्य प्रशोधन, पूर्वाधार, नवीकरणीय ऊर्जा, खानी तथा खनिजलगायत क्षेत्रमा संयुक्त लगानी र सहकार्यको पर्याप्त सम्भावना रहेको जनाउँदै आर्थिक सम्बन्धलाई थप उचाइमा पुर्‍याउन दुवै मुलुकले निजी क्षेत्रको साझेदारीलाई पनि प्रोत्साहन गर्नुपर्ने बताए।

क.र.का.दर्ता नं. : ९६८६७/०६९०७०

# महुली लघुवित्त वित्तिय संस्था लिमिटेड
## MAHULI LAGHUBITTA BITTIYA SANSTHA LIMITED

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गको वित्तीय संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

रजिष्टर्ड कार्यालय: अग्नीसाइर कृष्णासवरण-६, महुली, सप्तरी
Email : info@mslbsl.com.np, Web : www.mslbsl.com.np

## Unaudited 4th Quarter Financial Result of F.Y 2082/83

**Condensed Statement of Financial Position**
For the Quarter ended Ashad 32, 2083

| Assets | This Quarter Ending | Immediate Previous Year Ending (Audited) |
|---|---|---|
| Cash and Cash Equivalents | 338,434,233.95 | 418,979,195.17 |
| Statutory Balances and due from Nepal Rastra Bank | 28,004,500.00 | 24,004,500.00 |
| Placement with Bank and Financial Institutions | - | - |
| Derivative Financial Instruments | - | - |
| Other Trading Assets | - | - |
| Loans and Advances to MFIs & Cooperatives | - | - |
| Loans & Advances to Customers | 6,173,982,815.31 | 5,116,991,113.98 |
| Investment Securities | 1,000,000.00 | 1,000,000.00 |
| Current Tax Assets | - | 5,864,875.27 |
| Investment property | - | - |
| Property and Equivement | 30,222,957.91 | 30,077,963.22 |
| Goodwill and Intangible Assets | 395,547.66 | 733,117.57 |
| Deferred Tax Assets | 55,530,705.96 | 54,351,401.65 |
| Other Assets | 34,753,625.84 | 38,034,179.86 |
| **Total Assets** | **6,662,324,386.62** | **5,690,036,346.72** |
| **Liabilities** | | |
| Due to Bank and financial Institutions | - | - |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Finacial Instruments | - | - |
| Deposit from Customers | 2,070,170,350.26 | 1,830,212,896.45 |
| Borrowings | 3,433,405,551.19 | 2,910,111,160.98 |
| Current Tax Liabilities | 6,174,500.85 | - |
| Provisions | 8,898,630.03 | 8,898,630.03 |
| Deffered Tax Liabilites | - | - |
| Other Liabilities | 260,544,000.64 | 242,735,200.40 |
| Debt Securities Issued | . | . |
| Subordinate Liabilities | - | - |
| **Total Liabilities** | **5,779,193,032.97** | **4,991,957,887.86** |
| **Equity** | | |
| Share Capital | 387,494,866.46 | 369,923,500.20 |
| Share Premium | | |
| Retained Earning | 165,010,850.26 | 47,712,380.35 |
| Reserves | 330,625,636.93 | 280,442,578.31 |
| **Total Equity** | **883,131,353.65** | **698,078,458.86** |
| **Total Liabilities & Equity** | **6,662,324,386.62** | **5,690,036,346.72** |

**Condensed Statement of Profit & Loss**
For the Quarter ended Ashad 32, 2083

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) |
| Interest Income | 226,713,831.36 | 842,394,564.68 | 199,760,181.15 | 709,787,753.99 |
| Interest Expense | 94,334,382.35 | 344,959,123.48 | 90,756,847.02 | 353,824,194.35 |
| **Net Interest Income** | **132,379,449.01** | **497,435,441.20** | **109,003,334.13** | **355,963,559.64** |
| Fee & Commission Income | 16,154,997.43 | 64,136,218.00 | 18,983,999.67 | 54,357,466.43 |
| Fee & Commission Expenses | 6,591,324.41 | 23,022,580.08 | 707,500.00 | 15,150,096.02 |
| **Net Fee & Commission Income** | **9,563,673.02** | **41,113,637.92** | **18,276,499.67** | **39,207,370.41** |
| **Net Interest, Fee & Commission Income** | **141,943,122.03** | **538,549,079.12** | **127,279,833.80** | **395,170,930.05** |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income | - | - | | - |
| **Total Operating Income** | **141,943,122.03** | **538,549,079.12** | **127,279,833.80** | **395,170,930.05** |
| Impairment Charge/(reversal) for loans and other Losses | (26,721,481.28) | 8,079,441.35 | (42,707,499.20) | 131,360,655.56 |
| **Net Operating Income** | **168,664,603.30** | **530,469,637.77** | **169,987,333.00** | **263,810,274.49** |
| **Operating Expenses** | | | | |
| Personnel expenses | 52,602,005.26 | 201,443,168.06 | 49,272,951.58 | 177,902,139.31 |
| Other Operating expenses | 4,027,501.72 | 37,849,684.53 | 10,320,317.78 | 43,967,678.47 |
| Depreciation & Amortization | 11,367,929.18 | 15,065,052.20 | 4,721,234.44 | 19,583,311.25 |
| **Operating Profit** | **100,667,167.14** | **276,111,732.97** | **105,672,829.20** | **22,357,145.47** |
| Non Operating Income | - | - | - | - |
| Non Operating expenses | - | - | - | - |
| **Profit before income tax** | **100,667,167.14** | **276,111,732.97** | **105,672,829.20** | **22,357,145.47** |
| Income Tax expenses | | | | |
| Current Tax | 30,200,150.14 | 82,833,519.89 | 31,701,848.76 | 38,712,939.38 |
| Deferred Tax | - | | | (33,363,758.28) |
| **Profit/(loss) for the period** | **70,467,017.00** | **193,278,213.08** | **73,970,980.44** | **17,007,964.36** |
| **Profit for the Year** | | | | |

**Condensed Consolidated Statement of Other Comprehensive Income**

| | | | | |
|---|---|---|---|---|
| Profit/ (Loss) for the period | 70,467,017.00 | 193,278,213.08 | 73,970,980.44 | 17,007,964.36 |
| Other Comprehensive income | - | - | | |
| **Total Comprehensive Income** | **70,467,017.00** | **193,278,213.08** | **73,970,980.44** | **17,007,964.36** |
| Basic earnings per share | - | 49.88 | - | 4.60 |
| Diluted earnings per share | - | 49.88 | - | 4.60 |
| **Profit for the period** | **70,467,017.00** | **193,278,213.08** | **73,970,980.44** | **17,007,964.36** |
| **Total** | **70,467,017.00** | **193,278,213.08** | **73,970,980.44** | **17,007,964.36** |

**Ratios as per NRB Directive**

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) |
| Capital fund to RWA | | 10.61% | | 9.38% |
| Non Performing loan (NPL) to total loan | | 9.80% | | 12.16% |
| Total loan loss provision to total NPL | | 60.87% | | 62.89% |
| Cost of Funds | | 6.32% | | 7.51% |
| Credit to Deposit and borrowing Ratio | | 116.42% | | 110.71% |
| Base Rate | | 11.30% | | 12.68% |
| Interest Rate Spread | | 8.32% | | 7.04% |

**Statement of Distributable Profit or Loss**
For the Quarter ended Ashad 32, 2083

| Particulars | Current Year Upto this Qtr YTD | Previous Year Corresponding Qtr YTD |
|---|---|---|
| **Net profit as per statement of profit and loss** | **193,278,213.08** | **17,007,964.36** |
| **1. Appropriations** | | |
| a. General reserve | (38,655,642.62) | (3,401,592.87) |
| b. Foreign exchange fluctuation fund | | - |
| c. Capital redemption reserve | | - |
| d. Corporate social responsibility fund | (1,932,782.13) | (170,079.64) |
| e. Employees training fund | (152,241.08) | - |
| f. Client Protection Fund | (3,865,564.26) | - |
| g. Others | | (255,119.47) |
| **Profit or (loss) before regulatory adjustment** | **148,671,983.00** | **13,181,172.38** |
| **Regulatory Adjustment:** | | |
| a. Interest receivable (-)/previous accrued interest received (+) | (19,306,241.27) | (11,415,223.80) |
| b. Short loan loss provision in accounts (-)/reversal (+) | | |
| c. Short provision for possible losses on investment (-)/reversal (+) | | |
| d. Short loan loss provision on Non Banking Assets (-)/resersal (+) | | |
| e. Deferred tax assets recognised (-)/ reversal (+) | - | (29,125,794.61) |
| f. Goodwill recognised (-)/ impairment of Goodwill (+) | | |
| g. Bargain purchase gain recognised (-)/resersal (+) | | |
| h. Acturial loss recognised (-)/reversal (+) | - | 2,751,710.50 |
| i. Other (+/-) | | **(2,718,150.00)** |
| j. Restructured and Rescheduled Reserve recognised (-)/ reversal (+) | 6,258,415.19 | 48,178,618.31 |
| **Net Profit for the 4th Quarter end, 2083 available for Distribution** | **135,624,156.92** | **20,852,332.79** |
| Opening Retained Earning | 47,712,380.35 | 26,466,702.56 |
| Adjustment(+/-) | **170,488.00** | 393,345.00 |
| **Distribution** | | |
| Bonus share issued | (17,571,366.26) | - |
| Cash dividend paid | (924,808.75) | - |
| **Total Distributable profit or (loss) as on Quarter end date** | **165,010,850.26** | **47,712,380.35** |
| **Annulised Distributable profit/loss per share** | **42.58** | **12.90** |

**Note:**
1. Figures presented above may vary with the audited figures if instructed by the regulator and / or statutory auditors.
2. The microfinance has measured preliminary ECL with some assumption which may vary upon full fledge implementation of ECL model in line with applicable standard NFRS-09 and direction of NRB. Impairment loss on Loans and Advances at the higher of amount derived as per norms prescribed by Nepal Rastra Bank for loan loss provision and the amount determined as per ECL Model.
3. The microfinace has not factored fees and points paid or received on loans and advances in the application of effective interest rate(EIR) and have been recognized directly in the Statement of Profit and Loss.
4. Loans and advances are presented net of impairment charges and includes interest accruals and staff loans.
5. Personnel Expenses includes provision for staff bonus which has been calculated in line with the provisions in Bonus Act.
6. Figures are regrouped /rearranged/restated wherever necessary for consistent presentation and comparison.
7. The detailed interim financial report has been published in the website.(https://www.mslbsl.com.np)

***Interest Rate On Loan & Advance :11.22-15% and Deposits : 7.50-13%**

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४(नियम २६ को उप नियम (१) संग सम्बन्धित)**

१. **वित्तीय विबरण**

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी बिवरण यसै साथ प्रकाशित गरिएको छ।

ख) प्रमुख वित्तीय अनुपातहरु

| प्रति शेयर आम्दानी (वार्षिकिकरण) | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ४९।८८ | २४।६६ | २२७।९१ | १७१९।३३ | १४।५२ |

२. **व्यवस्थापकीय विश्लेषण**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण:** आर्थिक वर्ष २०८२/०८३ को चौथो त्रैमाससम्म वित्तीय संस्थाले व्यवसाय विस्तारसँगै वित्तीय अनुशासन, जोखिम व्यवस्थापन तथा सस्थागत सुशासनलाई समान प्राथमिकतामा राखी सञ्चालन गरेको छ। समीक्षा अवधिमा कर्जा लगानी, निक्षेप परिचालन तथा सदस्य सेवामा निरन्तर वृद्धि भएको छ। बजारमा ब्याजदर क्रमशः स्थिर बन्दै गएको, वित्तीय प्रणालीमा तरलताको अवस्था सहज हुँदै गएको तथा आर्थिक गतिविधि विस्तार हुन थालेको प्रभाव वित्तीय संस्थाको व्यवसायमा समेत देखिएको छ। यस अवधिमा वित्तीय संस्थाले सदस्यको आवश्यकता अनुरूप कर्जा प्रवाह, नियमित असुली, बचत परिचालन तथा वित्तीय पहुँच विस्तारलाई प्राथमिकता दिएको छ। वित्तीय संस्थाको तरलता नियामकीय व्यवस्थाभित्र सन्तोषजनक रहेको छ भने नेपाल राष्ट्र बैंकबाट तोकिएको पूँजी पर्याप्तता, तरलता तथा अन्य नियामकीय सूचकहरूको पालना गरिएको छ। वित्तीय संस्थाले जोखिमयुक्त कर्जाको नियमित अनुगमन, निष्क्रिय कर्जा व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणालीको सुदृढीकरण तथा सञ्चालन खर्च नियन्त्रण मार्फत वित्तीय संस्थाको समग्र वित्तीय अवस्था थप सुदृढ बनाउन निरन्तर प्रयास गरेको छ।

ख) **आगामी अवधीको व्यबस्थापकीय योजना सम्बन्धमा व्यबस्थापनको विश्लेषणात्मक विवरण:** नेपाल राष्ट्र बैकबाट 'घ' वर्गको ईजाजतपत्रप्राप्त (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको) यस वित्तीय संस्थाले विगत १३ बर्षदेखि निरन्तर रुपमा वित्तीय पहुँच अभिबृद्धि गरी गरिबी न्युनिकरणमा योगदान गर्दै उद्यमशिलता विकास मार्फत समृद्ध समाज निर्माणमा वित्तीय पहुँच पुऱ्याउने उद्देश्यले अगाडी बढिरहेको छ। आगामी आर्थिक वर्षमा वित्तीय संस्थाले गुणस्तरीय व्यवसाय विस्तार, दिगो वित्तीय वृद्धि तथा जोखिम नियन्त्रणलाई प्रमुख रणनीतिक प्राथमिकताका रूपमा अघि बढाउने योजना लिएको छ। वित्तीय संस्थाले सेवा विस्तारका सम्भावना भएका क्षेत्रमा शाखा तथा सेवा पहुँच विस्तार गर्ने, सूचना प्रविधिमा आधारित सेवा (Digital Transformation) लाई थप प्रभावकारी बनाउने, कर्मचारी क्षमता अभिवृद्धि गर्ने, सदस्यको वित्तीय साक्षरता कार्यक्रम विस्तार गर्ने तथा उत्पादन मूलक एवं आय आर्जनमुखी कर्जामा जोड दिने नीति अवलम्बन गर्नेछ। त्यसैगरी निष्क्रिय कर्जा न्यूनीकरण, असुली व्यवस्थापन, लागत नियन्त्रण, आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण, जोखिम व्यवस्थापन तथा नियामकीय अनुपालनलाई अझ प्रभावकारी बनाइनेछ।

ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण:** वित्तीय संस्थाले वित्तीय क्षेत्रमा देखिने आर्थिक, नियामकीय तथा बजारगत परिवर्तनलाई निरन्तर अनुगमन गरिरहेको छ। बजारमा प्रतिस्पर्धा वृद्धि, सदस्यको व्यवसायिक आयमा हुने उतारचढाव, प्राकृतिक विपद्, नियामकीय नीतिमा हुने परिवर्तन, सूचना प्रविधि सम्बन्धी जोखिम तथा निष्क्रिय कर्जामा सम्भावित वृद्धि जस्ता विषयले वित्तीय संस्थाको व्यवसायमा प्रभाव पार्न सक्ने सम्भावना रहन्छ। यी जोखिम न्यूनीकरणका लागि वित्तीय संस्थाले नियमित जोखिम मूल्याङ्कन, प्रारम्भिक चेतावनी प्रणाली (Early Warning System), प्रभावकारी कर्जा अनुगमन, आन्तरिक लेखापरीक्षण, कर्मचारी क्षमता विकास तथा सूचना प्रविधि सुरक्षा व्यवस्थालाई थप सुदृढ बनाउँदै जाने नीति अवलम्बन गरेको छ।

३. **कानुनी कार्यबाही सम्बन्धी विवरण**

क) यस त्रैमासिक अवधिमा यस वित्तीय संस्थाले वा संस्था उपर कुनै किसिमको मुद्दा दायर भएको छैन।

ख) कुनै पनि संचालक उपर फौज्दारी मुद्दा चलेको छैन।

ग) कुनै पनि संचालक उपर आर्थिक मुद्दा चलेको छैन।

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण:** वित्तीय संस्थाको शेयर नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (NEPSE) मा सूचीकृत रहेको छ। समीक्षा अवधिमा दोस्रो बजारमा शेयर कारोबार बजारको माँग-आपूर्ति, लगानीकर्ताको मनोभाव तथा समग्र पूँजी बजारको अवस्था अनुसार सञ्चालन भएको छ। शेयर कारोबारसँग सम्बन्धित अधिकतम मूल्य, न्यूनतम मूल्य, अन्तिम कारोबार मूल्य, कारोबार भएका दिन तथा कारोबार संख्या सम्बन्धित तथ्याङ्क अनुसूचीमा उल्लेख गरिएको छ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| १,४११।१० | १,०८९।९० | १,२३०।०० | ६४ दिन | २,०८५ |

५. **समस्या तथा चुनौंती**

समीक्षा अवधिमा वित्तीय संस्थाले निम्न प्रमुख चुनौतीहरू अनुभव गरेको छः
- निष्क्रिय कर्जा व्यवस्थापन तथा असुलीमा थप प्रभावकारिता आवश्यक हुनु।
- बजारमा बढ्दो प्रतिस्पर्धा।
- सदस्यहरूको व्यवसायिक आयमा आएको उतारचढाव।
- दक्ष जनशक्ति व्यवस्थापन तथा कर्मचारी निरन्तरता।
- सूचना प्रविधि तथा साइबर सुरक्षा जोखिम।

६. **संस्थागत सुशासन**

वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन, बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानुन, कम्पनी ऐन, धितोपत्र सम्बन्धी कानुन तथा अन्य प्रचलित कानुनी व्यवस्थाको पूर्ण पालना गर्दै संस्थागत सुशासनलाई प्राथमिकताका साथ कार्यान्वयन गरेको छ। सञ्चालक समिति अन्तर्गत लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति शुद्धीकरण अनुगमन समिति लगायतका समितिहरू सक्रिय रूपमा सञ्चालनमा रहेका छन् भने व्यवस्थापन तहमा समेत सम्पत्ति-दायित्व व्यवस्थापन समिति (ALCO), कर्जा असुली समिति गठन गरी कार्यान्व्यनमा ल्याईएको छ। आन्तरिक नियन्त्रण प्रणाली, जोखिम व्यवस्थापन, अनुपालन तथा पारदर्शिता अभिवृद्धिका लागि वित्तीय संस्थाले आवश्यक नीतिहरू कार्यान्वयन गरिरहेको छ।

७. **सत्य तथ्य सम्बन्धी कार्यकारी प्रमुखको उद्घोषणा:**

आजको मितिसम्म यस प्रतिवेदनमा समावेश गरिएका विवरण, तथ्याङ्क तथा जानकारीहरू मेरो जानकारी र विश्वासअनुसार सत्य, सही तथा पूर्ण छन्। लगानीकर्ता तथा सरोकारवालालाई भ्रममा पार्ने कुनै महत्वपूर्ण तथ्य वा जानकारी जानाजान लुकाइएको छैन भन्ने उद्घोषणा गर्दछु।

८. **नियम २६ को उपनियम (५) संग सम्बन्धित विशेष घटना वा परिस्थिती सम्बन्धी विबरण:** छैन

# अन्तिम क्षणमा असफल भएका ट्रान्सफर

## इटालियन क्लब एसी मिलानका ब्राजिलियन स्टार काकाका लागि सिटीले १०८ मिलियन पाउन्डको प्रस्ताव राख्यो। त्यति बेला विश्व कीर्तिमान ट्रान्सफर रकमभन्दा दोब्बर बढी थियो त्यो। एक समर्थकले काका आउनेमा विश्वस्त हुँदै आफ्नो छातीमै उनको नामको ट्याटुसमेत खोपे।

लन्डन, साउन १७ (एजेन्सी)- फुटबलका समर्थकहरू ट्रान्सफर विन्डो सुरु हुनेबित्तिकै जहिल्यै उत्साहित हुन्छन् र कल्पनामा दौडिन थाल्छन्। कुनै चर्चित खेलाडी आफ्नो क्लबमा आउने चर्चा चल्यो भने त उनीहरू उपाधिकै सपना देख्ने गर्छन्। तर, फुटबलमा यस्ता अनगिन्ती ट्रान्सफर छन्, जुन अन्तिम क्षणमा असफल भए।

तीमध्ये केहीले क्लबहरूको भविष्य नै बदल्न सक्थे। साथै केही खेलाडीको करियरले ठूलो उचाइमा पुग्न सक्थ्यो। केही वर्षअगाडि नाइजेरियाली स्ट्राइकर गिफ्ट ओर्बानको कथा यस्तै एउटा उदाहरण हो। टोटेनहम हट्सपरका तत्कालीन स्टार ह्यारी केनको उत्तराधिकारी बन्न सक्ने खेलाडीका रूपमा ओर्बानलाई लिइएको थियो। सन् २०२३ मा २१ वर्षे ओर्बान युरोपेली फुटबलका सबैभन्दा चर्चित युवा स्ट्राइकरमध्ये एक थिए। नर्वेको स्टाबेकबाट २२ खेलमा १६ गोल गरेपछि उनी बेल्जियमको जेन्ट पुगे। त्यहाँ पनि उनको गोल वर्षा रोकिएन। २२ खेलमै उनले २० गोल गरे। यसपछि युरोपेली क्लबहरूको ध्यान उनमा पर्‍यो। मार्च २०२३ को चार दिनको अन्तरालमा उनले दुई खेलमा सात गोल गरे।

जुल्टे वारेगेमविरुद्ध ६-२ को जितमा चार गोल गर्दै उनी २१औं शताब्दीमा एउटै खेलमा चार गोल गर्ने गेन्टका पहिलो खेलाडी बने। त्यसको केही दिनपछि कन्फरेन्स लिगको अन्तिम १६ मा इस्तानबुल बासाकसेहिरविरुद्ध ओर्बानले तीन मिनेट २५ सेकेन्डमै ह्याट्रिक पूरा गरे। त्यो समयसम्म युइएफएका क्लब प्रतियोगिताहरूमा सबैभन्दा छिटो ह्याट्रिकको कीर्तिमान बन्यो। त्यति बेला टोटेनहमका केन जर्मन क्लब बायर्न म्युनिख जाने निश्चित भइसकेको थियो। टोटेनहम नयाँ स्ट्राइकरको खोजीमा देखिन्थ्यो। त्यसैले केनको सम्भावित उत्तराधिकारीका रूपमा उनै ओर्बानलाई हेरियो। के आर्बान ग्लोबल स्टार बन्छन् भन्ने हेडलाइन पनि बने। इङ्लिस सञ्चारमाध्यमले पनि उनलाई भविष्यको विश्वस्तरको स्टारसम्म घोषणा गर्न थाले। तर, टोटेनहममा नयाँ प्रशिक्षक भित्रिएपछि अनुमानअनुरूप भएन।

नयाँ प्रशिक्षक एन्ज पोस्टेकोग्लुको प्रशिक्षणमा टोटेनहमले दुई मिलियन पाउन्ड मूल्य तिर्न हिचकिचायो। वार्ता रोकियो र ट्रान्सफर कहिल्यै पूरा भएन। पछि ओर्बानको यात्रा भने अपेक्षाअनुसार अघि बढेन। पछिल्ला तीन वर्षमा उनले चार क्लब फेरे। जेन्ट, लियोन, होफेनहाइम हुँदै गत साता मात्रै उनी टर्कीको शीर्ष डिभिजनमा नवप्रवेशी आमेदस्पोरमा लोन सम्झौतामा पुगेका छन्। बिचमा इटालीको भेरोनाबाट सात गोल गरे पनि उनले एक समय देखिएको आशा पुनः फर्काउन सकेका छैनन्।

तर फुटबल इतिहासमा सबै असफल ट्रान्सफरको अन्त्य ओर्बानजस्तो भएको छैन। अन्यको असफल ट्रान्सफरले नयाँ उचाइ पनि छोएको छ।

**म्यानचेस्टर सिटीले गुमाएका काका**

सन् २००९ को जनवरीमा अबुधाबी समूहले खरिद गरेपछि इङ्लिस प्रिमियर लिग क्लब म्यानचेस्टर सिटीले विश्व फुटबललाई चकित पार्ने प्रस्ताव गर्‍यो। इटालियन क्लब एसी मिलानका ब्राजिलियन स्टार काकाका लागि सिटीले १०८ मिलियन पाउन्डको प्रस्ताव राख्यो। त्यति बेला विश्व कीर्तिमान ट्रान्सफर रकमभन्दा दोब्बर बढी थियो त्यो। एक समर्थकले काका आउनेमा विश्वस्त हुँदै आफ्नो छातीमै उनको नामको ट्याटुसमेत खोपे। तर सन् २००७ का बालोन डिअ'र विजेता तथा प्लेमेकर काकाले समय उपयुक्त नभएको भन्दै सिटीको उक्त प्रस्ताव अस्वीकार गरे। केही महिनापछि उनी विश्व कीर्तिमानी ५६ मिलियन पाउन्डमा रियाल मड्रिड पुगे। त्यहाँ उनले ला लिगा र कोपा डेल रे जिते। केही सफलतापछि उनी एसी मिलान फर्किए। करियरको उत्तरार्धमा उनी अमेरिकाको ओरलान्डो सिटी गए र ब्राजिलको साओ पाउलोमा पुगेर उनको करियर अन्त्य भयो।

**रिभाल्डो : बोल्टनको युरोपेली सपना**

सन् २००४ मा स्याम एलार्डाइसको प्रशिक्षणमा बोल्टन वान्डरर्स इङ्लिस प्रिमियर लिगको आश्चर्यजनक टोली बनेको थियो। एलार्डाइसले त्यति बेला ब्राजिलका विश्वकप विजेता ३२ वर्षे रिभाल्डोलाई क्लबमा ल्याउने प्रयास गरे। एसी मिलानमा अवसर गुमाइरहेका रिभाल्डोले पनि बोल्टनलाई युरोपेली प्रतियोगितामा पुर्‍याउने चुनौती लिन चाहेका थिए। तर, अन्तिम समयमा उनले निर्णय बदले र ग्रिसको ओलम्पियाकोस रोजे। बोल्टन भने त्यस सिजन लिग (२००४/०५) मा छैटौं स्थानमा रहँदै युइएफए कपका लागि छनोट भयो। लिभरपुलसँग अंक बराबरी पनि टोली युइएफ कपमा पुग्यो र अन्तिम ३२ सम्म यात्रा तय गर्‍यो। रिभाल्डो भने एइके एथेन्स, उज्बेकिस्तान, अंगोला हुँदै ब्राजिल फर्किए।

**जिदानभन्दा शेरवुड उत्कृष्ट**

फुटबल इतिहासकै सबैभन्दा चर्चित के हुन्थ्यो होला। यदि ट्रान्सफरमध्ये एक जिनेदिन जिदानको ब्ल्याकबर्न रोभर्स पुगेको भए? सन् १९९५ मा प्रिमियर लिग जितेको ब्ल्याकबर्नलाई बोर्डका सदस्यहरूले बोर्डोका युवा मिडफिल्डर जिदान र स्ट्राइकर क्रिस्टोफ डुगारी अनुबन्धित गर्न सुझाव दिएका थिए। तर क्लब मालिक ज्याक वाकरको एउटा जबाफ फुटबल इतिहासमै चर्चित बन्यो। 'हामीसँग टिम शेरवुड हुँदा जिदान किन चाहियो?' त्यसपछि जिदानले युभेन्ट्स, रियाल मड्रिड र फ्रान्सबाट विश्व फुटबलमा इतिहास नै लेखे। उनले विश्वकप, युरोपियन च्याम्पियनसिप, दुई सिरी ए, ला लिगा र च्याम्पियन्स लिग जिते। डुगारीले पनि एसी मिलान, बार्सिलोना, मार्सेइल र बोर्डोबाट खेल्दै सफल करियर बनाए। त्यति बेला टिम शेरवुडले केही महिनाअघि मात्रै ब्ल्याकबर्नसँग प्रिमियर लिगको उपाधि जितेका थिए। जिदान र क्रिस्टोफ दुवै ब्ल्याकबर्नसँग छलफल गर्न इङ्ल्यान्डसम्म पुगे। तर अन्ततः कुनै सम्झौता हुन सकेन।

**चेल्सी पुग्नै लागेर रोकिएका जेरार्ड**

सन् २००५ मा लिभरपुलले कप्तान स्टेभन जेरार्डको नेतृत्वमा च्याम्पियन्स लिगको ऐतिहासिक पुनरागमन गर्दै उपाधि जित्यो। त्यसपछि जेरार्डले ट्रान्सफरका लागि अनुरोध गरे। जोसे माउरिन्होको चेल्सी उनलाई ३२ मिलियन पाउन्डमा अनुबन्धित गर्न इच्छुक थियो। उनको सबै संकेत स्टामफोर्ड ब्रिजतर्फ देखिन्थ्यो। तर, जेरार्डले अन्तिम समयमा निर्णय बदले। उनले पारिवारिक कारण देखाउँदै लिभरपुलमै बस्ने घोषणा गरे। त्यसपछि उनले ७०० भन्दा बढी खेल खेल्दै क्लबका महान् कप्तानका रूपमा आफ्नो पहिचान स्थापित गरे। उनले सन् २००७ मा पनि क्लबलाई च्याम्पियन्स लिग फाइनलमा पुर्‍याए। तर, यसपल्ट एसी मिलानले बदला लियो। दशकौंपछि माउरिन्होले जेरार्डलाई अनुबन्धित गर्न नसक्नु आफ्नो प्रशिक्षण जीवनकै सबैभन्दा ठूलो ट्रान्सफर निराशामध्ये एक भएको स्विकारेका थिए।

**एमबाप्पेकी आमाको मन पर्ने टोली**

आज विश्व फुटबलका उत्कृष्ट स्ट्राइकरमध्ये एक किलियन एमबाप्पे सन् २०१७ मै लिभरपुल पुग्न सक्थे। त्यति बेला मोनाकोबाट उदाइरहेका एमबाप्पेसँग लिभरपुलले भित्र्याउन वार्ता गरेको थियो। प्रशिक्षक योर्गान क्लोपले एमबाप्पे र उनको परिवारका लागि निजी विमानदेखि विशेष आतिथ्यसम्मको व्यवस्था गरेका थिए। एमबाप्पेले पनि लिभरपुल आफ्नी आमाको सबैभन्दा मन पर्ने क्लब भने। अन्ततः उनले पेरिस सेन्ट जर्मेन (पिएसजी) रोजे।

त्यहाँ उनले लगातार लिग उपाधि जिते र सन् २०२४ मा रियाल मड्रिड पुगे। इङ्लिस टोली फुलह्यामको पनि असम्भव सपना इन्टोइन ग्रिजेमन बने। सन् २०१४ मा रेलिगेसनबाट जोगिन संघर्ष गरिरहेको इङ्लिस प्रिमियर लिग क्लब फुलह्यामले स्पेनिस क्लब रियाल सोसिडाडका युवा फरवार्ड ग्रिजमनका लागि १२ मिलियन पाउन्डको प्रस्तावबारे छलफल गरेको थियो। तर, अन्तिममा फुलह्यामले त्यही रकम ग्रिक स्ट्राइकर कोस्टास मित्रोग्लुमा खर्चियो। मित्रोग्लुले प्रिमियर लिगमा मात्र तीन खेल खेले र गोल गर्न पनि सकेनन्। फुलह्याम रेलिगेसनमा पर्‍यो। ग्रिजमेन भने स्पेनमै रहे। एट्लेटिको मड्रिड र बार्सिलोनाबाट उत्कृष्ट करियर बनाउँदै उनले फ्रान्सलाई सन् २०१८ को विश्वकप जिताउन महत्त्वपूर्ण भूमिका खेले।



जेरार्ड



काका


जिदान

> कुनै चर्चित खेलाडी आफ्नो क्लबमा आउने चर्चा चल्यो भने त उनीहरू उपाधिकै सपना देख्ने गर्छन्। तर, फुटबलमा यस्ता अनगिन्ती ट्रान्सफर छन्, जुन अन्तिम क्षणमा असफल भए।


गिफ्ट

# खेलकुदसम्बन्धी प्रदर्शनी आयोजना हुने




काठमाडौं, साउन १८ (नागरिक)- नेपालको खेलकुद इतिहास र सफलतालाई संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यसहित खेलकुदसम्बन्धी प्रदर्शनी आयोजना हुने भएको छ।

नेपाल ओलम्पिक संग्रहालय (एनओएम) ले आइतबार पत्रकार सम्मेलन आयोजना गर्दै 'बियोन्ड मेडल, प्रिजर्भिङ नेपाल्स स्पोर्ट्स हिस्ट्री' नाम दिइएको उक्त प्रदर्शनी तीन दिनसम्म हुने भएको छ। काठमाडौंको बबरमलस्थित नेपाल आर्ट काउन्सिलमा उक्त प्रदर्शनी हुने नेपाल ओलम्पिक संग्रहालयकी अध्यक्ष सन्सी श्रेष्ठले जानकारी दिइन्। आगामी साउन १९ देखि २१ गतेसम्म हुने प्रदर्शनीमा नेपालको इतिहास झल्काउने करिब पाँच लाख दुर्लभ तथा ऐतिहासिक तस्बिरहरू राखिने भएको छ। विभिन्न कालखण्डका पदक, ट्रफी, खेल सामग्री तथा अन्य ऐतिहासिक स्मृतिचिन्हहरू प्रदर्शन गरिने आयोजकले जनाएको छ।

नेपाल ओलम्पिक संग्रहालय (एनओएम) नेपालको एकमात्र खेलकुद संग्रहालय तथा दक्षिण एसियाकै पहिलो ओलम्पिक संग्रहालयका रूपमा परिचित छ। संस्थाको ३३औं वार्षिकोत्सवको अवसरमा उक्त प्रदर्शन गर्न लागिएको एनओएमकी अध्यक्ष सन्सी श्रेष्ठले जानकारी दिइन्। उक्त कार्यक्रमको उद्देश्य खेलकुद इतिहासको संरक्षण र अभिलेखीकरण गर्नु रहेको छ। प्रदर्शनीको उद्घाटन शिक्षा तथा खेलकुदमन्त्री सास्मित पोखरेलले गर्ने कार्यक्रम रहेको छ। पत्रकार सम्मेलनमा एनओएम संस्थापक तथा वरिष्ठ खेलकुद पत्रकार क्षितिज अरुण श्रेष्ठ र दक्षिण एसियाली खेलकुदमा तेक्वान्दोकी स्वर्ण पदक विजेता मञ्जु तुलाधारको योगदान स्मरण गरिएको थियो। प्रदर्शनीमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडी, प्रशिक्षक, खेल प्रशासक र खेलप्रेमीहरूको सहभागिता रहने आयोजकको अपेक्षा छ। विद्यार्थी, अनुसन्धानकर्ता, खेलकर्मी तथा सर्वसाधारणलाई नेपालको खेलकुद इतिहासलाई नजिकबाट बुझ्ने अवसर प्रदान गर्ने लक्ष्य पनि प्रदर्शनीले राखेको छ।

# वाङ्चु स्नुकरको क्वार्टरफाइनलमा

काठमाडौं, साउन १७ (नागरिक)- नेपाल नम्बर एक वाङ्चु तामाङ लगातार दोस्रो जितसहित प्रथम काठमाडौं खेलमण्डल (एनआरटी) नेपाल टप १६ ग्रान्ड मास्टर्स स्नुकर च्याम्पियनसिपको क्वार्टरफाइनलमा पुग्न सफल हुनुभएको छ।

काठमाडौं खेल मण्डल (एनआरटी) को आयोजनामा त्रिपुरेश्वरस्थित क्लबकै भवनमा भएको प्रतियोगितामा आइतबार वाङ्चु क्वार्टरफाइनलमा पुगेका हुन्। बेस्ट अफ सेभेनअन्तर्गत खेलमा उनले सबिन तामाङलाई ४-१ ले हराए। यसअघि उनले विनोद श्रेष्ठलाई पराजित गरेका थिए। विकास महर्जन पनि समूहचरणमा आफ्नो अन्तिम खेलमा आयुष गौतमलाई ४-२ ले हराएर क्वार्टरफाइनलमा पुगेका छन्। पहिलो खेलमा राजन गुरुङसँग हारेपछि विकासले शनिबार अमन कार्कीलाई हराएका थिए। आकाश गजमेर समूहचरणमा तीनै खेल जितेर नकआउटमा पुगेका छन्। उनले समूहचरणमा आफ्नो अन्तिम खेलमा जय महर्जनलाई ४-१ ले निराश बनाए। यस प्रतियोगितामा नेपालका शीर्ष १५ खेलाडीका साथै आयोजकका एक खेलाडीको पनि सहभागिता रहेको छ। प्रतियोगितामा १६ जनालाई चार समूहमा विभाजन गरिएको छ। प्रत्येक समूहबाट शीर्ष दुई खेलाडी क्वार्टरफाइनलमा प्रवेश गर्ने प्रावधान छ।

# 'मारेस्का सिटीका लागि पूर्ण रूपमा उपयुक्त'



गभार्डिओल


मारेस्का

लन्डन, साउन १७ (एजेन्सी)- इङ्लिस प्रिमियर लिग क्लब म्यानचेस्टर सिटीका डिफेन्डर योस्को गभार्डिओलले नयाँ मुख्य प्रशिक्षक एन्जो मारेस्का क्लबका लागि पूर्ण रूपमा उपयुक्त व्यक्ति भएको बताएका छन्।

गत सिजनको अन्त्यमा १० वर्षे सफल कार्यकालपछि क्लब छाडेका पेप ग्वार्डिओलाको स्थान इटालियन प्रशिक्षक मारेस्काले लिएका हुन्। ग्वार्डिओलाको प्रशिक्षणमा सिटीले एक दशकमा थुप्रै उपाधि जित्यो। ४६ वर्षीय मारेस्काले सिटीसँग तीन वर्षको सम्झौता गरेका छन्। उनले यसअघि लेस्टर सिटीलाई च्याम्पियनसिप उपाधि दिलाएका थिए। चेल्सीले क्लब विश्वकप जित्दा पनि उनी प्रशिक्षक हुन्। मारेस्काले शनिबार हङकङमा इन्टर मिलानसँग पेनाल्टी सुटआउटमा पराजित भएको मैत्रीपूर्ण खेलमार्फत पहिलोपटक सिटीको प्रशिक्षण सम्हाले। 'सिटीको स्तर निकै उच्च छ। उनलाई प्रशिक्षक नियुक्त गर्नुको स्पष्ट कारण छ,' गभार्डिओलले भने,'उहाँसँग गुणस्तर छ। केही नयाँ सोच पनि छन्। अब हामीले कस्तो शैलीमा फुटबल खेल्ने र कस्ता रणनीति अपनाउने भन्ने हेर्न बाँकी छ।'

साथै उनले क्लबका लागि मारेस्का सही व्यक्ति रहेको पनि प्रतिक्रिया दिए। 'क्लबका लागि उहाँ सही व्यक्ति हुनुहुन्छ। तर यसका लागि समय लाग्छ। सबै कुरा नयाँ छ। प्रशिक्षक परिवर्तन गर्नु सजिलो हुँदैन, त्यसैले हामीले धैर्य गर्नुपर्छ,' उनले भने, 'उहाँलाई सकेसम्म सहयोग गर्नु, कुरा सुन्नु र सकेसम्म छिटो नयाँ प्रणालीमा घुलमिल हुनु हाम्रो जिम्मेवारी हो।' गभार्डिओलले मारेस्कासँग पहिलो भेटमा आफ्नो चोट र ग्वार्डिओलाको प्रशिक्षणमा आफूले खेलेको भूमिकाबारे सामान्य छलफल भएको पनि बताए। गत जनवरीमा दाहिने खुट्टाको हड्डी भाँचिएपछि गभार्डिओल पाँच महिना मैदानबाहिर रहेका थिए। उनी मे महिनामा फर्किएर दुई खेल खेलेका थिए। गत सिजनभर ग्वार्डिओलाले क्लब छाड्न सक्ने चर्चा चलिरहेको थियो।

अन्ततः उनले सिजनको अन्तिम सातामा आफ्नो निर्णय सार्वजनिक गरेका थिए। 'कसैले उहाँले पहिले नै भन्नुपर्थ्यो भन्लान्, कसैले होइन पनि भन्लान्। तर मलाई लाग्छ समय ठीक थियो। यदि पहिले नै भन्नुभएको भए त्यसले खेलाडीको मानसिकतामा असर पर्न सक्थ्यो,' उनले भने,'कुनै न कुनै बेला उहाँले त्यो निर्णय सुनाउनुहुन्छ भन्ने थाहा थियो। उहाँ यहाँ १० वर्ष बस्नुभयो। अब केही विश्राम लिने र अवकाशतर्फ जाने समय आएको महसुस हामीले गरेका थियौं।' उनले सन् २०२४-२५ को सिजनमा जाने कि बस्ने भन्ने दोधारमा ग्वार्डिओला रहेको पनि उल्लेख गरे। 'दोधारमै अन्ततः त्यो सिजन बस्नुभयो। फेरि उपाधिका लागि प्रतिस्पर्धा गर्ने अवसर मिल्यो। दुई सिजनअघि हामी लगातार १३ खेल जित्न सकेका थिएनौं,' उनले भने।

**डियास नयाँ कप्तान बन्ने सम्भावना**

गभार्डिओलले विश्वकपमा क्रोएसियाका लागि चारै खेल खेलेका थिए। अन्तिम ३२ को चरणमा पोर्चुगलसँग पराजित हुँदा क्रोएसियाको अन्तिम समयमा गरेको बराबरी गोल भिडियो सहायक रेफ्री (भार) ले रद्द गरेको थियो।

त्यो खेलमा उनका क्लब सहकर्मी रुबेन डियास पोर्चुगलबाट खेलेका थिए। मिडफिल्डर रोड्रीले स्पेनलाई विश्वकप उपाधि दिलाएका थिए। बर्नार्डो सिल्भा सम्झौता सकिएपछि रियाल मड्रिडमा आबद्ध भइसकेका छन्। अनुभवी डिफेन्डर जोन स्टोन्स पनि फ्रि ट्रान्सफरका रूपमा इन्टर मिलान पुगेका छन्। त्यसैले अब सिटीको कप्तानी कसले सम्हाल्ने भन्ने चर्चा चलिरहेको छ। गभार्डिओलले गत साता नयाँ पाँच वर्षे सम्झौतामा हस्ताक्षर गर्दै इतिहाद स्टेडियममा आफ्नो बसाइ लम्ब्याएका छन्। क्लबको नेतृत्व समूहबारे सोधिएको प्रश्नमा उनले अहिल्यै भन्न गाह्रो रहेको बताए। 'रुबेन टोलीका प्रमुख नेतृत्वमध्ये एक हुन्। अहिले सम्भवतः उनी नै सबैभन्दा अगाडि रहनेछन्, सायद सबैभन्दा महत्त्वपूर्ण नेतृत्व पनि,' गभार्डिओलले भने, 'लामो समयदेखि क्लबमा रहेका केही खेलाडीहरूको साथ चाहिन्छ। त्यो जिम्मेवारी ममाथि पनि आयो भने म त्यसलाई स्वीकार गर्न तयार छु।'

# थाइल्यान्डमा नेपालीलाई चार पदक



काठमाडौं, साउन १७ (नागरिक)- नेपालका चार जना खेलाडीले थाइल्यान्डमा भएको नवौं हिरोज अन्तर्राष्ट्रिय तेक्वान्दो च्याम्पियनसिपमा चार पदक जितेका छन्।

थाइल्यान्डको पटाया सिटीमा सम्पन्न च्याम्पियनसिपमा तीन नेपाली खेलाडीले समान दुई रजत र कांस्य पदक जितेको नेपाली टोलीकी प्रशिक्षक मुना खवास मगरले जानकारी दिइन्। राकेश सापकोटा र आरोन श्रेष्ठले रजत तथा शिरीषा खनाल र केल्साङ दाहालले फरक विधामा सफलता पाएका हुन्। राकेशले १८ वर्षमाथि उमेरसमूहको स्पिड किक विधामा रजत पदक जिते। यही उमेरसमूहमा नै स्पिड किकमा शिरीषाले नेपाललाई कांस्य पदक दिलाइन्। केल्साङले क्योरोगी १२-१४ वर्ष उमेरसमूहमा सफलता पाएका हुन्। ४७ केजीमुनिमा उनले कांस्य पदक जिते। तीनै खेलाडी न्यु गोकर्णेश्वर तेक्वान्दो डोजाङका हुन्। आरोनले ९-१० वर्ष उमेरसमूहको स्पिड किक विधामा नै उत्कृष्ट प्रदर्शन गर्दै पदक जिते। उनी विद्याआर्जन सेकेन्डरी स्कुलका हुन्। यही प्रतियोगितालाई लक्षित गर्दै नियमित प्रशिक्षण गरेकाले सफलता मिलेको प्रशिक्षक मुनाले बताइन्। अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाली खेलाडीले गरेको प्रदर्शन उत्साहजनक रहेको र आगामी दिनमा अझ राम्रो नतिजा हासिल गर्ने प्रेरणा मिलेको उनको भनाइ छ।




नेपाल रिपब्लिक मिडियाद्वारा प्रकाशित तथा मुद्रित, जेडिए कम्प्लेक्स, बागदरबार, काठमाडौं, रजिस्टर्ड नं. १६३/०५४/०५५, फोन : ५३६५१००, फ्याक्स : ५३५२२६२, इमेल : nagarik@nagariknews.com, सम्पादक : बालकृष्ण अधिकारी